# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधप्रस्तावको शीर्षक औपन्यासिक तत्त्वका आधारमा "घर फर्क" उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दशौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषयपरिचय

नेपालको मेची अञ्चल अन्तर्गत पाँचथर जिल्लाको लुङरुपा गा.वि.सं. मा जन्मेका देवी 'क्षेत्री' दुलालले कर्मथलो इलाम बनाएका छन् । नेपाली साहित्यमा उपन्यासकार, नाटककार, एकाङ्कीकार, कवि र पत्रकार हुनुका साथै बहुमुखी प्रतिभाका धनी मानिन्छन् । वि.सं. २०४४ सालमा चट्याङ नाटक लेखेर नेपाली साहित्यमा कलम चलाउन सुरु गरेका दुलालले रङ्गधोजी (२०६०) 'घर फर्क' (२०७३) उपन्यास प्रकाशित गरेका छन् । मानवका विभिन्न पक्षहरुलाई राम्रोसँग केलाउन खप्पिस दुलाल नेपालको परिवेशमा घटेका घटनाहरुलाई विश्लेषण गर्न निक्कै रुचि राख्दछन् । साहित्य विधा अन्तर्गत उपन्यास विधामा रहेर "घर फर्क" उपन्यासको कृतिपरक अध्ययन यसमा गरिएको छ । यस उपन्यासमा विदेश गएर नेपाली युवायुवतीले भोग्नु परेका पीडा, दुःख, आर्थिक संकटका अवस्था, वेरोजगारी, पुरुष विदेशिए पछि महिलाहरुले भोग्नु परेको पीडा, संघर्ष, प्रेमवियोग महिलाहरूको अस्तित्व लुटिएका घटना, आफ्नै देशमा केही गर्नु पर्छ भन्ने सन्देश जीवनको यथार्थता, नारीपात्र/ चरित्रको मनोवैज्ञानिक अध्ययन आदि कुरालाई उतारेका छन् । यिनै कुराको शोधकार्य यहाँ गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्य परम्पराका धेरै विधामा कलम चलाएका नाटककार, उपन्यासकार, एकाङ्कीकार, कवि, र पत्रकारका रूपमा स्थापित भएका दुलाल नेपाली साहित्यमा

सङ्ख्यात्मक हैन गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्ने कार्यमा निरन्तर लागि रहेका छन् । उनको जीवनी, व्यत्तित्व र कृतित्वको अध्ययन यज्ञनीधि भटराईले र यथार्थवादी दृष्टिकोणबाट देवी 'क्षेत्री' दुलालका नाटक एकाङ्कीहरूको अध्ययन विश्लेषण इन्दिरा चापागाईले शोधकार्य गरी सकेतापनि उनको "घर फर्क" उपन्यासको छुट्टै अध्ययन भएको पाइँदैन् । त्यसैले उनको 'घर फर्क' उपन्यासको विस्तृत अध्ययन र विश्लेषण गर्नु यस शोधकार्यको समस्या हो । प्रस्तुत शोधकार्य निम्नलिखित समस्यासँग सम्बद्ध छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ ।

(क) देवी 'क्षेत्री' दुलालको औपन्यासिक यात्रा के कस्तो छ ?

(ख) "घर फर्क" उपन्यासमा विषयवस्तुको प्रस्तुतिकरण  कस्तो रहेको छ ?

(ग) "घर फर्क" उपन्यासमा प्रयोगीय पात्रहरूको पृष्ठभूमि के कस्तो रहेका छ ?

(घ) साहित्य जगत्मा दुलालको के कस्तो योगदान रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

मुख्यतः शोधकार्यका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु शोधकार्यको मुख्य उद्देश्य रहेकाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण र समाधान के कसरी  गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू राखिएका छन् ।

(क) देवी 'क्षेत्री' दुलालको औपन्यासिक यात्राको अध्ययन गर्नु ।

(ख) "घर फर्क" उपन्यासमा भएको विषयवस्तुको प्रस्तुतीकरणको अध्ययन गर्नु ।

(ग) "घर फर्क"उपन्यासमा प्रयोगीय पात्रहरूको पृष्ठभूमि अध्ययन गर्नु ।

(घ) साहित्य जगत्मा दुलालको योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकारदेवी 'क्षेत्री' दुलालका सम्बन्धमा भएका पूर्वकार्यमा भएका सामान्य चर्चाहरूको विवरण निम्न प्रकार छन् ।

- देवी 'क्षेत्री' दुलालको एकाङ्की र प्रवृत्ति सागर मासिक पत्रिका २०५६ बैशाख अङ्क यस लेखमा उनको एकाङ्कीको सामान्य परिचय र साधारण प्रवृत्ति उल्लेख गरिएको छ । तर सिङ्गो उपन्यासको बारेमा केही बोलिएको छैन् ।

- कपिल लामिछाने प्रगतिवादी नेपाली नाटक परम्परा र विकास सम्भावना शीर्षकमा लेख २०५१ पृष्ठ ६३ मा साहस नाटकको एक अनुच्छेदमा कमी कमजोरी देखाएर प्रगतीवादी नाटकको खेमामा साहस नाटकलाई राखिएको छ । तर यस उपन्यासको बारेमा केही बोलिएको छैन् ।
- डम्बर पहाडी फूलबारी त्रैमासिक पत्रिका २०६० पौष अङ्कमा रङ्गधोजी उपन्यास भित्रका कथा वस्तुकको मुख्यकुरा उठाएका छन्, सामान्य रूपमा लेखकको परिचय तथा बिम्ब प्रतीक तथा परिवेशका बारेमा चर्चा गरिएको छ । तर यस उपन्यासका बारेमा केही बोलिएको छैन् ।
- गुरुप्रसाद पोखरेलले अभ्यास त्रैमासिक पत्रिका २०६२ मा रङ्ग धोजी उपन्यासको कथावस्तुको भाषाशैली, परिवेश शीर्षक सार्थकताका आधारमा एकमुष्ठ छोटकरीमा व्याख्या गरेका छन् यद्यपि यस उपन्यासको भएको छैन् ।
- नवराज भट्टराईले सागर मासिक २०६२ पत्रिकामा रङ्ग धोजी उपन्यासको आलोचनात्मक लेख प्रस्तुत गरेका छन् ।
- योगनिधि भट्टराईले साहित्यकार देवी 'क्षेत्री' दुलालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण मूल्याङ्कन अप्रकाशित शोधपत्र २०६६ मा गरेतापनि यस कृतिको भएको छैन् ।
- भवानी शंकर भट्टराईले एकाङ्कीकार देवी 'क्षेत्री' दुलालको १७ वटा एकाङ्कीहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन प्रकाशित कृतिको समग्रमा छोटो विश्लेषण मात्र गरेका छन् तर उनको बैचारिक विश्लेषण कमी देखिन्छ । साथै उनको समग्र कृतिको अध्ययन भएको पाइदैन ।

देवी 'क्षेत्री' दुलालका सम्बन्धमा माथी उल्लेखित पूर्वकार्यहरू भएतापनि ती पर्याप्त छैनन् उनका प्रकाशित अप्रकाशित कृतिहरूको पूर्ण र यथेष्ट जानकारी पाइदैन । त्यसैले उनको यहाँ "घर फर्क" उपन्यासको कृतिपरक अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य महत्त्व र उपयोगिता

देवी 'क्षेत्री' दुलालका अन्य औपन्यासिक कृतिहरूको अध्ययन विश्लेषण भएतापनि "घर फर्क" उपन्यासको कसैले पनि अध्ययन विश्लेषण नगरेकाले यस शोध कार्यमा उनको कृतिपरक अध्ययन गर्नु औचित्यपूर्ण छ ।

दुलालको औपन्यासिक कृतिका अध्ययनमा केन्द्रित भइ "घर फर्क" उपन्यासको वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिने भएकाले आउने पिढीलाई उनको यस उपन्यासका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध भएको छ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनको "घर फर्क" औपन्यासिक कृतिका बारेमा जान्न इच्छुक व्यक्ति संघसंस्थाका लागि सैद्धान्तिक एवम् व्यवहारिक रूपमा तथ्य प्रस्तुत गरिने भएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली साहित्य उपन्यास लेखनको इतिहास मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले दुलाललाई उपन्यासकारका रूपमा स्थापित गर्न सहयोग पुऱ्याएको छ । साथै यस शोधपत्रले "घर फर्क" उपन्यासको चिनारी गराउन पनि सहयोग पुऱ्याउने छ । उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण, महत्त्वपूर्ण र उपयोगी हुने छ ।

### १.८ सामाग्री संकलन विधि

सामाग्री संकलन शोधकार्यमा अनिवार्य हुन्छ । प्रस्तुत शोधपत्रमा विशेष गरी सामाग्री संकलनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोतलाई "घर फर्क" उपन्यासलाई लिइएको छ । द्वितीय स्रोत अनतर्गत रहने विभिन्न विद्वानका अनुसन्धानात्मक लेख, पुस्तकालय र खास गरी प्राध्यापक एवम् गुरुसँग पनि यथोचित रूपमा अन्तवार्ता जस्ता विधि  लिएर शोधपत्र तयार गरिएको छ ।

### १.९ शोधविधि

विषय समस्या अनुसारका समाधानका विभिन्न प्रकारका शोधविधि वा शोध पद्धतिको प्रयोग गरिएको छ । प्रत्येक शोध पद्धतिको आ-आफ्नै प्रकारका उपयोगिता र सीमा हुन्छन् । एउटा समस्या विशेषको समाधानका लागि एउटै मात्र वा धेरै पद्धति प्रयोग गर्न सकिन्छ । यस सन्दर्भमा ऐतिहासिक, तुलनात्मक, वर्णनात्मक विधिको आवश्यकता अनुसार उपयोग गरिएको छ ।

### १.१० शोधकार्यको सीमाङ्कन

देवी 'क्षेत्री' दुलालको "घर फर्क" उपन्यासको कृतिपरक अध्ययनमा केन्द्रित भएको छ ।

### १.११ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिने छ । प्रस्तावित शोधपत्रको सङ्गठन यसप्रकार रहेको छ ।

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : देवी 'क्षेत्री' दुलालको परिचय र साहित्यिक यात्रा

तेस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक पक्षको अध्ययन

चौथा परिच्छेद : औपन्यासिक तत्त्वका आधारमा "घर फर्क" उपन्यासको कृतिपरक अध्ययन

पाचौँ परिच्छेद : उपसंहार एवम् निष्कर्ष

*

## दोस्रो परिच्छेद

# देवी "क्षेत्री" दुलालको परिचय र सहित्यिक यात्रा

### २.१ जन्म जन्मस्थान र वंशपरम्परा

नेपालमा दुलाल थरका मानिसहरू देशका विभिन्न भागमा छरिएर रहेका छन् । जनसङ्ख्याको वृद्धि र अन्य विभिन्न कारणले बसाइँ सर्ने क्रममा देश भरी छरिएर रहने क्रमको विकास भएको हो । अहिले लुङरुपा र मकैबारी पाँचथर जिल्लामा रहेका दुलालहरूको पूर्ख्यौली थलो भने काभ्रे हो । धेरै पुस्ता अगाडि पाँचथरको नाङ्गिनमा दुलालहरू प्रवेश गरेका र दवी 'क्षेत्री' दुलालका बाजे श्रीलाल दुलाल लुङरुपा २ मकैबारीमा बसोबास प्रारम्भ गरेका छन् । उनीहरू आत्रेय गोत्रका हुन् ।

देवी 'क्षेत्री' दुलालको जन्म वि.सं. २०२८ साल बैशाख ६ गते भएको हो । गाउँमा नागरिकता टोली आउँदा अभिभावकले नागरिकता बनाइदिएको कारणले कतै वि.सं. २०२८ र कतै २०२६ लेखेको पाइन्छ । तर उको खास जन्ममिति २०२८ साल बैशाख ३ नै हो । उनका कतिपय कृतिमा जन्ममिति २०२६ साल लेखेको पनि पाइन्छ । उनको परिवारको वास्तविक नाम देवीप्रसाद दुलाल हो । यो उनको न्वारानको नाम हो । देवी 'क्षेत्री' दुलालका पिता सनमान दुलाल र माता लीलादेवी दुलालका तेह्रौँ सन्तान हुन । उनका जम्मा बाह्र दाजुभाइ तथा दुई दिदी रहेका छन् । उनी भाइहरू मध्येका एघारौँ सन्तान हुन ( शोधनायकबाट प्राप्त जानकारीबाट) ।

### २.२ बाल्यकाल र शिक्षा दिक्षा

मानव जीवनको प्रारम्भको चरण नै बाल्यकाल हो । मानव विकासको क्रममा बालक, किशोर, युवा, प्रौढ हुदै वृद्ध अवस्थातिर लम्कन्छ, बाल्यकाल अबोधतामा बढी बित्ने भएतापनि कतिपय कुरा अविस्मरणीय पनि बन्दछन् । जुन कुराहरू बाल्यकालीन जीवनका लागि प्रेरणाको स्रोत पनि बन्ने गर्दछन् । देवी 'क्षेत्री' दुलालको बाल्यकाल समस्याग्रस्त नै रऱ्यो । उनको बाल्यकाल जन्मस्थल पाँचथर जिल्लाको लुङरुपा गा.वि.सं. वाड नं. २ मकैबारीमा नै वितेको हो समान्य गाउँले किसान परिवारमा जन्मेका दुलाललाई गाउँले परिवारले विस्तारै हुर्काउँदै लग्यो । धेरै जना सन्तान भएको परिवारिक वातावरणमा उनी हुर्केका छन् । बाल्यकालमा उनी गाउँले सहपाटीहरूसंग चरा शिकार गर्ने, गाई भैसी, भेडा,

बाखा चराउने काममा व्यस्त हुन्थ्ये । उनको बाल्य अवस्था उनलाई प्यारो लाग्छ । भनेर उनी बताउछन् । यसै आधारमा उनले “जहाँ मेरो सालनाल गाडियो” शीर्षकको बालस्मरण लेखेका छन् । जुन प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

नेपालमा कतिपय गाउँका बालवालिकाहरू हालमा पनि शिक्षादिक्षा लिनबाट बञ्चित भएका छन् । देवी ‘क्षेत्री’ दुलालका धेरै सहपाठीहरूले पनि यो अवस्था भोग्नु परेको छ । तर दुलालले चाँहि आफ्नै जन्मस्थानमा प्रारम्भिक शिक्षा लिने मौका पाए ।

देवी ‘क्षेत्री’ दुलालको अक्षर आरम्भ वि.सं. २०३५ सालदेखि श्री सिहसिद्ध देवी प्राथमिक विद्यालय लुङ्रुपा २ जरबुटेबाट भएको हो । यस विद्यालयबाट उनले कक्षा पाँच उर्त्तीण गरेपश्चात स्कुल अभावका कारण दुई वर्षसम्म औपचारिक शिक्षा लिनबाट बञ्चित भए । फेरी २ वर्षपछि श्री सिद्धदेवी प्रस्तावित मा.वि. पीपलबोटेबाट पढाइ सुरु गरी निम्नमाध्यमिक सम्मको औपचारिक शिक्षा पुरा गरेपछि माध्यमिक शिक्षाका लागि उनी वि.सं. २०४७ सालमा श्री सिहंदेवी माध्यमिक विद्यालय पिपलबोटेबाट कक्षा नौ र दश उर्त्तीण गरी फिदिम केन्द्रबाट वि.सं. २०४७ सालमा दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा उर्तीण गरेका हुन ।

वि.सं. २०२८ सालमा जन्मेका दुलाल २१ वर्षको उमेरमा प्रवेशिका परीक्षा उर्त्तीण गरेका छन् । उनको यो शिक्षा पुरा भएपछि उनले उच्च शिक्षाका लागि पाँचथर छाडेर बाहिर जानुपर्ने भयो । तसर्थ उनलाई गाउँ, ठाउँ बाल्यकाल तथा सहपाठीहरू प्यारो लाग्न थालेको अनुभव उनी बताउँछन, यस पश्चात वि.सं. २०४८ सालमा उनी उच्च शिक्षाको लागि घर छाडेर हिँडे ।

माध्यमिक शिक्षा पास गरिसकेपछि उनको उच्च शिक्षा नेपालको पुर्वी पहाडी मनोरम प्राकृतिक दृश्य भएको जिल्ला इलामबाट शुरु भयो । इलाम जिल्लाको सदरमुकाममा रहेको महेन्द्ररत्न बहुमुखी क्याम्पसमा वि.सं. २०४८ सालमा उच्च शिक्षाका लागि भर्ना भएर २०५० सालमा दोस्रो श्रेणीमा प्रवीणता प्रमाणपत्र तह उर्त्तीण गरी यस क्याम्पसको मानवीकी सङ्कायमा राजनीतिशास्त्र र अंग्रेजी मूल विषय लिएर स्नात्तक तहमा पढ्न थाले । पढाइमा लागनशील र मेहेनती भएका कारण वि.सं. २०५३ सालमा दोस्रो श्रेणीमा स्नातक तहको अध्ययन पुरा गरे ।

त्रिभुवन विश्वविद्यालयमा राजनीति शास्त्रमा स्नाताकोत्तर तह प्रथम वर्षमा वि.सं. २०५४ सालमा भर्ना भए । धेरै विद्यार्थीहरूका सामुमा उनी विस्तारै घुलमिल हुँदै गए र छोटो समयमा नै सफलता प्राप्त गरे । वि.सं. २०५७ सालमा प्रथम श्रेणीमा स्नातकोत्तर तहको अध्ययन पुरा गरेका दुलालले वि.सं. २०६७ मा नेपालको छापामा राजनितिक प्रभाव शीर्षकमा विद्यावारीधि समेत पुरा गरेका छन् । उनले यसका अतिरिक्त स्वाध्यायनबाट पनि धेरै ज्ञान हासिल गरेका छन् र गर्दै रहेका छन् (दुलाल, २०७५/०८/०३ ) ।

## २.३ पारिवारिक जीवन

पाचँथरको लुङ्रुपा २ मकैबारीमा बाल्यकाल विताएका दुलालले आमा, बुबाको प्रेरणाबाट बाहिर आएपछि आफ्नो कर्मथलो इलामलाई बनाए । बयस्क उमेरमा विवाह गरेर परिवार बसाउने मानवीय प्रवृत्ति अनुसार दुलालले वि.सं. २०५५ साल माघ ८ गते तेह्रथुम जिल्ला आठराई चुहानडाँडा गा.वि.स. वार्ड नं. २ बस्ने गंगाराम थपलियाकी छोरी र रमादेवी थपलियासँग विवाह बन्धनमा बाँधिएका हुन । यसरी गृहस्थि जीवन प्रारम्भ गरेका दुलालको हाल एक छोरा किसान र एक छोरी विधान दुलाल रहेका छन । चार जनाको सानो परिवारका साथ परिवार चलाउन विभिन्न पेशामा संलग्न रहर्दै विभिन्न ठाउँको भ्रमण गर्दै आफ्नो जीवन गुजारामा उनी निरन्तर लागि रहेका छन्। साधारण निम्न वर्गीय किसान परिवारमा जन्मेका दुलाल आफ्नो दाजुभाई बुबाआमा र किसानले यो देशमा विविध पक्षबाट तल पर्नु परेको र परिवार चलाउन गाह्रो परेको दुःखद् सम्झदै किसानका लागि यो देशमा उचित विधान बनेन भन्दै छोराको नाम किसान र छोरीको नाम विधान राखेको बताउँछन् (दुलाल, २०७५/०८/०३ ) ।

## २.४ स्वभाव र रुचि

देवी 'क्षेत्री' दुलाल मृदुभाषी स्वभावका छन । उनी असत्यको विरुद्धमा धावा बोल्न सक्ने सत्य र न्याय पक्षमा सहमतिजनाउने व्यक्ति हुन् । सबैसँग मित्रता राख्ने र साइनो अनुसार सबैलाई आदरभाव राख्ने उनको स्वभाव छ । खासै नरीसाउने नयाँ नयाँ कुरा जान्न उत्सुक रहने र साथीभाईहरूसँग छिट्टै घुलमिल हुन् सक्ने दुलाल बौद्धिक क्षमता भएको तर सामान्य मानवीय स्वभाव भएका व्यक्ति हुन् । विशेष गरी राजनितीशास्त्र, इतिहास, साहित्य, दर्शन पत्रपत्रिका, कानुन पढ्ने र नयाँ नयाँ कृतिहरू सिर्जना गर्ने प्रयास निरन्तर रूपमा गरिरहेका छन् । घरमा विभिन्न विषयका पुस्तकहरू भेला पारेर पढ्ने उनको बानी छ ।

मानवमा विभिन्न प्रकारका रुचिहरू रहेका हुन्छन् । यस्ता रुचि उब्जाउन व्यक्तिको भौगोलिक वातावरण तथा समाज आदि कारक भएका हुन्छन् । व्यक्तिको कर्मक्षेत्र र वैयक्तिक धारणका आधारमा रुचि फरक फरक हुन्छन् । सानै उमेरदेखि दुलाल सामान्य व्यक्ति भन्दा भिन्न स्वभाव र रुचि भएका व्यक्ति थिए । बाल्यकालको शिक्षा दीक्षाको क्रमदेखिनै उनको रुचि क्षेत्र अन्यको भन्दा फरक भएको पाइन्छ । सिर्जनाको पक्षमा साथै पत्रकारिता क्षेत्रमा बढी रुचि राख्दछन् । उनी एक पत्रकार व्यक्तित्व पनि हुन् र प्राध्यापक व्यक्तित्व पनि तसर्थ विभिन्न विषयको अध्ययन अनुसन्धान विश्लेषण र उचित तर्क गर्न उनी अग्रसर रहन्छन् । फुर्सदको समयमा अध्ययन गर्ने र टेलिभिजन हेर्ने तथा विशेष गरी विभिन्न साहित्यिक तथा समाचारमुलक पत्रपत्रिकाहरू बढी मात्रामा पढ्ने उनका मुख्य विषयहरू हुन् (दुलाल, २०७५/०८/०३) ।

## २.५ साहित्यकार देवी 'क्षेत्री' दुलालको साहित्ययात्रा

### २.५.१ आमुख

देवी 'क्षेत्री' दुलाल समाजमा साहित्यिक वातावरण बनाएर र त्यसलाई बचाउन तल्लीन छन् । अन्य धेरै उपाय गरेर पनि चर्चाको शिखरमा पुग्न सकिन्छ , तर देवी 'क्षेत्री' दुलाल चर्चा चाहँदैनन् बरु केही दिन चाहन्छन् । दिएर ऋण लगाउन सके पो केही मिल्छ तर मान्छे भौतिक सुविधा खोजेर सफल रहन चाहदैन । आत्मियता, धैर्यताको धावनालाई बोकेर यथार्थ र कल्पनाको पूर्ण समिश्रण गराएर अमरत्व प्राप्त गर्न चाहन्छन । त्यसका लागि केही वंशाणु गुण सामाजिक वातावरण र शिक्षा तथा बढी मात्रामा प्रत्यक्ष प्रेरण र पूर्ण अभ्यास आवश्यक पर्दछ । यदी साहित्यिक बाटो लिने हो भने यी कुराले प्रत्यक्ष रूपमा आफ्नो प्रभाव देखाइएको हुन्छन् ।

साहित्य र कलाले मानवलाई जीवन दिन्छ । त्यसैले अन्य कयौ मानवको जीवनलाई उज्यालो प्रदान गर्दछ । साहित्य र कला विश्वका मानव समुदायमा अपरिहार्य तत्त्व बनेको छ । साहित्यको मार्गतिर लाग्दा नर्क पन्छाएर स्वर्ग जाने बाटो देख्न सकिन्छ तथा त्यहाँ अर्को संसार चाहिदैन यही पृथ्वीमा रमाउन सकिन्छ । जीवनलाई गुलाव झैँ सुन्दर बनाउन सकिन्छ । साहित्यले समाजको यथार्थ चित्र बोक्ने सक्छ । तसर्थ देवी 'क्षेत्री' दुलाल पनि यसमा लामो समयदेखि समर्पित बन्दैछन । साहित्य यात्राको क्रममा प्रेरण र प्रभावको बारेमा यहाँ उल्लेख गरिन्छ ।

### २.५.२ लेखन कार्यका निम्ति प्रेरणा र प्रभाव

देवी 'क्षेत्री' दुलाल सानै उमेरको विद्यार्थी जीवनदेखि नै आफ्नो विचारलाई भाषिक मिठासका साथ प्रष्ट पार्न सक्दथे । स्पष्टता र पारदर्शीता तथा मिठासपनको बालसुलभ गुणबाट उनका साहित्यक प्रतिभाका भावका रेखाहरू कोरिएको प्रष्ट हुन्छ । आफ्ना विद्यालयका साथीभाइ गाउँ घरका आफ्ना सहपाठीहरूसँग उनको दोस्ती रहनुभो पनि यिनै गुणहरू प्रसस्त थिए । यो क्रम वयस्क उमेरमा पनि बढ्यो ।

### २.५.३ प्रथम प्रकाशित कृति

साहित्यकार देवी 'क्षेत्री' दुलालको प्रथम प्रकाशित पुस्तककार कृति वि.सं. २०५१ सालको "साहस" नाटक हो । यसको प्रथम संस्कारण बाहेक उन्य संस्करण भने निस्किन सकेको छैन ।

### २.५.४ साहित्य लेखनका विधा र पुस्तककार कृतिहरू

देवी 'क्षेत्री' दुलालको साहित्य लेखनको मुख्य विधा नाटक एकाङ्की कथा, कविता उपन्यास, समालोचना हुन् । देवी 'क्षेत्री' दुलाल पुस्तककार प्रकाशित कृति र विधा तथा प्रकाशन वर्षहरू निम्न अनुसार छन् ।

| **पुस्तकको नाम** | **विधा** | **प्रकाशन वर्ष** |
|---|---|---|
| साहस (पूर्णाङ्की) | नाटक | वि.सं. २०५१ |
| सेतो परेवा | एकाङ्की संग्रह | वि.सं. २०५५ |
| नाटक अनाटक | एकाङ्की संग्रहमा संग्रहित नाटक | वि.सं. २०६६ |
| रङधोजी | उपन्यास | वि.सं. २०६० |
| विकासको जरा इलाम | खोज | वि.सं. २०६६ |
| नेपाली छापामा राजनीतिक प्रभाव | अनुशन्धान ग्रन्थ | वि.सं. २०६७ |
| म मरेको रात र बाँचेको दिनहरू | कविता संग्रह | वि.सं. २०६९ |
| पाँचथरको इतिहास भाग-१ | खोज | वि.सं. २०६९ |
| इलामको चिया पर्यटन | खोज | वि.सं. २०७१ |
| पाथिभरा कथोपन्यास | कथोपन्यास | वि.सं. २०७२ |

| | | |
|---|---|---|
| आफ्नै क्यान्भासमा मेरो बाल्यकाल | संस्मरण | वि.सं. २०७० |
| राजनेता डा. बाबुराम भट्टराई | जीवनी व्यत्तिःत्व कृतित्व | वि.सं. २०६७ |
| 'घर फर्क' | उपन्यास | वि.सं. २०७३ |
| कथाकार विष्णु नविन र काजिमान कन्दन्वाको कथाकरिता | समालोचना | वि.सं. २०७५ |
| सुदुरपूर्वका नाटककार र नाटक | समालोचना | वि.सं. २०७५ |

### २.५.४.१ नाटक लेखन

पाश्चात्य र पूर्वीय साहित्य जगतमा आफ्नो साहित्यिक प्रभाव जमाउन सफल नाटक विधा दुलालको मनपर्ने र रुचिको साहित्यिक विधा हो । वि.सं. २०४४ सालदेखि एकाङ्की, कविता कथा रचनाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका दुलालको प्रथम प्रकाशित पुस्तककार कृति चाँहि "साहस" २०५१ नाटक हो । यो नाटक उनले आफू स्नातक तहको अध्ययनका क्रममा प्रकाशन गराएको थिए । जसले उनलाई नेपाली साहित्य जगतमा नाटककार व्यक्तित्वका रुपमा पनि परिचय दिन सफल भयो । उनको हालसम्म प्रकाशित पूणाङ्की नाटक एक मात्र भए पनि दुलालको मायाको टिका, सस्कार धरहराको आगन, एकथोपा रगत नाटकहरू अप्रकाशित रूपमा रहेका छन् (इन्दिरादेवी चापागाई २०७०, अप्रकाशित शोधपत्र) ।

### २.५.४.२ एकाङ्की लेखन

नेपाली साहित्यमा नाटक विधा अन्तर्गत साना छोटा नाटक जुन प्रायः एक अङ्कमा रचना भएका हुन्छन् । त्यसलाई एकाङ्की भन्ने गरिन्छ । देवी 'क्षेत्री' दुलालको साहित्यिक विधाको विविध आयामको खोजी गर्दा के स्पष्ट हुन्छ । भने उनको हालसम्मको उच्चतम् सर्वोच्च प्राप्ति विधा चाहि एकाङ्की नै हो । आफुलाई कवि कथाकार उपन्यासकार भन्दा नाटककार भनेर चिनाउन चाहने दुलाल प्रांय : पाठकको आँखामा एकाङ्कीकारका रूपमा परिचित छन । यसले साहित्यिक व्यक्तित्व दरिलो भई एउटा स्थान ओगट्न सकेको छ । भन्ने प्रमाण दिन्छ । संख्यात्मक र गुणात्मक दुवै रुपमा उनका एकाङ्कीहरू प्रभावकारी छन् । वि.सं. २०५५ मा प्रकाशित "सेतो परेवा" र वि.सं. २०६७ मा प्रकाशित नाटक अनाटक एकाङ्की संग्रह तथा फुट्कर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित एकाङ्कीले उनको

साहित्यिक यात्रामा एकाङ्की विधा पुष्ट्याएको देखिन्छ (इन्दिरादेवी चापागाई २०७०, अप्रकाशित शोधपत्र) ।

### २.५.४.३ कविता लेखन

देवी 'क्षेत्री' दुलालको साहित्यिक लेखनमा कविता पनि पर्दछ । सानै छँदा विद्यार्थी जीवनमा स्कूलबाट कविता लेखन प्रारम्भ गरे । वि.स २०४६ साल देखि बढी सक्रिय भएको पाइन्छ । उनको आरम्भिक रचनाहरू प्राप्त छैनन्, कवि भन्दा नाटककार हुन । मुख्य रूपमा कवि नभएर गौण रूपमा भएपनि कविता रचना गर्ने गरवेको आधारमा साहित्यिक यात्रामा व्यक्तित्वको पनि निर्माण भएको पाइन्छ । मान्छेहरूले उनलाई कविज्यु भनेको रुचाउँदैनन् ।

उनले दर्जनौ कविता रचना गरिसकेको छन् र दर्जनौ पत्रपत्रिकामा प्रकाशित पनि भइसकेका छन् । र उनका प्राप्त प्रकाशित कविताहरू अभिसाप, त्रिशुली, सपनाहरू, थाहा छ ? त्यस्तै अप्रकाशित कविताहरू मौन धारण, चाहिएन साधी मूलधारा, हो छोरा कविता लेख्दै ? टिकटिके मेरो कलम, नाटक लेख्नै सक्दैन् ,मान्छेको कविता तिमी आउनु, भाकल, खुकुरी, जस्तै मुखिया, आस्थाको रातो घर, महापशु, एउटा फोटो, मनहरू, हाम फाल्नु हुन्न, रहेका छन् (इन्दिरादेवी चापागाई २०७०, अप्रकाशित शोधपत्र) ।

### २.५.४.४ कथा लेखन

देवी 'क्षेत्री' दुलालले कथाकारिता क्षेत्रममा पनि आफ्नो कलम चलाएका छन् । वि.सं. २०५२ सालको "समता लहर" पत्रिकामा यो समाज यो शाताब्दी कथा प्रथम पटक प्रकाशित गराएर कथा विधामा उदाएका हुन दुलाले थुप्रै रचना गर्नुका साथै प्रकाशन पनि गराएको छन् । फिप्रानी बाजे, भाई पिडाको मन, कुखुराको व्यापार र रिम्बिकको यात्रा, माईखोलाको शेरोफोरो, बौलाहको कथा जस्ता कथाहरू प्रकाशित भएका छन्  भने कुमाई उसको अन्त्य छोरीसंग एकदिन जस्ता कथाहरू अप्रकाशित अवस्थामा रहेका छन् ( इन्दिरादेवी चापागाई २०७०, अप्रकाशित शोधपत्र) ।

### २.५.४.५ उपन्यास लेखन

देवी 'क्षेत्री' दुलालले उपन्यास विधामा पनि कलम चलाएका छन् । हालसम्म उनले दुई ओटा उपन्यास रङ्गधोजी २०६० र घरफर्क २०७३ प्रकाशन गराएका छन् । भने

एकरात र पत्रकार उपन्यास प्रकाशोन्मुख अवस्थामा रहेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.५.४.६ समालोचना लेखन

देवी 'क्षेत्री' दुलालको समालोचना विधामा पनि ध्यान गएको देखिन्छ । अन्य साहित्यिक विधाको तुलनामा कम चर्चामा आएको उनको विधा समालोचना मन्द गतिमा रहेको छ । उनले केही समालोचनाहरू लेखेर प्रकाशन पनि गराएका छन् (इन्दिरादेवी चापागाई २०७०, अप्रकाशित शोधपत्र) ।

क) नियात्रा विधामा नारी हस्ताक्षर सरस्वती राई

ख) इलामको साहित्यमा इतिहासको हत्या

ग) सम्झनाका तरेलीहरू चुमेपछि

घ) एम. बी थेवे चकितको गजल

ङ) मेची कोशी अञ्चलमा हवाई तथा घरेलु साहित्यिक पत्रिका जन्म विकास र वर्तमान अवस्था

च) रत्न वान्तवाका दुर्लभ सिर्जना र समालोचना यस आधारमा दुलालको कलम केही मात्रामा समालोचना तर्फ पनि दौडेको देखिन्छ ।

### २.५.४.७ साहित्यिक पत्रपत्रिका र संस्थाहरूमा संलग्नता सम्पादन तथा अनुसन्धान

नेपाली साहित्यका विविध विधामाकलम चलाउँदै आएका देवी 'क्षेत्री' दुलालको साहित्यिक यात्रामा प्रकाशन र सम्पादन पनि जोडिन आउँछ । विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा सम्पादन सहसम्पादन, सल्लाकार जस्ता जिम्मेवारीपूर्ण पदमा रहेर आफ्नो क्षमता अनुसार उत्कृष्ट कार्य गर्दै आएका दुलाल साहित्यिक समालोचना र साहित्यिक समाचार संकलनमा पनि उतिकै सक्रिय देखिन्छन् । साहित्यिक प्रचार प्रसार र भाषाको विकासमा यो कार्य उपयोगी बनेको छ । उनलाई साहित्यिक पत्रपत्रिकाहरूमा उनको संलग्नता अनुसार साहित्यिक पत्रकार पनि भनिन्छ । उनको साहित्यिक यात्रामा पत्रपत्रिका र संघसस्थाहरूमा संलग्नता र सम्पादन कार्यलाई निम्न रूपमा प्रस्तुत गरिन्छ (दुलाल, २०७५/०८/०३) ।

क)  झरना साहित्यिक पत्रिका इलाम को प्रधान सम्पादक भई काम गरेको ।

ख)  हिमाली सन्देश भित्ते साहित्यिक पत्रिका म.र.ब क्याम्पस इलाम का सम्पादन भई काम गरेका ।

ग)  श्री अन्तु हवाई साहित्यिक पत्रिका अवस्थामा द्वैमासिक साहित्यिक पत्रिका र इलाम गजल मञ्ज इलामका सल्लाहकार ।

घ)  मेची साहित्यिक प्रतिष्ठान इलामको संस्थापक सदस्य

ङ)  मनका ज्वालाहरू गजल संग्रह एम बी थेवे थकित को स्मपादन र प्रकाशन २०६१

च)  हिमाली समाज नेपाल पाँचथरको सस्थापक अध्यक्ष २०५७

छ)  नेपाली छापामा राजनीतिक प्रभाव शीर्षकमा शोधकार्य गरेका २०६७

### २.५.५ साहित्य यात्रा

देवी 'क्षेत्री' दुलालको साहित्य यात्राको प्रारम्भ वि.सं. २०४४ सालदेखि आरम्भ भएको हो । त्यो समय उनको लेखनको शुरुको अवस्था थियो वि.सं. २०४४ साल देखि लेखनकार्य आरम्भ गरेका दुलाल हालसम्म पनि सक्रिय रूपमा लागिरहेका छन् । लेखन कार्यका हिसाबले सक्रिययता देखिएतापनि प्रकाशनका हिसावले वि.सं. २०५० सालदेखि यता साहस पुणाङ्की नाटक २०५१, सेतो परेवा एकाङ्की संग्रह २०५५, रङ्गधोनी २०६०, म मरेको रात बाचेको दिन कविता संग्रह २०६९, नाटक अनाटक एकाङ्की सङ्ग्रहमा सङ्ग्रिहित नाटक २०६६, पाँचथरको इतिहास खोज वि.सं. २०६९, विकासको जरा इलाम खोज २०६६ प्रकाशन गराउन सफल भए तर वि.सं. २०४४ देखि २०५० सम्मका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा चाहि प्रकाशन भएका छन् । देवी 'क्षेत्री' दुलालको वि.सं. २०५० देखि वि.सं. २०७५ सम्मको समय अवधि भने बढी उर्वर देखिन्छ । आजसम्मको उनको साहित्यि यात्रा यो समय लेखन प्रकाशनका हिसाबले बढी महत्त्वपुर्ण छ । वि.सं. २०५१ सालमा "साहस" नाटक प्रकाशन गराए पश्चात वि.सं. २०५५ सालको अर्को कृति " सेतो परेवा" एकाङ्की संङ्ग्रह प्रकाशित गराएर एकाङ्की विधामा आफ्नो कलमलाई गतिदिन सफल भए । वि.सं. २०५९ सालमा उपन्यास लेखनतर्फ ढल्केका दुलालले वि.सं. २०६० मा रङ्गधोजी उपन्यास प्रकाशन गराउन सफल भए । त्यसपछि "नाटक अनाटक" २०६६ फागुनमा एकाङ्की संग्रहमा संग्रहित नाटक प्रकाशन गराए साथै विकासको जरा खोज २०६६

मा प्रकाशन गराएका पाइन्छ । वि.सं. २०६९ असोजमा म मरेको राता र बाचेका दिनहरु कविता सङ्ग्रह,आफ्नै क्यानभासमा मेरो वाल्यकाल वि.सं. २०७० संस्मरण, राजनेता डा.बाबुराम भट्टराई वि.सं. २०६७ जीवनी व्यक्तित्व र कृतित्व, इलामको चिया पर्यटन वि.सं. २०७१ खोज, पाथिभरा कथोपन्यास वि.सं. २०७२ कथोपन्यास, 'घर फर्क' वि.सं. २०७३ उपन्यास, कथाकार विष्णु नविन र काजिमान कन्दङ्वाको कथाकारिता वि.सं. २०७५ समालोचना प्रकाशन गराउन सफल भए (दुलाल, २०७५/०८/०३) ।

*

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक पक्षको अध्ययन

## ३.१ उपन्यासको सङ्क्षिप्त परिचय

'उपन्यास' शब्दले सङ्केत गर्न सक्ने रचना विशेषका स्वरुपहरू र तिनका लक्षणहरू देखिने रचनाहरू अठारौं शताब्दी भन्दा पहिले नै देखापरेका छन् । पूर्वीय साहित्यको इतिहास हेर्दा संस्कृत, प्राकृत र अपभ्रंश कालपछि आधुनिक भाषाहरूमा साहित्य सिर्जना हुन थाले पछि मात्र उपन्यासको आधुनिक स्वरुपको विकास हुन थालेको पाइन्छ । त्यसैले आधुनिक मान्यताका आधारमा उन्नाइसौं शताब्दीभन्दा पहिले पूर्वीय उपन्यास लेखन परम्परा शुन्य जस्तै रहेको छ । पश्चिमा पनि उपन्यास लेखनको प्रारम्भ अठारौं शताब्दीको अवधी त्यति धेरै छैन तर पूर्वपश्चिम दुवैतिर उपन्यास लेखिनु पुर्वका आख्यानबहुल रचनाहरूमा भने उपन्यासका तत्त्वहरू विकीर्ण अवस्थामा रहेको पाइन्छ ।

उप+नि+अस्+घञ् (घ) बाट उपन्यास शब्दको व्युत्पादन हुन्छ । सामान्य : उपन्यास शब्दको अर्थ 'नजिकमा राख्नु' भन्ने हुन्छ । पूर्वीय साहित्यमा 'उपपति कृतियर्थ उपन्यास प्रर्कीर्तितः भनेर कुशलपूर्ण अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भन्ने गरिएको पाइन्छ । पाश्चात्य साहित्यमा उपन्यासलाई बुझाउन प्रयोग हुने नोवेल Novel शब्दको अर्थ नोवेलस Noveallows वा नोभला Novella रहेको पाइन्छ । यसको सामान्य अर्थ समाचरलाई सङ्केत गर्ने अथवा घटनालाई समाचारको रूपमा सम्प्रेरित गर्नु भन्ने रहेको छ । जसको समान्य अर्थ घटनालाई समाचरको रूपमा सम्प्रेसण्म गर्ने भने हुन्थ्यो तर आएर उपन्यासको अर्थगत उपयोगिता अर्कै भएको छ (प्रधान, २०५२ : १५) । घटना, वस्तु, पात्र, परिवेश कुहुहलता, द्वन्द्व र प्रस्तुति विशेष समेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ । वर्तमान सन्दर्भमा गद्यात्मक आख्यानको जीवनसापेक्ष प्रस्तुतिका रूपमा उपन्यासलाई बुझ्न सकिन्छ । उपन्यास जीवनको पूर्णकदको तस्बिर हो अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्ता साझा प्रतिच्छाया हो (कट्टेल, २०६८ : २७) । अन्य विधाका तुलनामा उपन्यासको कलाकारिता कम दुर्गुणयुक्त मानिन्छ अर्थात सानोतिनो खोटले गर्दा सम्पूर्ण औपन्यासिक कलाको अस्वीकार हुँदैन ।

## ३.२ उपन्यासको व्युत्पति

नेपाली भाषामा प्रचलित 'उपन्यास' शब्द हो । संस्कृत भाषाको 'अस' धातुमा उप र नि उपसर्ग जोडी त्यसमा 'छय' (अ) पत्यय जोडिएर उपन्यास शब्दको निर्माण भएको हो । संस्कृतन भाषामा उपन्यासको अर्थ कुनै बस्तु कसैको समिपमा राख्नु भन्ने हुन्छ । संस्कृत साहित्यमा कुशलता पूर्वक कुनै विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भनी उपन्यास शब्दको प्रयोजनपरक अर्थ लागाईएको छ । जीवन जगतका यथार्थ पक्षलाई समेटेर समाजका सामु प्रस्तुत गर्नु नै उपन्यास हो ।

व्यवहारिक रूपमा हेर्ने हो भने 'जीवन जगतको साङ्गोपाङ्गो प्रस्तुति गर्नु नै उपन्यास हो भन्ने सिद्ध हुन्छ (बस्नेत, २०६३ : १) । संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थका रूपमा मात्र हेरिएको छ । तर नेपाली साहित्यमा उपन्यास विधाले आफ्नो छुटै पहिचान कायम गर्न सफल दखिन्छ । जे भएपनि उपन्यास पाश्चात्य साहित्यको चिन्तनको उपज हो । यसको विधागत सम्बन्ध अंग्रेजी साहित्य Novel सँग समीप छ ।

अंग्रेजी शब्द Novel को नेपाली रुपान्तरण Novel शब्द इटालेली भाषाको Novella बाट बनेको हो । जसको अर्थ 'अलिकति नयाँ बस्तु' भन्ने हुन्छ । त्यस्तै Novella शब्द चाँही ग्रिसेली भाषामा अर्थ दिने Novus शब्दबाट निर्माण भएको हो । केही मात्रामा यथार्थको प्रयोग गरीएको तथा रमाइला छोटा रूपमा लेखिएको गद्यरचलालाई इटालेली भाषामा Novella भनिन्थ्यो भने यसकै प्रभावबाट फ्रान्सेली भाषामा त्यस्तै प्रंकारका रचनालाई Noveuelle पनि भनियो । यी आख्यानहरू नीतिकथा र मिथक भन्दा फरक बरु समसमयिक यथार्थका साथ कुतुहलता जगाउने र आनन्द प्रदान गर्ने किसिमको थिए ।

इटालेली भाषामा प्रशस्त Novella हरू लेखिए र तिनीहरूलाई अंग्रेजी भाषामा अुनवाद गरियो । यही इटालेली Novella अंग्रेजी भाषामा आएर Novel शब्दले प्रसिद्धि पाईसके पनि अंग्रजी साहित्य Ficiton को व्यवहार उपन्यासकै लागि भइरहेको पाइन्छ । यस अर्थमा यहाँ Novel र Fiction को अन्तर सम्बन्धलाई यसरी सुत्रबद्ध गर्न सकिन्छ । सबै Novel हरू fiction हुन तर कथा ShortStory बाहेक का Fiction मात्र Novel हुन् ।

यसरी विश्व साहित्यमा डायनियल डिफोको च्यदष्लयल अचगकयभ लाई नै पहिलो उपन्यास कृति र डेनियल डिफोलाई उपन्यासका पिता भनिन्छ । त्यसैले डिफो, रिचर्डसन र फिलिडलाई आधुनिक उपन्यास जगतका मूल आधार र प्रतिष्ठापक मानिन्छ ।

पश्चिममा आधुनिक उपन्यास आरम्भ भएपछि यसलाई विकसित तुल्याउने क्रममा रिचर्डसनको 'पालेमा' इ. १७४० हेनरी फिल्डिङको 'जुसेफ' अन्ड्रान्स इ. १७४२ आदि उपन्यासबाट पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको विकास हुँदै गएको पाइन्छ। त्यसकै निरन्तरता स्वरुप पश्चिममा आजसम्म पनि नवीन प्रवृतिका साथ उपन्यास लेखन अघि बढेको छ।

## ३.३ उपन्यासको परिभाषा

'उपन्यास' शब्द नेपाली भाषाले मातृभाषा संस्कृतबाट ग्रहण गरेपनि खास गरी यो विधा पाश्चात्य साहित्यको देन हो । आधुनिक साहित्यमा यो एक नयाँ विकासका रूपमा स्थापित भएको छ । प्राचीन समयमा उपन्यासले कथा, कहानी खिस्सा टिप्पणीमूलक समाचार जे जस्ता अर्थ बहन गरेपनि आधुनिक साहित्यमा यसको छुट्टै अर्थ र महत्त्व रहेको छ । उपन्यास लचिलो विधा भएकोले हालसम्म यसको र्विसम्मत परिभाषा कसैले गर्न सकेको छैन। उपन्यासलाई पश्चिममा तथा पूर्वीय विद्धान्हरूले आ आफ्नै तवरले परिभाषा गर्न खोजेका छन् । यहाँ शब्दकोष, स्वदेशी तथा विदेशी विद्धान्हरूले गरेका केही परिभाषाबारे चर्चा गरिन्छ।

### ३.३.१ शब्दकोशहरूले दिएका परिभाषा

उपन्यासको परिभाषा गर्ने क्रममा विभिन्न किसिमका शब्दकोशले दिइएको परिभाषलाई यहाँ प्रस्तुत गरिएको छ :

**१. न्यू इन्टरेशनल डिक्सनरी**

'उपन्यास यस्तो विशाल कल्पित गद्य आख्या हो, जसमा एउटै कथानक अन्तर्गत यथार्थ जीवनको निरुपणको प्रयास गर्ने चरित्र तथा तिनीहरूको क्रियाकलापको चित्रण हुन्छ।

**२. क्याम्ब्रिज इन्साइक्लोपेडिया**

'बृहत् र बेहत्तर आख्यानात्मक रचनाको प्रस्तुति नै उपन्यास हो।

**३. हिन्दी शब्दकोश**

'उपन्यास त्यो हो, जसमा काल्पनिक तथा धेरै लामो कथ्य, धेरै पात्रहरू र तिनका जीवनका विविध पक्षको चित्रण हुन्छ।

**४. नेपाली शब्दसागर**

'उपन्यास काल्पनिक पात्रको जीवनको हरेक अङ्गमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्य कथा हो (बस्नेत, २०६३ : १४) ।

**५. उपन्यास गद्यमा रचिएको दीर्घ कलेवर भएको कथात्मक साहित्यक रूप हो**

उपयुक्त शब्दकोशीय परिभाषा अनुसार उपन्यास जीवन जगत्‌को सर्वाङ्ग पक्षको चित्रण गर्ने आख्यानात्मक साहित्य हो । यसको कलेवर महाकाव्यको समकक्षी हुन्छ । यो गद्यमा लेखिन्छ । काल्पनिक पात्रहरू रहन्छन् ।

उपन्यास समय र परिस्थिति अनुसार आफूलाई परिवर्तित र परिस्कृत गर्दै विकासको धारामा बहाउन सक्ने लचिलो गतिशिल साहित्यिक विधा भएको कुनै एक विद्वानको परिभाषाले यसको सवै पक्ष समेट्न सक्छ भन्ने छैन तर सबै विद्वावानहरूको परिभाषालाई समेट्ने हो भने उपन्यासको आधुनिक पहिचान गराउन कुनै कठिन हुने छैन । माथिका सबै परिभाषाहरूलाई समेट्दै निष्कर्षका रूपमा उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ ।

उपन्यास काल्पनिक पात्रको कार्य व्यवहारद्धारा यथार्थ घटनालाई व्यवस्थित र शृङ्खलित रूपमा विविध संरचनात्मक इकाइहरू संगठित गरिएको ठूलो आयाम, विस्तृत आख्यान समेटिएको जीवनजगत्‌को साङ्गोपाङ्गो चित्रण भएको समय सान्दर्भिक रूपमा परिवर्तित र परिष्कृत महाकाव्य समकक्षाी गद्य भाषामा लेखिएको आख्यानात्मक साहित्यिक विधा उपन्यास हो (आचार्य, बस्नेत, २०६२ : १७) ।

**३.३.२ विभिन्न विदेशी तथा स्वदेशी विद्धवान्‌हरूका परिभाषा**

उपन्यासको परिभाषा गर्ने क्रममा स्वदेशी तथा विदेशी विद्‌वानहरूले आ-आफ्नै किसिमले परिभाषा दिइएको छन् । केही विदेशी तथा स्वदेशी विद्‌वानहरूको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ ।

**१. प्रोफेसर वारेन**

'उपन्यास प्रकाशनपूर्ण हो जसमा कथानक हुन्छ ' (बस्नेत, २०६३ : १६) ।

**२. पाश्चात्य विद्धवान् राल्फ फक्स**

'उपन्यास कला नै त्यो पहिलो साहित्य कला हो, जसको मानवजीवन सम्पूर्ण अङ्गले अभिव्यक्ति गर्ने प्रयास गर्दछ ' (न्यौपाने, २०६९ : १७५) ।

**३. हेनरी फिलिडङ्ग**

'उपन्यास गदयमा लेखिएको सुखान्त महाकाव्य हो ' (बस्नेत, २०६३ : १६) ।

**४. ए.एम. फोस्टर**

'सामाजिक राजनीतिक आर्थिक जटिल समस्याबाट पीडित मानव जातिको प्रतिनिधित्व गर्छ त्यो नै उपन्यास हो ' (गैरे, २०७१ : १४९) ।

**५. विश्वनाथ**

'उपन्यास भनेको कसैलाई प्रसन्न गराउनु हो ' (गैरे, २०७१ : १४९) ।

**६. भारतीय विद्धवान प्रेमचन्द्र**

"म उपन्यासलाई मानव चरित्रको चित्र मात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु त्यसको रहस्यलाई खौलनु नै उपन्यासको मूल उद्देश्य हो ।'

**७. नेपाली समालोचना कृष्णचन्द्रसिंह प्रधान**

'उपन्यास जीवन र जगत्प्रतिको एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयास अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य जीवित मनुष्यको संसार हो (न्यौपाने, २०६९ : १७६) ।

**८. समालोचक राजेन्द्र सुवेदी**

'पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ' (न्यौपाने, २०६९ : १७६) ।

**९.नेपाली समालोचक मोहनराज शर्मा**

विश्व साहित्य र नेपाली साहित्यमा पनि उपन्यास मुक्त, विराट, उर्वर विशिष्ट, आख्यान विधाका रूपमा हुर्केको छ । यो अत्याधिक प्रयोग बेहोर्ने विधा भएकोले यसमा स्वैरकल्पनाको प्रचुर प्रयोग भएको देखिन्छ ।

**१०. समालोचक प्रा.दयाराम श्रेष्ठ**

बहुविधा संरचनात्मक एकाइहरूद्धारा हरेक अङ्ग परम्परामा श्रृङखलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको व्यापक परिधिभरिके समय र स्थानभित्र विस्तारित भएको कलासौन्दर्ययुक्त कलात्मक गद्यलाई उपन्यास भनिन्छ, (बस्नेत, २०६३ : १७) ।

**११. इन्द्रबहादुर राई**

यथार्थसँग परिचयन, सत्यको सन्धान, मुल्यको संरक्षण जीवनवैविध्यमाथि एक रुपता प्रदान, जीवनशिक्षण व्यक्तित्वके पुनरवेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन् ।

**१२. बासुदेव त्रिपाठी**

कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् बनाउँदछ (बराल, २०५६ : ८) ।

परिवर्तनशील संसारमा हरेक वस्तुको विकास र परिवर्तन भईरहेको हुन्छ । उपन्यास विधा समयसापेक्ष रूपमा परिवर्तित र विकसीत भइरहेकोले विद्धावानहरूले गरेको परिभाषाले यसका सम्पूर्ण पक्षलाई समेट्न सकेको देखिदैनन् । कुनै पनि विद्धानका परिभाषाहरू पूर्ण र निर्विवाद बन्न सकेको छैनन । तर सबै विद्धानका परिभाषालाई मिलाएर उपन्यासको पहिचान गरान भने सकिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने उपन्यास एक गद्यविधा हो । जसका घटना चरित्र र परिवेश हुन्छ । काव्य हुन्छ, पाठकको मनमा कौतुहलता सिर्जना गर्दछ । यसरी उपन्यासलाई गद्ययमा लेखिने दीर्घ आयाम भएको जीवनर जगतको सम्पूर्णतालाई चित्रण गर्ने लचिलो कलापुर्ण आख्यानात्मक साहित्य विधा उपन्यास हो भन्न सकिन्छ ।

## ३.४ उपन्यासको विधागत स्वरुप

उपन्यासले वैयक्तिक तथा सामाजिक जनजीवनको सुक्ष्म अध्ययन गरी समाजको यथार्थको सत्यतथ्य प्रस्तुत गर्दछ । उपन्यास विगतमा घटेको घटनाहरूको औपन्यासिक प्रस्तुतिको समन्वित स्वरुप हो । उपन्यासमा काल्पनिक चरित्रको माध्यमबाट यथार्थ घटनालाई व्यवस्थित तरिकाले अभिव्यक्त गरिएको हुन्छ । यसमा गद्यमय भाषामा विषयवस्तुको साहित्यिक प्रस्तुति गरिएको हुन्छ । उपन्यास साहित्यको आख्यानात्मक विधा हो । यसमा उपन्यासको शृङ्खलित र क्रमबद्ध प्रयोग हुने भएता पनि आधनिक उपन्यासमा यसको पालना पाइन्न । आधुनिक उपन्यासमा चक्रात्मक र वृत्तात्मक क्रममा कथावस्तु अघि बढेको पाइन्छ । उपन्यास लचिलो र विकासशील साहित्यिक विधा भएकोले यसमा समय सान्दर्भिकता र नयाँ प्रयोग गरेको पाइन्छ । तर पनि यो रूप हिन भने हुँदैन त्यसैले

उपन्यास निश्चित सिद्धान्त र मान्यतालाई अस्वीस्कार गर्दै खुल्ला आकासमा स्तन्त्र रुपमा अघि बढ्न चाहाने साहित्यिक विधाका रूपमा देखा पर्दछ । निश्चित उद्देश्य प्राप्तिका लागि निश्चित परिवेश समेट्दै वर्णनात्मक तथा उपन्यासकारको निजी शैलीमा घटना तथा कालपनिक पात्रको रोचक आख्यानात्मक प्रस्तुति नै उपन्यासको खास विधागत स्वरुप देखिन आउँछ (आचार्य, २०६२ : २३- २४) ।

## ३.५ नेपाली उपन्यासको विकासक्रम

राजनीतिक रूपमा नेपाल एकीकरणसँगै नेपाली भाषाले केन्द्रीयताको अवस्था प्राप्त गर्दै जान लागेको पाइन्छ । एकिकरणपश्चात नै नेपाली भाषामा लामा लामा आख्यानहरू लिपिबद्ध हुन थालेको पाइन्छ । मुलत उपन्यास आख्यानात्मक भएकाले नेपाली उपन्यासको चर्चा गर्ने क्रममा आख्यानको उद्भवसँग उपन्यासको पनि आरम्भ भएको मानिन्छ । यसरी हेर्दा संस्कृत भाषाबाट नेपाली भाषामा अनुदित शक्तिबल्लभ अर्यालको महाभारत विराटपर्व ( वि.स १८२७) नेपाली साहित्यको पहिलो आख्यानात्मक स्वरुप हो । शक्तिवल्लभ अर्यालको विरापर्वबाट सुरु भएको नेपाली उपन्यासकारपरम्परा विभिन्न मोडमा र चरणहरू पार गर्दै वर्तमान अवस्थामा आईपुगेको छ । नेपाली उपन्यासको विकासक्रम वा चरणहरूको बारेमा विद्धान तथा समिक्षकहरूबीच मतैक्यको स्थिति नभए पनि आरम्भविन्दु भने सवैले (वि.सं. १८२७) को महाभारत विराटपर्वलाई मानेका छन् । त्यसकारण यहि गद्यकृतिबाट नेपाली उपन्यासको विकासको थालनी भएको मान्न सकिन्छ । भाषा, लेखनशैली, उद्देश्य र प्रस्तुतिलाई आधार मान्दै नेपाली उपन्यासको इतिहासलाई निम्न तीन कालखण्डमा विभाजन गर्न सकिन्छ ।

क) प्राथमिक काल (वि.सं. १८२७ देखि १९४५ सम्म)

ख) माध्यमिक काल (वि.सं. १९४६ देखि १९९० सम्म)

ग) आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

### ३.५.१ प्राथमिक काल (वि.सं. १८२७ देखि १९४५ सम्म)

नेपाली उपन्यास परम्परामा (वि.सं. १८७२) मा शक्तिबल्लभ अर्यालद्धारा अनुदित महाभारत विराटपर्वबाट प्राथमिककाल आरम्भ हुन्छ । ११८ बर्षको अन्तरालमा फैलिएको नेपाली उपन्यासको प्रथम चरणका आख्यानहरू मूलत : संस्कृतबाट र आंशिकमा अंग्रेजीबाट

पनि अनुदित गरिएका छन् । विराटपर्व पछि (वि.सं. १८३३) मा भानुदत्तले अनुवाद गरेका हितोपदेश, मित्रलाभ नेपाली उपन्यास नेपाली उपन्यास परम्परामा देखापरेको महत्त्वपूर्ण कृति हो । यसै गरी शक्तिबल्लभ अर्यालकै हास्यकदम्भ (वि.सं. १८५५) र भवानीदत्त पाण्डेको मुद्राराक्षस (वि.सं. १८९०) तिर पूर्णतया आख्यानात्मक कृति हुन । दण्डी को दशकुमार चरित (वि.सं. १८७५) कृष्णचरित्र तथा वाणभट्टको कादम्बरी पनि आख्यानतत्त्व भएका कृति हुन् (प्रधान, २०५३ : २२) । त्यसैगरी कतिपय प्राथमिककालीन आख्यानहरू अंङ्ग्रजी भाषाबाट पनि नेपालीमा अनुदित छन् । यिनमा सेरामपुरको बाइबल (वि.सं. १८८४) पादरी गङ्गाप्रसाद प्रधानको नेपाली बाइबल (वि.सं. १९४०) आदि अंङ्ग्रेजीबाट नेपालीमा अनुदित आख्यान हुन् (भट्टराई, २०५० : ८७) । आख्यानअन्तर्गत कथाक्षेत्रमा देखापरेका अन्य कृतिहरमा बहत्र सुधारको कथा, वेताल पंचविशंतिका, स्वस्थानी ब्रतकथा, मुन्सीका तीन आहान आदि रहेका छन् । प्राथमिककालिन आख्यान परम्परा उपन्यासगत आकार प्राप्तिका हिसावले महत्त्वपुर्ण तथा मौलिकता दृष्टिले नवीन छैन तर अनुवाद रुपान्तरण तथा आख्यान लेखनतर्फ अभिरुचि जगाउने हिसाबले प्राथमिककाल महत्त्वपुर्ण देखिन्छ । अनुवाद नै भए पनि कथासुत्रप्रक्रिया, गद्यशैली र आख्यानविधानका दृष्टिले यस्ता कृतिहरूको उपन्यास विकासमा महत्त्वपुर्ण योगदान रहेको छ (प्रधान, २०४० : ११७) ।

### ३.५.२ माध्यमिक काल वि.सं. १९५६ देखि १९९० सम्म

उर्दू फारसी तथा अरबी साहित्यबाट प्रेरित र प्रभावित भई नेपाली भाषामा रोमाञ्चकारी साहित्यको सिर्जना हुनु नै माध्यमिक कालको थालनीको लक्षण हो । हरिकृष्णद्धारा रचित तथा शिवदत्त शर्माद्धारा अनुदित बीरसिक्का (वि.सं. १८४६) बाट नेपाली साहित्यमा मनोरञ्जनात्मक धाराको प्रवेश भएको हो (बराल, र आचार्य २०४६ : ६९) । यो कृति उपन्यास नै त होइन तर आख्यानको निर्माणको कोशेढुङ्गो चाँहि हो (शर्मा र अन्य, २०४६ : ७३) । नेपाली साहित्यमा मोरञ्जनात्मक धारा अतिरञ्जनात्मक धारा र तिलस्मीस्वरुपको लेखन माध्यमिक कालको मूल औपन्यासिक धाराका रूपमा स्थापीत भएको पाइन्छ । चिरन्जीवि पौडेलको प्रेम सागर (वि.सं. १९५०) सुखावर्ण (वि.सं. १९५७) का साथै नरदेवद्धारा प्रकाशित नलोपाख्यान (वि.सं. १९५९) ले बीरसिक्काको गतिलाई टेवा पुऱ्याएका छन् । हिन्दी उपन्यास नरेन्द्र मोहनीलाई सदाशिव शर्माद्धारा (वि.सं. १९६२) मा अनुवाद गरिएपछि नेपाली उपन्यासमा तिलस्मी प्रवृतिको प्रवेश हुन्छ । यसैगरी गङ्गाधर शास्त्रीको सर्वसङ्ग्रह (वि.सं. १९५३) देवकीनन्दन खत्रीको चन्द्राकान्ता पहिलो भाग (वि.सं. १९५६)

पारसमणि प्रधानको वेलायत यात्रा (वि.सं. १९७६) जस्ता हिन्दी स्रोतका आख्यान पनि यसै समयमा देखापरेका हुन् ।

माध्यमिककालीन उपन्यासको विकासमा पत्रपत्रिकाको योगदान महत्त्वपुर्ण रहेको छ । कतिपय पत्रिकाहरूमा उपन्यासको धारावाहिक प्रकाशनको लहर चल्छ । गोरखापत्र (वि.सं. १९५८), उपन्यासतरङ्गिणी (वि.सं. १९५९) सुन्दरी (वि.सं. १०६३) जस्ता (शर्मा र अन्य २०४६ : १०६ पत्रिका मार्फत नेपाली उपन्यासले प्रकाशनको अवसर प्राप्त गरेका छन् । ( वि.सं. १९९५) मा उपन्यासतरङ्गिणीमा प्रकाशित सदाशिव शर्माको महेन्द्रप्रभा नै पहिलो मौलिक नेपाली उपन्यास हो । माध्यमिककालीन अन्य उपन्यासहरूमा गरीशबल्लभ जोगीको बीरचरित्र (वि.सं. १९६०), प्रारब्भर्पण (वि.सं. १९६७), वेदना आचार्यको दयाकी भावी (वि.सं. १९७९), पद्मनाथ सापकोटाको जीवन चरित्र (वि.सं. १९७३), रामप्रसाद सत्यालको महासती अनुसूया (वि.स. १९८५) र अम्बालिका देवीको राजपुत रमणी (वि.स. १९८९) आदि रहेका छन् । यी उपन्यासहरूमध्ये दयाकी भावी (वि.सं. १९७९) महासती अनुसुया र राजपुत रमणी यी उपन्यासहरूलाई नेपाली उपन्यासको आधुनिक कालका निम्ति सबभन्दा पुराना र माध्यमिक कालका निम्ति सबैभन्दा नयाँ लाग्ने सङ्क्रमणकालीन उपन्यास कृतिहरूका रूपमा लिन सकिन्छ (सुवेदी ,२०४६ : ६७) ।

माध्यमिक कालीन नेपाली आख्यानले संस्कृत स्रोतभन्दा अन्य स्रोततर्फ ढल्कने अवसर पाएको देखिन्छ । यथार्थमा भन्दा धार्मिक, आदर्शवादी, रोमान्सवादी, औपदेशिक प्रवृत्तितर्फ माध्यमिक कालका उपन्यासहरूमा उन्मुख भएका छन् । नारीलाई भोगविलासको साधन मान्ने र नायिका प्राप्तिका लागि हत्या, षड्यन्त्र गर्ने घटना यस अवधिका आख्यानमा देखा पर्दछ । यही अवधिमा नै लामा आख्यानहरूलाई खण्डमा विभाजन गर्ने प्रयत्नका साथै चम्पुशैली क्रमशः त्याग गरेर गद्यको प्रयोग गर्न प्रवृत्ति पनि पाईन्छ (भट्टराई २०५० : २६०) ।

बीरसिक्काबाट प्रारम्भ भएको माध्यमिककालीन औपन्यासिक परम्परा महेन्द्रप्रभा ( वि.सं. १९५९), वीरचरित्र (वि.सं. १९६०), राजपुत रमणी (वि.सं. १९८९) हुँदै अगाडि बढेको छ। प्रकाशनको सुविधासँगै नेपाली उपन्यासहरू धारावाहिक रुपमा पत्रपत्रिकामा प्रकाशित हुदै जान्छन् । अतिरञ्जीत कल्पना र उडन्ते आख्यानलाई त्याग्दै विश्वसनीय घटनावली र यथार्थतर्फको लम्काईमा अभिमुख हुने प्रवृत्ति माध्यमिक कालका उत्तरवर्ती उपन्यासहरूमा

पाइन्छ । स्रोतगत विस्तार र विषयगत विविधता फैलदै प्रकाशनको माध्यमबाट जनसमक्ष पुग्ने अवसर माध्यमिक कालिन आख्यानवृत्त वा उपन्यासले प्राप्त गरेका छन् ।

### ३.५.३ आधुनिक काल वि.स १९९१ देखि हालसम्म

नेपाली उपन्यास साहित्यमा आधुनिका कालको प्रर्वतन समयविन्दुका बारेमा विद्धान तथा समीक्षकहरूबीच एकमत पाईदैन । साहित्यिक विकासका पृष्ठभुमिलाई नियाल्दा कुनै समयविन्दुमा प्रकाशित साहित्यिक कृतिविशेषले कुनै वाद वा प्रणालीको सटिक लवरले स्थापना वा व्याख्या गरेको पाइदैन परम्परागत चिन्तनको जगतमा उभिएर अधुनातन नवमुल्य र प्रवृत्तिहरूलाई आत्मासाथ गर्न खोज्ने कृतिहरूबो आधारमा आधुनिकता सिद्ध गर्न सकिन्छ । परिवर्तनशिल समाज नवीन चिन्तनप्रणाली र नयाँ पर्यावरणमा दृष्यमान समकालीन तथ्यहरूलाई साहित्यका सन्दर्भमा कृतिमा सन्निविष्ट गर्दै जानुमा आधुनिकता निहीत देखिन्छ । यसरी हेर्दा आधुनिकता भनेको निश्चित समयविन्दुमा बाँधिने कुरा नभई यो त समाज, मानविय चिन्तनको विकास र व्यापककतासँगै गतिशिल रहने देखिन्छ । नेपाली उपन्यास साहित्यको आधुनिक कालको प्रवर्तन सम्बन्धमा समीक्षक भानुभक्त पोखरेलले (वि.सं. १९९१) मा प्रकाशित रुद्रराज पाण्डेको रुपमती उपन्यासलाई आधुनिक मानेका छैनन् आदर्श नीतिशिक्षामा जोड दिएकाले रुपमती यथार्थपरक छैन भन्दै (वि.सं. १९९३) मा प्रकाशित रुपनारायण सिँहको भ्रमरबाट उनी आधुनिक कालको सूरुआत भएको मान्दछन् (पोखरेल, २०४० : १९३) । रुपमतीले आदर्शको प्रवलता, काल्पनिक तत्त्वको सहाराजस्ता परम्परालाई छाड्न नसकेका कारण आधुनिक मान्न नसकिने भन्दै भ्रमरले आधुनिककालको सूरुआत गरेको तर्क अघि सारिएको पनि पाइन्छ । कतिपय विद्धानहरूले रुपमतीबाटै आधुनिकताको सुरुआत भएको भन्दै रुपमतीलाई पहिलो आधुनिक उपन्यास मान्ने आधारहरू प्रस्तुत गरेको पाइन्छ । तिनका अनुसार पाश्चात्य नोवेलको प्रंभाव पर्नु, सामाजिक यथार्थ पाइनु परिवेशगत चेतना पाइनु, मानवीय मूल्यको अर्न्तभाव पाइनु विषय शैलीमा विविधता पाइनु आदि कुराहरू रहेको छन् । नेपाली उपन्यास परम्परामा औपन्यासिक शिल्पद्धारा परवर्ती स्वरुपलाई दिशानिर्देश गर्न खोन्ने पहिलो कृतिका रूपमा रुपमती देखिएको छ । यसले पुराना रुढीवादी विचारधारा र संस्कारगत सामाजिक मान्यताप्रति व्यङ्ग्य गर्दै स्वल्नील जगतका अतिभौतिक, अतिरञ्जनात्मक तथा अतिकलपनिय तत्त्वहरूलाई हटाई नेपाली उपन्यास धरातलमा नयाँ आयाम थपेको छ ( प्रधान, २०४० : १२७) । वास्तवमा रुपमती उपन्यास प्राथमिककालीन नीतिमूलक,

माध्यमिककालीन, जासुसी, तिलस्मी आख्यानभन्दा भिन्न वस्तुजगत्का यथार्थ घटनामा आधारित छ । त्यसकारण यसले सामाजिक धरातलमा सम्भाव्य र स्वभाविक घटना संयोजन गरेको छ । मानवीय चरित्र, वस्तुयथार्थ, द्वन्द्व, कुतुहलता र सामान्य बोलीचालीको भाषा प्रयोग गरेर आधुनिक ढाँचाको प्रथम प्रयोग रुपमतीले दिएको पाइन्छ (कट्टेल, २०६८ : ३५) । प्रस्तुत उपन्यासमा नेपाली समाजमा हुँदै आइरहेको बुहारीमाथीको सासूको हैकमपूर्ण व्यवहारलाई चित्रित गरिएको बुहारी भएपछि सासू देवरको लाञ्छना सहनु पर्ने र देवरानी जेठानीका बीचमा हुने कलह, बैमनस्यताजस्ता समाजका यथार्थ पक्षहरूलाई टिपेर प्रस्तुत गरिएकाले यो यथार्थपूर्ण देखिन्छ ।बुहारी हुनु त रुपमती जस्ती भन्ने आदर्श स्थापना गर्न खोजिएको यो आदर्शोन्मुख यथार्थवादी उपन्यास हो ।

यसरी रुपमती (वि.सं. १९९१) देखि शुरु भएको नेपाली उपन्यासको आधुनिककाल विभिन्न समयमा विभिन्न प्रवृत्तिलाई आत्मसाथ गर्दै आजको अवस्थामा गतिशील छ । नेपाली उपन्यासहरूमा हालसम्म देखिएका संस्कारगत भिन्नताको आधारमा (वि.सं. १९९१) देखि विर्तमान सम्मको नेपाली उपन्यासलेखन प्रवृत्तिलाई मोटामोटी निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

१) आदर्शोन्मुख यथार्थवादी धारा

२) स्वच्छन्दतावादी धारा

३) सामाजिक यथार्थवादी धारा

४) आलोचनात्मक यथार्थवादी धारा

५) मनोविश्लेषणात्मक धारा

६) विसङ्गतिवादी धारा

७) अस्तित्ववादी धारा

८) समाजवादी यथार्थवादी धारा

९) नवचेतनामूलक उत्तरआधुकि धारा

### ३.५.३.१ आदर्शोन्मुख यथार्थवादी धारा

वस्तु जस्तो छ त्यसलाई त्यस्तै रूपमा चित्रण गर्ने काम यथार्थवादले गर्दछ । समाजमा जे जस्तो छ त्यो नभई जसमा अपेक्षा राखिन्छ अर्थात् जस्तो हुनुपर्दछ त्यसको

दिग्दर्शन गर्ने काम आदर्शवादले गर्दछ । वास्तवमा मानवमा रहने नैतिकता, अनुशासन, मर्यादा र अनुकरणीय गुणहरूलाई नै व्यापक अर्थमा आदर्श (सुवेदी, २०६४ : ६३) । मानवसमाज र यथार्थ परिवेशलाई आधार बनाएर लेखिएको उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा टुङगिन्छ । आदर्शोन्मुख यथार्थवादी हुन्छ (बराल र अन्य, २०५६ : ९८) । नेपाली उपन्यास परम्परामा रुद्रराज पाण्डेको रुपमती आदर्शोन्मुख यथार्थवादी लेखनको सुरु हुन्छ ( प्रधान, २०५३ : ७७) । मोहनबहादुर मल्लको उजेली छामा (वि.सं. २००८), पञ्चायत ( वि.सं. २०१०), समयको हुरी (वि.सं. २०१५), अच्छा राई रसिक को लगन (वि.सं. २०१२), भुवनेश्वर कोइरालाको सत्यसन्देश र विधुवा जीवन (वि.सं. २०१३), लीलाध्वज थापाको मन (वि.सं. २०१४), इन्द्र सुन्दासको मङ्गली (वि.सं. २०१५) आदि यस धाराका उपन्यासहरू हुन् ।

समयगत दृष्टिले यस धारामा धेरै लेखहरू देखिएका छन् । वि.सं. २००३ सम्मको यो धारा प्रमुख धाराका रूपमा रहेको र त्यसपछि अन्तधाराका रूपमा अघि बढेको पाइन्छ । यस धारा वा प्रवृत्तिका उपन्यासमा सामाजिक विषयको प्राधान्य रहेको छ भन्ने नारी जीवनमा दुःख, पिडा, उद्घाटन गर्दै नारीले अपनाउनु पर्ने बाटो पनि यस धाराका उपन्यासकारले देखाएका छन् (बराल र अन्य, २०५६ : १०१) उपन्यासमा सम्प्रेषणीयताको ख्याल गरेर सरल र बोलीचालीको भाषा प्रयोग गरिएको पाइन्छ । सामाजिक यथार्थलाई वस्तुका रूपमा ग्रहण गरेर त्यसैको आधारमा आदर्शवादी शिक्षा यस धाराका उपन्यासले दिन खोजेको छन् ।

### ३.५.३.२ स्वच्छन्दतावादी धारा

मानिसका व्यक्तिगत अनुभवलाई सहज र स्वच्छन्द ढङ्गबाट व्यक्त गर्ने काम स्वच्छन्दतावालदले गर्दछ । तार्किकता र बौद्धिकताका विपरित कल्पना र भाववेगमाथि विशेष जोड दिने कलात्मक प्रवृत्ति विशेष स्वच्छन्दतावाद हो (जोशी, २०३८ : १९) । अतीतोम्मुख तथा रहस्यवादी दर्शनका रूपमा बुझ्न सकिने स्वच्छन्दतावादको मूल मर्म यथार्थदेखि पलायन हुँदै उन्मुक्त कल्पनामा विचरण गर्नु रहेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा रुपनारायण सिंह को भ्रमर (वि.सं. १९९३) देखि स्वच्छन्दतावादी धाराको अभ्युत्थान भएको हो (सुवेदी, २०६४ : ८४) यस बाहेक शिवकुमार राईको डाकबङगला (वि.सं. २०१३), समीरण प्रियदर्शीको पोखिएको जिन्दगी (वि.सं. २०२८),

हिरण्य भोजपुरेको छिटेन (वि.सं. २०५४), हेमराज आचार्यको निर्दोष कैदी (वि.सं. २०५४) आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् ।

### ३.५.३.३ सामाजिक यथार्थवादी धारा

समाजमा भए गरेका कुराहरूलाई तथस्थ प्रस्तुत गर्ने मान्यता सामाजिक यथार्थवादी मान्यता हो । मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्यमान्यता सामाजिक यथार्थवाद हो (जोशी, २०३८ : १९) । लैनहिंस वाङ्देलको मुलुक बाहिर (वि.सं. २००४), सामाजिक यथार्थवादी धाराको पहिलो नेपाली उपन्यास हो । वाङ्देलका माइतघर (वि.सं. २००४) लङगडाको साथी (वि.सं. २००८) रेम्ब्रान्ट (वि.सं. २०२३), लिलाबहादुर क्षेत्रीको बसाँई (वि.सं. २०१४), अतृप्त (वि.सं. २०२६), ब्रह्मपुत्रको छेउछाउ (वि.सं. २०४३), केशवराज पिँडालीको बाँच्ने एउटा जिन्दगी (वि.सं. २०४३) राजेश्वर देवकोटाका आवर्तन (वि.सं. २०४१) पूर्वकथा (वि.सं. २०४३), उत्सर्ग प्रेम (वि.सं. २०४४) र सुस्मिता नेपालका एकान्त पनि रुन्छ (वि.सं. २०५३), मेरा छातीका कोलाजहरू (वि.सं. २०५५) आदि यस धाराका उपन्यासहरू हुन्। सामाजिक यथार्थवादी धारा (वि.सं. २०१०) सालसम्म प्रमुख धाराका रूपमा र त्यसपछि अर्न्तधारका रूपमा प्रवाहित छ । नेपाली उपन्यास परम्परामा सबैभन्दा बढी उपन्यास सामाजिक यथार्थबादी धारामा लेखिएको पाइन्छ । यस धाराका उपन्यासले समाजमका मध्यम वर्ग र निम्न वर्गीय जीवनका यथार्थलाई प्रस्तुत गरेका छन् । सामाजिक यथार्थबादी उपन्यासहरू तीब्र गद्यात्मक स्वरुपका छन् । बसाँई यस धाराको सशक्त कृतिका रुपमा आएको छ । भने माईतघर र लङ्गडाको साथी यस धाराका अन्य प्रमुख उपन्यासहरू हुन् । यसरी समाजका यथार्थपक्षहरूलाई विभिन्न कोणबाट हेर्न र तिनलाई औपन्यासिकता प्रदान गर्ने प्रवृति यिनमा पाईन्छ । यस धाराका उपन्यासमा लेखकीय दृष्टि समाजको वस्तुगत द्रष्टाका रूपमा व्यक्त भएको पाइन्छ ।

### ३.५.३.४ आलोचनात्मक यथार्थवादी धारा

सामाजिक विसङ्गतिमा अडेको चिन्तन प्रणालीलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । क्रन्तिकारी र श्रमिकहरूले चलाएका आन्दोलनहरूमा अनेक भ्रमजाल विछ्याएर त्यसलाई निष्क्रिय तुल्याउने चाल चिर्नु यसको उद्देश्य रहेको हुन्छ (सुवेदी, २०६४ : १८७) । यथास्थितिप्रति पूर्ण विमति राख्दै त्यसभित्रका समाजविरोधी तत्त्वहरूको तीब्र आलोचना गर्ने

साहित्यलाई प्रगतिशिलाई साहित्य भन्न सकिन्छ । यस किसिमका लेखलाई प्रकारान्तरमा आलोचनात्मक यथार्थवादी लेखन भनिन्छ ।

नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादपछि लेखनप्रवृत्तिको रूपमा आलोचनात्मक यथार्थवाद आएको छ । नेपाली उपन्यासमा लैनसिंह वाङ्देलको लङ्गडाको साथीले सामाजिक यथार्थताका नाममा यथास्थितिका पक्षलाई आलोचनात्मक तवरले हेर्न थालेको पाइन्छ । यस धारा अन्तर्गत लेखिएका उपन्यासहरूमा मुक्तिनाथ तिमल्सिनाको अछूत ? (वि.सं. २०१७), हृदयचन्द्रसिह प्रधानको स्वास्नीमान्छे (वि.सं. २०११) र एकचिहान (वि.सं. २०१७) खड्गबहादुर सिंह विद्रोह भाग १ (वि.सं. २०१३), जगदिश घिमिरेका लिलाम (वि.सं. २०३७), सावित्री (वि.सं. २०३२), रमेश विकलका सुनौली (वि.सं. २०३१) अविरल बग्दछ ईद्रावती (वि.सं. २०४०) आदि आलोचनात्मक यथार्थवादी उपन्यास हुन ।

पुँजीवाद शक्तिप्रतिको विरोध, निन्दा र कटु आलोचनामात्र आलोचनात्मक यथार्थवादको मौलिकताका रूपमा देखिन्छ । नयाँ तर अपरिभाषित मान्यता र जीवनपद्धति स्थापना गर्नुपर्ने र तथ्यको उद्घाटन गर्नुपर्ने क्रान्तिकारी स्वच्छन्दतावादी स्वर पनि आलोचनात्मक यथार्थवादमा पाईन्छ । वर्गीय समाजमा देखिने समस्यको आन्तरिक विसङगतिलाई चिरफार गरेर देखाउन र तिनका अन्तरतहका समष्टि पक्षलाई छर्लङग्याउन यो धारा सक्षम देखिदैन । यसरी यथास्थितिप्रतिको विमति । त्यसले जन्माउन सक्ने विकृतिको विरोध गर्नेकाम आलोचनात्मक यथार्थवादी स्रष्टाहरूमा पाइन्छ ।

### ३.५.३.५ मनोविश्लेषणात्मक धारा

मानवीय व्यवहारको अध्ययन गर्ने क्रममा अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणबाट मूर्त वस्तु र कार्यात्मक रुपी उद्घाटन गर्ने विज्ञानलाई मनोविज्ञान भन्ने गरिएको पाइन्छ । मान्छेका मनस्तत्वका अन्तर्तहमा रहेका अपरिभाष्य र अनेकतम पत्रहरू, कोण तहहरूमा सुषुप्त अवस्थामा रहेका अतृप्तजन्य उत्सुकता र इच्छाहरूको प्रस्तुति गर्ने क्रममा मनोविज्ञानले आफुलाई समर्पित गरेको छ (सुवेदी, २०६४ : २४५) । साहित्यका सन्दर्भमा पात्र वा चरित्रका अन्तर्मनका कुण्ठा, विषद, अतृप्ति, इच्छावृक्ति तथा आकाङक्षाहरूलाई अध्ययन वा सिर्जनाका माध्यमबाट प्रस्तुत गर्ने सिद्धान्तविशेषलाई मनोविश्लेषणात्मक सिद्धान्तका रूपमा चिन्न सकिन्छ । मानवीय क्रियाकलापहरूको प्रेरक तत्त्व मानिएको कामवृत्ति, मानवजीवनका मूल प्रवृत्तिहरू, मानसिक तह र विभिन्न

किसिमका ग्रन्थिहरूका माध्यमबाट चरित्रको उद्घाटन गर्ने काम मनोविश्लेषणात्मक उपन्यासले गर्दछ । संवेगात्मकता हिसावले नेपाली उपन्यास साहित्यमा वि.सं. २०१५ साल पूर्वका हृदयसिह प्रधान, लैनसिह वाङदेल र तुलसीराम कुँवरका उपन्यासहरूमा मनस्थितिको पातलो प्रयोग भइसकेको पाइन्छ । यसरी नै लीलबहादुर क्षेत्री, लीलाध्वज थापा र दौलतविक्रम विष्टका उपन्यासले पनि यस दिशामा केहि मद्दत पुऱ्याएको देखिन्छ । मनोविश्लेषणात्मक विशिष्ट प्रयोग भएको प्रथम नेपाली उपन्यासका रूपमा गोविन्द बहादुर मल्ल गोठाले को पल्लो घरको झ्याल (वि.सं. २०१६) आएको छ । विजय मल्लको अनुराधा (वि.सं. २०१८) विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ति (वि.सं. २०२५) सुम्निमा (वि.सं. २०२७) तारिणीप्रसाद कोइरालाको सर्पदशं (वि.सं. २०२६), नकुल सिलवालको तेस्रो पाईला ( वि.सं. २०४५) आदि उपन्यासहरू मनोविश्लेषणात्मक उपन्यासहरू हुन् ।

### ३.५.३.६ विसङ्गतिवादी वा अतियथार्थवादी धारा

सर्वत्र असङ्गति र विसङगत अवास्थ नै जीवनजगत्को मूलभुत कुरा हो भन्ने मानयता विसङ्गतिवाद वा अतियथार्थवाद हो । पहिलो र दोस्रो विश्वयुद्धमा भएको नरसंहार, विध्वंश र अव्यवस्थितिले मूल्यहिन अवस्थामा पुगेको मानवजीवनको यथार्थलाई साहित्यमका सन्दर्भमा विसङ्गतिवादी धाराले प्रस्तुत गरेको पाईन्छ । विश्वपरिवेशमा देखिने गरेका राजनीतिक प्रतिवद्धता र व्यहारिकता बीचको विसङ्गति, मानवीय इच्छा आकाङ्क्षाबाट जन्मेको विसङ्गतिलाई यस धाराले आत्मासात गर्दछ । त्यसैगरी नै जन्म, युवावस्था, वृद्धावस्था एवम् रुग्णताा आदि कारणबाट जन्मेको विसङ्गतिवादले प्रस्तुत गरेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा लैनसिंग वाङ्देलको लङ्गडाको साथी (वि.सं. २००८) ले सङ्केत गरेको विसङ्गतिवादी धारालाई  रूपमा इन्द्रबहादुर राईको आज रमिता छ ( वि.सं. २०२१) उपन्यासले स्थापित गरको पाईन्छ । विसङ्गतिवादी परम्परामा लेखिएका अन्य नेपाली उपन्यासहरूमा पारिजातको शिरिषको फूल (वि.सं. २०२२), ध्रुवचन्द्रं गौतमको अन्त्यपछि (वि.सं. २०२४) बालुवामाथि (वि.सं. २०२८), डापी वि.स सरुभक्तको पागलवस्ती (वि.सं. २०४८), ध्रुव सापकोटाको विखण्डित (वि.सं. २०५७) आदि उपन्यासहरू पर्दछन् । जीवनको निस्सारता र शुन्यताको अभिव्यक्ति दिन शिल्पशैलीम क्रमवद्धता अस्वीकार गर्नु विसङ्गतिवादी लेखनको वैशिष्टका रूपमा देखिएको छ ।

### ३.५.३.७ अस्तित्ववादी धारा

मान्छेको वैयक्तिक जीवनलाई नुतन सन्दर्भ, नयाँ अर्थ र नवीन मानवीय मूल्यमा प्रतिस्थापित तुल्याउन चाहने सिद्धान्त अस्तित्ववाद हो (जोशी, २०३८ : ११३) । अन्य चिन्तनप्रणालीका तुलनामा यो अन्तर्मुखी चिन्तनप्रणाली हो । सुकरात र सेन्ट अगस्टिन जस्ता प्राचीन पाश्चात्य चिन्तनहरूमा चिन्तनमा पनि वस्तुको भावसत्ता पहिल्याउने प्रयत्न गरिएको चिन्तन प्रणाली हो । राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक आदि विविध विसङ्गतिका कारणबाट जन्मिने विसङ्गतिवादसँग यसको नजिकको सम्बन्ध रहेको देखिन्छ ।

नेपाली उपन्यास परम्परामा पारिजातको शिरीषको फूल (वि.सं. २०२२) बाट अस्तित्ववादी उपन्यास लेख्न थालिएको पाइन्छ । अस्तित्ववादी अन्य नेपाली उपन्यासहरूमा पारिजातको महत्ताहीन (वि.सं. २०५५), ध्रुवचन्द्र गौतमको अन्त्यपछि (वि.सं. २०२४) विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ति (वि.सं. २०५५) सुम्निमा (वि.सं. २०२७), सरुभक्तको पागल बस्ती (वि.सं. २०४८), तरुनी खेती (वि.सं. २०५२) र समय त्रासदी ( वि.सं.२०५८) आदि देखिएका छन् ।

अस्तित्ववादीहरूले व्यक्तिगत सत्ता, व्यक्तिका जटिल समस्या, व्यक्तिको स्वतन्त्रता, वैयक्तिक दायित्व, व्यक्तिगत विशिष्टिताजस्ता विषयलाई महत्त्व दिएको पाईन्छ । यो दर्शन बौद्धिक हुँदाहुँदै पनि दिग्भ्रमित तुल्याउने ठानिने केही अष्पष्टताका बीचमा पनि फस्टाउदै गएको पाइन्छ । युवा बौद्धिक समुदायका बीचमा लोकप्रिय भए तापनि समष्टिमा यसलाई सङ्घर्षभन्दा पलायनतिर अभिमुख भएको दर्शनको रूपमा लिने गरेको पाइन्छ ।

### ३.५.३.८ समाजवादी यथार्थवादी धारा

आलोचनात्मक यथार्थवादको तहबाट उन्मुक्त भएपछि समाजवादी यथार्थवादको स्थापना हुन्छ । सिर्जना क्षेत्रमा समाजवादी यथार्थवाद आलोचनात्मक यथार्थवादको विकसित रूपमा स्थापित भएको विचार धारा हो (सुवेदी, २०३८ : ४२३) । मान्छे जतिजति आफ्ना वरिपरिका प्राकृतिक वातावरणलाई आफ्नो पक्षमा रुपान्तरण गर्दै जान्छ । त्यति त्यति नयाँ र अज्ञात भण्डारमा नवीन तथ्य प्राप्त गर्दै र त्यसलाई समाजको अनुकूल आकृतिमा रुपान्तरण गर्दै जाने प्रवृत्ति नै प्रगतिवाद हो । प्राविधिक शब्दमा यसलाई समाजवादी यथार्थवाद भन्नु उपयुक्त दखिन्छ ।, समाजवादी यथार्थवादी यथार्थवादमा सुदुढ भविष्यप्रति विश्वास गरिने

हुँदा उक्त भविष्य प्राप्तिका निम्ति सङ्घर्ष गर्ने गतिशिल व्यक्तिहरू नै यस किसिमका रचनाहरूमा पात्र वा चरित्रका रूपमा उपस्थित हुन्छन् । समाजवादी यथार्थवादमा सौन्दर्यशास्त्रीय कला स्वभाविक र अयान्त्रिक रुपमा प्रयुक्त हुन्छ । लेखक वा स्रस्टा आफुले आत्मसाथ गरेका सचेतन एवम् ऐतिहासिकवादी चिन्तनबाट कलाको सृजना गर्दछ । भने त्यस्ता कलामा समाजवादी यथार्थवाद प्रबल रूपमा देखा पर्दछ (चापागाँई,२०५१ : ७३) ।

नेपाली साहित्यमा अनौपचारिक र स्वतस्फुर्त रुपमा समाजवादी यथार्थवादी लेखनको प्रारम्भ वि.सं. २००७ साल अघि नै भएको पाइन्छ । अनौपचारिक रूपमा यस चिन्तनको प्रारम्भ २००७ सालपछि मात्र भएको पाइन्छ । कलात्मक मूल्यका दृष्टिले नेपाली साहित्यमा आजसम्म पनि समाजवादी यथार्थवाद पूर्ण रूपमा स्थापथित हुन सकेको छैन (सुवेदी, २०६४ : ४२२) नेपाली साहित्यमा समाजवादी यथार्थवादी उपन्यासका रूपमा लिन सकिने उपन्यासमा मुक्तिनाथ तिमल्सिनाको अछुत ? (वि.सं. २०११), हृदयचन्द्रसिंह प्रधानको स्वास्नीमान्छे (वि.सं. २०११), खड्गबहादुर सिंहको विद्रोह भाग १ (वि.सं. २०११) र विद्रोह भाग २ (वि.सं. २०१३), डी.पी अधिकारीको आशमाया (वि.सं. २०२५), र धर्ती अझै बोल्दैछ । (वि.सं. २०२७), खगेन्द्र सङ्ग्रौलाको चेतनाको पहिलो डाक (वि.सं. २०२७), आमाको छटपटि (वि.सं. २०३४), पारिजातका तोरीवारी बाटा र सपनाहरू (वि.सं. २०३२), पर्खाल भित्र र बाहिर (वि.सं. २०३५), रमेश विकलको अबिरल बग्दछ इन्द्रावती (वि.सं. २०४०), भाष्करका बन्दी आवाज (वि.सं. २०४६), हाँडीका कनिका (वि.सं. २०४५) र अमरबस्ती (वि.सं. २०५३), घनश्याम ढकालका गाँभित्र वि.सं. २०४७, रातो आकाश (वि.सं. २०...), आहुतिको नयाँ घर (वि.सं. २०... ), स्खलन (वि.सं. २०...) तथा दुर्भिक्ष (वि.सं. २०...) आदिलाई लिन सकिन्छ । मान्छेका संस्कारमा जरा गाडेर बसेका विविध प्रकारका विसङ्गतिहरूलाई समाजवादी यथार्थवादी रचनाले उखलेर फ्याक्नुपर्ने वस्तुका रूपमा ठम्याएको हुन्छ । रुढि र भ्रमजाललाई चिर्न सक्ने वैज्ञानिक विचारको व्याख्या र विश्लेषण, जीवन र जगतलाई हेर्ने द्वन्द्वात्मक दृष्टि र विवेचनाजस्ता कामको थालनी हुनुपर्ने कुरामा यसले जोड दिएको छ । समाजवादी यथार्यवाद संस्कार, धर्म र विश्वासप्रतिको जातिपाती र छुवाछुतका भेदभावप्रतिको, परिमार्जनवादी पद्धति हो ।

### ३.५.३.९ नवचेतनामूलक/उत्तरआधुनिक धारा

आधुनिक युगको महाकाव्य भनिने उपन्यासमा महाआख्यानको समाप्तिको घोषणासँगै परिवर्तनशिल रुप र सन्दर्भ देखिन थालेको पाइन्छ । त्यसैले समकालीन

उपन्यासमा आजको मानिसले जसरी जीवनयापन गर्दैछ त्यस्तै किसिमको वस्तु तथा काव्यिक सौन्दर्यको निर्माण हुन थालेको पाइन्छ । महाआख्यानको अन्तको घोषणासँगै आख्यानतन्तु र आख्यानप्रबन्धक क्षीण तथा विभिन्न अवस्थामा रुपान्तरित हुन थालेको पाइन्छ । वर्तमान सन्दर्भमा विवस्ता, सिवपात्रता विकथानात्मकता, विपरिवेशात्मकता, विवैचारिकता, विसास्कृतिकता र विमिथकीयता जस्ता मूल्यहरूको समायोजन भएको सृजनात्मक परिवर्तन आईरहेको पाइन्छ । आजको साहित्यसिद्धान्त सम्बन्धि पुर्वाधारणामा परिवर्तन आईरहेको पाइन्छ । आजको साहित्यसिद्धान्त भनेको विविध प्रंकारका चिन्तनले बनेको इन्द्रेणीवृत्त हो (भट्टराई, २०६२ : १) । त्यहाँ भाषाको, मस्तिष्कको, इतिहासको, संस्कृतिको समाजको विश्लेषण गर्ने वा हेर्ने नयाँ दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ । आज नेपाली साहित्यमा अनेकखाले पूर्वधारणामा परिवर्तन आईरहेको पाइन्छ । आजका धेरै रचनामा विषयवस्तु, शैली संरचना र सार परिचित तव जस्तै भएर आउन सक्छन् । नाटकीयता प्रस्तुत गर्न सक्छ । अझ चिठीपत्र नलेखेर इमेल पठाउन सक्छ एसएमएस पठाउछ । अघिका वाराणसी,कलकता दार्जिलिङ्ग सिलगढिजस्ता सयौ स्थापित साहित्यिक केन्द्रहरू आज टाढाटाढाका अमेरिका,वेलायत, जापान, रसिया, हङ्कङ् लगाएत संसारका अनेक मुलुकतिर सर्दैछन् । अहिलेको समालोचकले परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र नपुग्ने दखिन्छ । प्रायजसो कृतिहरूमा अन्तर्विषयक प्रवृत्ति वा बहुलवादी प्रवृति देखिने गरेका हुँदा समालोचक पनि बहुआयामिक हुनु पर्ने देखिन्छ । अहिलेको कृतिलाई परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र पुग्दैन् निभने सहित्यसिद्धान्त नै अहिले हजार आँखा भएको डोको जस्तो भएको छ । जसमा एउटा प्वालबाट हेर्दा आंशिकता मात्र फेला पर्दछ । त्यसका प्रत्येक प्वालबाट हेरिसकेपछि मात्र कृतिका बारेमा ठहर गर्न सकिन्छ । त्यस कारण अहिलेको समालोचक बहुआयामिक हुनुपर्ने देखिन्छ ।

नेपाली साहित्यमा यसखाले नवीन लेखनप्रवृत्तिलाई नवचेतनामूलक प्रवृत्ति (सुवेदी, २०६४ : ४९७-४९८) वा उत्तरआधुनिकता पनि भनिएको पाइन्छ (भट्टराई, २०६२ : ३१) । उत्तर आधुनिक भनेको एउटा खास प्रवृत्तिविशेष मात्र नभएर हामी बाँचेको सिङ्गो समयको लक्षण वा वर्तमान काललाई बुझ्न सकिन्छ । उत्तर आधुनिकतावादले बहुकेन्द्रवालाई मान्यता दिने हुँदा यस प्रकारका सिर्जनाहरूमा हेपिएका, छुट्याईएका, सीमान्तकृत तथा आजसम्म नसोचेका कतिपय सन्दर्भहरूलाई उधिन्ने काम गरेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा ध्रुवचन्द्र गौतमका फूलको आतङ्क (वि.सं. २०२५), जेलिएको (वि.सं. २०६२), तेजराज खतिवडाको सर्वजा (वि.सं. २०६०) , नारायण वाग्लेको पल्पसा क्याफे (वि.सं. २०६१), गोविन्दराज भट्टराईको सुकरातका पाईला (वि.सं. २०६३), जस्ता उपन्यासहरूलाई नवचेतामूलक वा उत्तरआधुनिकतावादी चिन्तनमा आधारित रहेर सिर्जना गरिएका प्रतिनिधि उपन्यासका रूपमा लिन सकिन्छ । दुलाल सामाजिक यथार्थवादी विचारधारामा रहेर उपन्यास लेख्ने उपन्यासकार हुन् ।

नेपाली उपन्यास लेखन परम्परामा शक्तिबल्लभ अर्यालको महाभारत विराटपर्वदेखि सूरु भएको लामो आख्यानलेखनको परम्पराले रुद्रराज पाण्डेको रुपमतीमा निहित आधुनिक पक्षहरूको स्पर्श गर्दै अघि बढी वर्तमान अवस्थामा विश्वपरिवेशमा देखिने नवीनचिन्तन प्रणालीहरूलाई आत्मसात् गर्दै नेपाली उपन्यास साहित्य जीवन्त एवम् गतिशिल अवस्थामा अघि बढिरहेको छ ।

## ३.६ उपन्यासको प्रकारगत वर्गीकरण

उपन्यास वर्गीकरण धेरै आधारहर रहेका छन्। यसको वर्गीकरणमा विभिन्न विद्धानहरूका बीच मतमतान्तर भएतापनि उपन्यासको वर्गीकरणको प्रमुख आधारहरू यसप्रकार रहेको पाइन्छ ।

### ३.६.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा विविध प्रकारका विषयवस्तूको समावेश गरिएको हुन्छ । उपन्यासभित्र समावेश हुने विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण गर्न सकिन्छ । यस आधारमा उपन्यासलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

क) सामाजिक उपन्यास

ख) ऐतिहासिक उपन्यास

ग) राजनैतिक उपन्यास

घ) मनोवैज्ञानिक उपन्यास

ङ) दार्शनिक उपन्यास

च) जासुसी उपन्यास

छ) आञ्चलिक उपन्यास

ज) पौराणिक उपन्यास

**क) सामाजिक उपन्यास**

समाजभित्रका घटनाहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गर्ने उपन्यास सामाजिक उपन्यास हो । सामाजिक उपन्यास भित्र समाजका समस्या, आदर्श, नीति, भावना जस्ता विविध पक्षहरू समेटिएको पाईन्छ । रुद्रराज पाण्डेको रुपमती, रुपनाराण सिहको भ्रमर सामाजिक उपन्यास हुन् ।

**ख) ऐतिहासिक उपन्यास**

लिखित वा प्रामाणिक इतिहासको आधार लिएर लेखिने उपनन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ । इतिहासमा घटित यथार्थ घटना, कुनै व्यक्ति विशेषको नेतृत्वमा स्थापित तत्कालीन परिवेशलाई विशेष स्थान दिएर गरिएको विषयवस्तुको औपन्यासिक रुपान्तरणलाई ऐतिहासिक उपन्यास भनिन्छ । यस्तो उपन्यासमा युगविशेषका घटनालाई स्थान दिईन्छ । डायमन सम्शेर राणको बसन्ती सेतो बाघ ऐतिकासिक उपन्यास हुन् ।

**ग) राजनैतिक उपन्यास**

राजनैतिक क्रियाकलापलाई समेटेर प्रस्तुत गरिएको उपन्यास राजनैतिक उपन्यास हो । यस्ता उपन्यासमा राजनीतिक मूल्यमान्यता प्रतिको समर्थन र विरोधलाई मूल विषयवस्तुका रूपमा समेटिएको पाईन्छ । खड्गबहादुर सिंहको विद्रोह यस प्रकारको उपन्यास हो ।

**घ) मनोवैज्ञानिक उपन्यास**

उपन्यासको कथावस्तुको रूपमा पात्रको आन्तरिक मनोगजतको चित्रण गरिएको उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ । यस्तो उपन्यासमा कथावस्तु पात्रको सामान्य मनोजगत तथा यौन मनोजगतबाट टिपिन्छ । विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती मनोवेज्ञानिक उपन्यास हो (आचार्य, वस्नेत, २०६२ : ३६) ।

**ङ) दार्शनिक उपन्यास**

विश्वमा प्रचलित विभिन्न किसिमका दर्शनहरूमध्ये कुनै एउटा दर्शनका आधारमा आधारित विषयवस्तु टिपेर लेखिएका उपन्यास दार्शनिक उपन्यास हुन । दार्शनिक उपन्यासको उद्देश्य मनोरञ्जन प्रदान गर्ने नभई दर्शनको जानकारी दिनु रहेको हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यासलाई दार्शनिक उपन्यासका रूपमा लिन सकिन्छ ।

**च) जासुसी उपन्यास**

अपराधिक गतिविधि अर्थात हत्या, चोरी, डकैती अपहरण आदिबाट पीडित मानव समूहको उपस्थित गराई लेखिएको उपन्यास जासुसी उपन्यास हो । यस्ता उपन्यासहरूमा अपराधको अनुसन्धान र दोषीको जानकारी प्रस्तुत गरिएको हुन्छ । गिरिश वल्लभ जोशीको वीरचरित्र जासुसी उपन्यासमा पर्दछ ।

**छ) आञ्चलिक उपन्यास**

स्थानीय परिबेशलाई समेटेर लेखिएको उपन्यास आञ्चलिक उपन्यास हुन । यस्ता उपन्यासमा सानो क्षेत्रमा वर्णित भुवनोट स्थानीय परम्परा संस्कार आदिले विशेष महत्त्व पाउँछ । शंकर कोईरालाको खैरेनीघाट हिरण्य भोजपुरेको छिटेन जस्ता उपन्यास आञ्चलिक उपन्यास हुन् ।

**ज) पौराणिक उपन्यास**

पौराणिक विषयवस्तुमा आधारित उपन्यासलाई पौराणिक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा उपन्यासकारले पौराणिक घटना पात्र र परिवेशलाई आफ्नो लेखनकालाले आधुनिक सन्दर्भ दिएको पाईन्छ । राजेश्वर देवकोटाको द्धवद्धके अवसान उपन्यासलाई पौराणिक उपन्यास मान्न सकिन्छ ।

## ३.६.२ उद्देश्य वा औपन्यासिक तत्वका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा कुन तत्त्व कुन कुरालाई जोड दिइएको छ भन्ने कुरामा केन्द्रित रहि गरिने वर्गीकरण औपन्यासिक तत्त्वको आधारमा गरिने उपन्यासको वर्गीकरण हो । औपन्यासिक तत्त्वमध्ये कुन तत्त्वको प्रधानता छ भन्ने आधारमा उपन्यासलाई निम्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ (ढुङ्गेल, २०५९ : १७२) ।

**क) घटनाप्रधान उपन्यास**

उपन्यासमा पात्र र घटना महत्त्वपूर्ण पक्ष हुन् । घटनाप्रधान उपन्यासमा नायक के गर्छ भन्दा पनि अव कस्तो घटना घट्छ भन्नेतर्फ पाठक आकर्षित भएको पाइन्छ । घटनाप्रधान उपन्यासमा चरित्र र घटना दुवै हुन्छ । तर घटना प्रमुख हुन्छ । साहसिक, जासुसी र तिलस्वी उपन्यासहरू घटनाप्रधान उपन्यास हुन । वीरचरित्र, मेजरको औठी घटना प्रधान उपन्यास हुन् ।

**ख) चरित्रप्रधान उपन्यास**

उपन्यासमा अन्य तत्त्वहरूको दाँजोमा चरित्र वा पात्रलाई प्रधानता दिईन्छ भने तयो उपन्यास चरित्रप्रधान उपन्यास हो । मनोवैज्ञानिक र वौद्धिकक्ताले भरिएको उपन्यासलाई चरित्र प्रधान उपन्यासमा समेट्न सकिन्छ । चरित्रअनुकुल घटनाके प्रस्तुति चरित्र प्रधान उपन्यासमा गरिएको हुन्छ । विजय मल्लको अनुराधा, पारिजातको शिरीषको फूल चरित्रप्रधान हुन् ।

**ग) नाटकीय उपन्यास**

नाटकीय उपन्यासमा उपन्यासकारले पात्रहरूको चरित्रचित्रण अभिनयात्मक गराउँछन् । यस प्रकारको उपन्यासमा संवादको प्रस्तुति महत्त्वपूर्ण हुन्छ । संवादको माध्यमबाट उपन्यासको मूल अभिप्राय व्यक्त भईरहेको हुन्छ । यस्ता उपन्यासमा कथावस्तु पात्रका विभिन्न किसिमका क्रियाकलाप र चारित्रिक विशेषतामा आधारित हुन्छ । लीलबहादुर क्षेत्रीको बँसाइ उपन्यासलाई नाटकीय उपन्यासमा लिन सकिन्छ ।

**३.६.३ शैलीका आधारमा उपन्यासको वर्गीकरण**

उपन्यासको लेखन कुन शैलीमा भएको छ भन्ने आधारमा गरिने वर्गीकरण हो । यस आधारमा उपन्यासलाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ ।

**क) वर्णनात्मक उपन्यास**

वर्णनात्मक शैलीमा लेखिएको उपन्यास स्रष्टालेने नै सम्बन्धित घटनाको वर्णन तथा विवरण पेश गर्दछन् । यस प्रकारको उपन्यासमा पात्रको दृष्टिकोण र स्वभावको प्रत्यक्ष वर्णन हुन्छ । आफुले देखेको रूपमा चित्रण गर्दछ । रुपनारायाण सिंहको भ्रमर रुद्रराज पाण्डेको रुपमती वर्णानात्मक शैलीमा लेखिएको उपन्यास हुन ।

**ख) आत्मकथात्मक उपन्यास**

उपन्यासका नायक वा नायिकाको रूपमा उपन्यासकार आफ्नै आत्मा जीवनी प्रथम पुरुषको शैलीमा प्रस्तुत गर्दछ । भने त्यस्तो उपन्यासलाई आत्मा कथात्मक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा घटना संवादको सट्टा चरित्र चित्रणलाई महत्त्व दिइन्छ । मदममणि दीक्षितको  माधवी आत्मकथात्मक उपन्यासके उदाहरणमा पर्दछ ।

**ग) पत्रात्मक उपन्यास**

पात्रहरूका माध्यमले कथानक विकास गरी लेखिएको उपन्यासमा उपन्यासकारको व्यक्तिगत भावनाको स्वत्रन्त्र अभिव्यक्ति हुन्छ । पात्रात्मक शैलीको प्रयोग गरेर लेखिएको उपन्यासको उदाहरणमा असित राईको पहिरो जाने पहाडलाई लिन सकिन्छ ।

**घ) डायरी उपन्यास**

दिनभरका उल्लेखनिय वा स्मरणीय काम कुराको विवरण सङ्क्षिप्त रूपमा लेखिने पुस्तिका डायरी हो । डायरीमा झैं उपन्यासमा पनि दिनभरका उल्लेखनीय जीवनसित सम्बन्धित वा सामाजिक महत्व रहने कुराहरूको क्रमवद्धता सहीत  प्रस्तुति गरिन्छ । डायरी उपन्यासको कथानकलाई विस्तार गर्न महत्त्वपूर्ण भूमिका वहन गरेको हुन्छ । नेपालीमा डायरी शैलीमा उपन्यास लेखन परम्परा विकासित र सुढृण नभए पनि पारिजातको 'अन्तमुखी' मा यसको केहशी प्रयोग भएको पाइन्छ (ढुङ्गेल, २०५९ : १७४) ।

**ङ) चित्रात्मक उपन्यास**

उपन्यासमा कुनै खास किसिमको धारण प्रस्तुत गर्न उपन्यासकारले चित्रात्मक शैलीको उपयोग गरेको पाइन्छ । कुनै खास समाज वा घटनाको खास किसिमको सामाजिक, आर्थिक राजनैतिक, भौतिक सास्कृतिक तथ्यलाई थथार्थ रूपमा उतार्ने कामकालागि चित्रात्मक शैलीको प्रयोग उपन्यासमा गरिन्छ । आञ्चलिक र अतियथार्थवादी उपन्यास लेखनका निम्ति चित्रात्मक शैली उपयोगी हुन्छ । चित्रात्मक शैलीका उपन्यासको उदाहरणमा लैनसिंह वाङ्देलको लङगडाको साथीलाई लिन सकिन्छ ।

## ३.६.४ विचार वा प्रवृतिका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा कुनै न कुनै विचार वा प्रस्तुति अवश्य हुन्छ । सवै उपन्यासमा एउटै किसिमको विचार वा प्रकृति हुदैन त्यसैले विचार वा प्रवृत्तिका आधारमा उपन्यासलाइृ निम्न लिखित प्रकार विभाजन गर्न सकिन्छ ।

**क) आदर्शवादी उपन्यास**

मानिसले सधै आदर्श असल कुरालाई लक्ष्य गरेर त्यसको सिद्धि वा प्राप्तिका लागि काम गरेका संसार अवश्य सुन्दर र सुखद हुनेछ । भन्ने सिद्धान्को अनुयायीलाई आदर्शवादी भनिन्छ । यस्ता उपन्यासमा नीति र नियमको कठोर पालना हुन्छ । सम्पुर्ण र सेवाको भाव

उच्च देखिन्छ। उपन्यास लेखनको क्रममा आधुनिक कालका प्रारम्भमा आदर्शवादी उपन्यास लेखिएको देखिन्छ। विष्णुचरण श्रेष्ठको सुमती यस प्रकारको उपन्यास हो।

**ख) आदर्शोन्मुख यथार्थवादी उपन्यास**

उपन्यासको सूरुवात यथार्थ भई अन्त्य भने आदर्शमा हुन्छ भने त्यस्ता उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ । समाजका विकृति र विसंगतिमूलक यथार्थ घटनालाई टिपेर मानवले त्यसलाई त्यागेर असल मार्गमा लाग्नुपर्छ भन्ने उद्देश्य आदर्शोन्मुख यथार्थवादी उपन्यासमा पाइन्छ । रुद्रराज पाण्डेको रुपमती यसप्रकारको उपन्यास हो ( ढुङ्गेल, २०५९ : १७५) ।

**ग) सामाजिक यथार्थवादी उपन्यास**

सामाजिक यथार्थवादी उपन्यासकारले समाजका यथार्थ कुरालाई टिपेर राख्ने काम गरेको हुन्छ । उपन्यासमा सामाजिक जीवनका वास्तविकतालाई कथावस्तुका माध्यमबाट टपक्क टिपेर राखिदिने काम यथार्थवादी स्रष्टाको हो। समाजमा विद्यमान रहेका दुःख सुख पीर व्यथा, वेदना, छटपटि, उकाली, ओराली, उकुशमुकुश आदिलाई यथार्थ रूपमा प्रकट गर्ने कार्य सामाजिक यथार्थबादी उपन्यासमा हुन्छ । उपन्यास लेखन परम्परामा लैनसिह वाङ्गदेलको मुलुक बाहिर उपन्यासले सामाजिक यथार्थवादी उपन्यासके थालनी गरेको छ ( लामिछाने, २०५६ : ११३) ।

**घ) स्वच्छन्दतावादी उपन्यास**

मानिसका व्यक्तिगत अनुभवलाई सहज र स्वच्छन्द ढगबाट व्यक्त गर्नेकाम स्वच्छन्दतावादले गर्दछ । तार्किकता र बौद्धिकताका विपरित कल्पना र भाववेगमाथि विशेषजोड दिने कलात्मक प्रवृत्ति विशेष स्वच्छन्दतावाद हो (जोशी, २०३८ : १९) । अतीतोन्मुख तथा रहस्यवादी दर्शनका रूपमा बुझ्न सकिने स्वच्छन्दतावादको मूल मर्म यथार्थदेखि पलायन हुदै उन्मुक्त कल्पनाको विचरण गर्नु रहेको पाइन्छ।

नेपाली उपन्यास परम्परामा रुपनारायण सिंहको भ्रमर वि.सं. १९९३ देखि स्वच्छन्दतावादी धाराको अभ्युत्थान भएको हो (सुवेदी, २०६४ : ८४)।

यस बाहेक शिवकुमार राईको डाकवङ्गला (वि.सं. २०१३), हिरण्य भोजपुरको छिटेन आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् ।

### ङ) समाजवादी यथार्थवादी उपन्यास

मार्क्सीर्य दृष्टिकोणमा सहमति जनाउँदै उपन्यासमा स्रष्टाले आफ्ना अभिव्यक्ति प्रस्तुत गर्दै कालमार्क्सको समाजवादी दृष्टिकोणलाई अवलम्बन गरी लेखिएका उपन्यास जसले समाजमा विद्यमान रहेका शोषण, उत्पीडन, वर्गीय द्वन्द्व यथार्थवादी उपन्यास भनिन्छ । समाजका शोषित पीडित जनतामा वर्गीय चेतनाको अभिवृद्धि गरेर आफ्नो हक र अधिकार प्राप्तिका लागि उत्प्रेरित गरेको पाइन्छ (लामिछाने, २०५६ : ११४) ।

मान्छेका संस्कारम जरा गाडेर बसेका विविध प्रकारका विसङ्गतिहरूलाई समाजवादी यथार्थवादी रचनाले उखेलेर फ्याक्नु पर्ने वस्तुका रूपमा ठम्याएको हुन्छ । रुढि र भ्रमजाललाई चिर्न सक्ने वैज्ञानिक विचारको व्याख्या र विश्लेषण, जीवन र जगतलाई हेर्ने द्वन्द्वत्मक दृष्टि र विवेचना जस्ता कामको थालनी हुनुपर्ने कुरामा यसले जोड दिएको छ ( कट्टेल, २०६८ : ४३) । नेपाली साहित्यमा समाजवादी यथार्थवादी उपन्यासका रूपमा लिन सकिने उपन्यासमा डी.पी. अधिकारीको आशमाया (वि.सं. २०२५) हृदयचन्द्रसिंह प्रधानको स्वास्नी मान्छे (वि.सं. २०११) खगेन्द्र संग्रौलाको चेतनाको पहिलो ढाक (वि.सं. २०२७) आदि पर्दछन् ।

### च) आलोचनात्मक यथार्थवादी उपन्यास

समाजमा रहेका विविध विकृति विसङ्गतिप्रति आलोचना गरि लेखिएको उपन्यासलाई आलोचनात्मक यथार्थवादी उपन्यास भनिन्छ । आलोचनात्मक यथार्थवादी उपन्यासमा समाजका रहेका यथार्थ चित्रण गर्ने क्रममा शोषित, पीडित तथा गरिबप्रति सहानुभूति दर्साएको हुन्छ । हृदयचन्दंसिह प्रधानको एक चिहान, दौलतविक्रमको विष्टको भोक र भित्ताहरू आदि उपन्यासलाई आलोचनात्मक यथार्थावादी उपन्यासमा लिन सकिन्छ (ढुङ्गेल, २०५९ : १७६, १७७) ।

### छ) अस्तित्ववादी उपन्यास

आफ्नो अस्तित्वका लागि सदै लडिरहन्छ भन्ने मान्यतामा अडिक भएर लेखिएका उपन्यास अस्तित्ववादी उपन्यास हुन् । यस्ता उपन्यासहरूमा सामाजिक मान्यतामा भन्दा बढी व्यक्तिगत अस्तित्व जर्गेर्नाका निम्ति गरिएका सङ्घर्षहरूलाई विषयवस्तुका रुपमा अस्तित्ववादी उपन्यासमा समेटिएका हुन्छन् । धर्तीमा मानवको जन्म भएपछि उ विसङ्गतिमा रुमलिन पुग्छ र ऊ आफ्नो अस्तित्ववादी सदैव लडिरहन्छ भन्ने मान्यतामा

अस्तित्ववादी उपन्यास लेखिन्छ । नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको तीनघुम्ती र पारिजातको शिरीषको फूल लाई अस्तित्ववादी उपन्यासका रूपमा लिन सकिन्छ ।

**ज) मनोविश्लेषणवादी उपन्यास**

मानव मनमा अचेतन रूपमा रहेका कुण्ठा, मनोग्रन्थिको विश्लेषण गर्ने जिजीविषालाई मनोवैज्ञानिक उपन्यासले आफ्नो कथ्य बनाउँछ र यसमा व्यक्तिका निजी समस्याहरूलाई समेटिएका हुन्छन् । सिग्मण्ड फ्रायड र उनको समकक्षी अल्फ्रेड एड्लर कार्लज युङ्ले मनोवैज्ञानिक सिद्धान्तका प्रतिपादन गरेपछि उपन्यासकारले मनोविश्लेषणवादी धारामा उपन्यास लेख्न थालेको पाइन्छ ।

यस प्रकृतिका उपन्यासहरूमा व्यक्तिका वासना, दमित इच्छा, हीनताभाव स्वपीडन, परपीडन रतिराग जस्ता वैयक्तिक मानवीय प्रकृतिक अर्थात व्यक्तिको आन्तरिक मनको चिरफार गरिन्छ ।

नेपाली उपन्यास परम्परामा गोविन्दबहादुर गोठालेको पल्लोघरको झ्याल उपन्यासलाई मनोविश्लेषणवादी उपन्यासका रूपमा लिन सकिन्छ (आचार्य, वस्नेत, २०७२ : १२) ।

**झ) विसङ्गतिवादी उपन्यास**

सर्वत्र असङ्गति र विसङ्गत नै जीवनजगतको मूलभुत कुरा हो भन्ने मान्यता विसङ्गतिवाद हो । पहिलो र दोस्रो विम्ब युद्धमा भएको नरसंहार, विध्वंश र अवस्थितिले मूल्यहीन अवस्थामा पुगेको मानवजीवनको यथार्थलाई साहित्यका सन्दर्भमा विसङ्गतिवादी धाराले प्रस्तुत गरेको पाइन्छ (कट्टेल, २०६८ : ४१) ।

जीवन र जगतबीच असङ्गत देख्ने तथा जीवनप्रति नै घृणा तथा वितृष्णा जगाउने प्रवृत्ति बोकेको उपन्यासहरू विसङ्गतिवादी उपन्यास हुन नेपाली उपन्यास लेखनका क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालाको नरेन्द्र दाइ, पारिजातको शिरीषको फूल जस्ता उपन्यास विसङ्गतिवादी उपन्यास हुन् (लामिछाने, २०५६ : ११५) ।

**ञ) प्रयोगवादी उपन्यास**

पहिलेदेखि चलिआएको उपन्यास लेखन परम्परामा रहेको अनावश्यक प्रक्रिया हटाई समयानुकुल नवीन शैलीमा लेखिएको उपन्यासलाई प्रयोगवादी उपन्यास भनिन्छ । यस प्रकारका उपन्यासहरूम परम्परागत उपन्यास भन्दा नयाँ शैली नयाँ ढाँचा र नवीन शिल्प

भएको देखिन्छ । नेपाली उपन्यासका क्षेत्रमा ध्रुवचन्द्र गौतमको डापी मञ्जुलको छेकुडोल्मा र दसजना उपन्यासकारहरूद्धारा संयुक्त रूपमा तयार पारिएको आकाश विभाजित छ उपन्यासहरू प्रयोगवादी उपन्यास हुन् ।

**ठ) मिथकीय उपन्यास**

वर्तमानका जटिल यथार्थलाई आदिमतासंग जोडेर मानव मनको समष्टि चेतनामा नयाँ धरातलको निर्माण गर्ने काम मिथकीय उपन्यासले गरेको पाइन्छ । यस शैलीमा उपन्यास लेख्ने उपन्यासकारहरू प्राचीन कथा वा घटनाका उपयोगीहरू कुराहरू आधुनिक मानव समाजमा पुनः प्रयोग गरिनुपर्छ भन्ने मान्यता राख्दछन् । प्राचीन र पौराणिक ग्रन्थहरूको कथावस्तुकालई टिपेर आधुकिन सन्दर्भमा प्रस्तुत गर्ने काम मिथकिय उपन्यास लेखन प्रक्रियामा गरिन्छ । नेपाली उपन्यास लेखन परम्परामा विश्वेश्वरप्रासद कोइरालाको सुम्निमा मदनमणि दीक्षितको माधवी मिथकिय उपन्यास अर्न्तगत पर्दछन् (ढुङ्गेल, २०५९ : १७८) ।

## ३.६.५ आयाम वा आकारका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासको आकार कस्तो छ ? उपन्यास ठूलो आकारको छ वा सानो आकारको भन्ने आधारमा गरिएको वर्गीकरण नै आयाम वा आकारमा गरिएको उपन्यासको वर्गीकरण हो । यस आधारमा उपन्यासलाई निम्न अनुसार दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

**क) लघु उपन्यास**

मानव जीवनका पूर्व पक्षहरूलाई नसमेटी केही पक्षहरूमात्र समेटिएको साना आकारमा संरचित उपन्यासलाई लघु उपन्यास भनिन्छ । नेपाली साहित्यमा लैनसिंह वाङ्देलको लङ्गडाको साथी, गोविन्दबहादुर मल्ल गोठालेको पल्लो घरको झ्याल आदि लघु उपन्यास हुन् ।

**ख) बृहत् उपन्यास**

मानव जीवनका विविध पक्षहरूको उद्घाटन गरी ठूलो आकारमा संरचित उपन्यासलाई बृहत् उपन्यास भनिन्छ । नेपाली उपन्यास लेखन परम्परामा भवानी भिक्षुको आगत मदनमणि दीक्षितको माधवी विनोदप्रसाद धितालके योजनागन्धा आदि हुन् ।

## ३.७ उपन्यासका तत्त्वहरू

उपन्यासका तत्त्वहरू के कति रहेका हुन्छन भन्ने बारेमा विद्वानहरूको एकमत देखिदैन । कृष्णचन्द्र प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, उद्देश्य र वातावरणलाई उपन्यासका आधारभुत तत्त्व भनी निर्धारण गरेका छन् । त्यस्तै राजेन्द्र सुवेदीले कथानक, चरित्र, कथोपकथन द्वन्द्व परिवेश, विचार र कौतुहल भनी निर्धारण गरेका छन् । ऋषिराज बरालले कथानक, चरित्रहरू, सारतत्त्व, दृष्टिविन्दु, भाषाशैली र कार्यपीठिकालाई उपन्यासका तत्त्व मानेका छन् । कृष्णहरि वराल र नेत्र एटमले कथानक, चरित्र, र चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु,सारवस्तु, भाष, प्रतीक र बिम्ब तथा गति र लय भनी निर्धारण गरेका छन् (बराल, २०५६ : २२) । यी विभिन्न उपन्यासका तत्त्वहरूबाट मुख्य तत्त्वहरू निम्नानुसार निर्धारण गर्न सकिन्छ ।

### ३.७.१ कथानक

घटनाको व्यवस्थित विन्यास कथानक हो । यो उपन्यासको महत्त्वपुर्ण तत्त्व हो । यसलाई कार्यकारणको तारतम्यपूर्ण सुत्रबद्धस्वरुप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको जम्माजम्मिमा उपन्यासको आकृति हुन्छ (प्रधान, २०६१ :.७) । कथानकको भूमिका चरित्रप्रधान उपन्यासमा कम जस्तो लागे पनि घटनाप्रधान उपन्यासमा अत्यधिक रहन्छ । कथानकमा पात्र तथा घटनाहरू कथात्मक रूपमा स्वटर उधारेझै सरर नभनेर एकअर्कासँग सम्बन्धित तुल्याउदै कारण जोड्ने हुनाले यसले पाठकमा पर्ने जिज्ञासालाई शान्त गर्दै लैजान्छ । कथानकलाई अगाडि बढाउन पात्रहरू बिच हुने स्वभाविक खालका शाह्य तथा आन्तरिक द्वन्द्व र क्रियाकलापले भूमिका खेल्दछन् । उपन्यास लेखनमा त्रममा लेखकले कुनै न कुनै स्रोतबाट कथानक लिएको हुन्छ । यस्ता स्रोतहरू सामान्यतयाः इतिहास, थथार्थमूलक अनुभव मिथक रागात्मक सौन्दर्य र स्वैरकल्पना हुन् । सुरुदेखि अन्त्यसम्म कथाले मूलतः पाँचवटा तह पार गर्दछ । जसलाई कथानकको आङ्गीक विकास भनिन्छ । ती आरम्भ, सङघर्ष विकास, चरम सङ्घर्षह्रास र उपसंहार हुन् ।

### ३.७.२ चरित्र

चरित्र उपन्यासको अर्को अभिन्न अङ्ग हो जसले कथानकलाई बोकेर अगाडि बढ्दछ । यसलाई पात्र, भोक्ता वा सहभागी पनि भनिन्छ । चरित्रबाट नै घटना जन्मन्छन् र यथार्थको समेत उद्घाटन हुन्छ । उपन्यासमा मानवजिवनको व्यापकता झल्काउने बहुल पात्रको प्रयोग हुन्छ । जसका माध्यमबाट उपन्यासकारले आफ्ना विचारपाठक समक्ष

पुऱ्याउँछ । उपन्यासकारले उपन्यासमा के भन्न चाहन्छ । उसको दष्टिकोण कस्तो छ भन्ने कुरा चरित्र र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट थाहा पाउँन सकिन्छ । चरित्रहरूको संवादकार्य र गतिमा कथावस्तु तथा उद्देश्यको पनि विस्तार हुन्छ (सुवेदी, २०५३ : १७) । उपन्यासमा मानवीय तथा मानवेत्तर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको हुन्छन् । उपन्यासका मानवीय पात्रहरू कुनै खास वर्ग प्रवृतिका आधारमा विविध प्रकारका हुन्छन् । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा प्रयोग हुन सक्ने पात्रहरूलाई छ जोडीका प्रकारमा बाँडेका छन् । जस्तै : गतिशील र गतिहीन, यथार्थ र आदर्श अन्तरर्मखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक यस्तै मोहनराज शर्माले लिङ्ग, कार्य, प्रकृति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा पनि चरित्रका विविध प्रकार  बताएका छन् ।

### ३.७.३ पर्यावरण

उपन्यासमा पात्रहरूका कार्यकलापहरू जहाँ सञ्चालन हुन्छन् वा घटनाहरू जहाँ घट्छन् त्यो ठाउँ उपन्यासले लिएको समय र उपन्यास पढ्दै जाँदा पाठकमा पर्न सक्ने मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । यसरी हेर्दा पर्यावरणचित्र देशकाल र वातावरण पर्न सक्दछ्न (शर्मा, २०५० : १७४ १७५) ।

#### ३.७.३.१ देशकाल

देशकालभित्र उपन्यासले लिएको कुनै निश्चित समय र उपन्यासमा पात्र र घटनामार्फत बुझिने अर्थात सिधै वर्णित स्थानविशेष पर्दछन् । देशकाल कथानकसँगै जोडिएर आउने आधारभुमि हो । कुनै उपन्यासमा उपन्यासकारले भुगोल, सस्कृति,जाति, समयको सपाट चित्रण र वर्णन गर्छ । कुनैमा भने पात्र र घटनाको प्रकृति हेरेर वा तिनको रीतिरिवाज, चालचलन, भेषभुषा, बोलीचाली आदिमार्फत पनि बुझ्न सकिन्छ । आञ्चलिक उपन्यासमा देशकाललाई महत्त्व बढी हुन्छ । आज उत्तरआधुनिकवादी उपन्यासकारहरूले भने देशकाललाई कम महत्त्व दिएको पाइन्छ । विश्वजनिन प्रवृत्तिका उपन्यास लेखिने यो समयमा देशकाल स्वतः गौण हुँदै गएको छ ।

#### ३.७.३.२ वातावरण

उपन्यासमा पढ्दा त्यसले पैदा गर्ने मानसिक स्थितिलाई वातावरण भनिन्छ । घटना तथा पात्रहरूको जिवन्त र सजीव प्रस्तुति भएका उपन्यासले पाठकमा रोचक तथा घोचक

खालको वातावरण सिर्जना गर्न सक्दछ । यो मानसिक अवस्थासँग सम्बद्ध हुनेहुँदा भाव पनि भनिन्छ । उपन्यासको कथानक पढ्दै जादा पाठकमा उत्पन्न हुने दुःख सुख, घृणा, क्रोध, करुणा, प्रेम, नैराश्य, हर्ष आशक्ति आदि भावनाको उद्‌बोधन र तिनको परिवृति नै वातावरण हो ।

### ३.७.४ उद्देश्य

सारवस्तु उपन्यासको महत्त्वपूर्ण पाटो हो । यो उपन्यास लेखनको उद्देश्य तथा परिणति हो । यसलाई उद्देश्य तथा विचार पनि भनिन्छ । उपन्यासले निचोडमा भन्न खोजेको अर्थात समाख्याताबाट सम्प्रेषण गर्दा चाहेको गुदी कुरोलाई सारवस्तु मान्न सकिन्छ । लेखकको जीवनको दर्शनको भारवहन गर्ने सारवस्तु उपन्यासको अर्थ हो । यो उपन्यासमा कोरा उपदेशात्मक वा घोषणत्मक रूपमा भन्दा कलात्मक रूपमा आएर अन्त्यमा पाठकलाई तत्वबोध गराउँछ । उपन्यासमा विचारको संवाहन कुनै बिम्बप्रतिक तथा भाषिक विचलन, लक्षणा व्यञ्जना जस्ता कुनै पद्धतिद्धारा अभिव्यक्त गर्न सकिन्छ (बराल र अन्य, २०५६ : ४२) ।

### ३.७.५ दृष्टिविन्दु

दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँछ । अर्थात कथाकार र पाठकवर्ग बीचको सम्बन्धसुत्र नै दृष्टिबन्धसुत्र नै दृष्टिविन्दु हो । यसबाट कथानक कसले र कसरी भनेको छ भन्ने कुरा ज्ञात हुन्छ । कुनै उपन्यासमा कथतिया स्वयम् सहभागी भएको हुन्छ । कुनैमा अरुलाई नै पात्रको रूपमा खेलाडीझैँ खेलाएर आफु परै बसेको  त्यसको वर्णन गर्ने गर्दछ । दृष्टिविन्दु बाह्‌य तथा तृतीय पुरुष र आन्तरिक तथा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छन् ।

#### ३.७.५.१ बाह्य तथा तृतीय पुरुष दृष्टिविन्दु

कथयिता कथानकभित्र सहभागी नभई बाहिरै बसेर अन्य पात्रहरूको उपस्थितिमा घटना घटाउँदै त्यसको वर्णन हुन्छ भने त्यो बाह्रय वा तृतीय पुरुष दृष्टिविन्दु हो । यो पनि ३ प्रकारको हुन्छ र सर्वज्ञ र सीमित

सर्वज्ञ दृष्टिविन्दुलाई सर्वदर्शी दृष्टिविन्दु पनि भनिन्छ । यसमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै पात्रको आन्तरिक जीवनको चिनारी

दिइन्छ । (बराल र अन्य, २०५६ : ३६ कथानक बाहिर बसेर पनि सम्पूर्ण घटना तथा यसको कुरा नियाली विस्तार पूर्वक बयान गर्दै जान्छ ।

सीमित दृष्टिविन्दुमा भने कथावाचकको भूमिका सीमित हुन्छ । कुनै खास वर्ग विचार भिन्न रही सीमित पक्षबाट कुराको चर्चा गर्छ

**३.७.५.२ आन्तरिक तथा प्रथम पुरुष दृष्टिविन्दु**

यसमा कथयिता नै म पात्र तथा नायकको रूपमा आएर अन्य पात्र तथा घटनाको बारेमा वर्णन गर्छ । प्रथम पुरुष दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हून्छ ।

कथयिताले कथानक आफ्नो महत्त्वपूर्ण स्थान हुन्छ र आफ्नै आत्मकथाका रूपमा सरसरती बताउँछ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिविन्दु हुन्छ । परिधीय दृष्टिविन्दुमा भने कथयिताको उपस्थिति कथानकमा म पात्रकै रूपमा भए पनि ऊ अलिपर रहन्छ । अर्थात् चित्रणको केन्द्रिय पात्र अर्को नै हुन्छ ।

**३.७.६ भाषाशैलीय विन्यास**

यस अन्तर्गत भाषिक तथा शैलीय बनोट अर्थात भाषा, शैली, बिम्ब, प्रतीक अलङ्कार, गति, लय आदि पर्दछ । उपन्यास पाठ्यप्रधान साहित्यिक विधा हो । यसमा भाषाको सर्वोपरि स्थान रहन्छ । भाषाका माध्यमबाटमात्र लेखकले उपन्यासको आकृति खडा गरी आफ्ना विचार सशक्त र जीवन्त रूपमा संवहन गराउँछ । उपन्यासमा कथ्य लेख्य दुवै खाले भाषाको प्रयोग हुन्छ । पात्र, घटना, परिवेश अनुरुप स्वभाविक भाषा उपन्यासमा प्रयोग हुन्छ र भाषामा रोचकता तथा कलात्मकताको अपेक्षा उपन्यासले गरेको हुन्छ । साहित्य भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाईने सौन्दर्यचेतना भाषिक कलाके आधारमा खडा भएका हुन्छ । (श्रेष्ठ, २०६४ : ३७) भाषामा परम्परित नियमले बोकेके भन्दा भिन्नै अर्थ खोज्दै व्याकरिणक बिचलन, बिम्बप्रतीक, लक्षणा व्यञ्जनाबाट भाषिक सौन्दर्य खोजिनु आजका उपन्यासमा भाषिक विशेषता छन् ।

शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिकासँग सम्बन्धित कुरा हो । उपन्यासमा भाषालाई कुन विधिद्वारा प्रयोग गर्ने र बढी रोचक एवम् सजीव बनाउने भन्ने कुरा यसले बुझाउँदछ । उपन्यास लेखनको क्रममा प्रयोग गरिने वर्णनात्मक, विश्लेषणात्मक, सस्मरणात्मक, पात्रात्मक आदि शैलीले सीपसौन्दर्यलाई बुझाउँछन् ।

उपन्यासलाई मिठासपूर्ण बनाउनको लागि प्रतिक तथा बिम्बको प्रयोग गरिन्छ । कुनै पनि मूर्त बस्तुको प्रयोगद्धारा अमूर्त वा भावको उल्लेख गर्न प्रयोग गरिने वस्तु वा घटना नै प्रतिक हो । प्रतिकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्छ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मिठोसँग भन्दछ । उपन्यासमा प्रयोग गरिने प्रतीकहरू वैयक्तिक र सार्बभौमिक गरी दुई प्रकारका हुन्छन् । वैयक्तिक प्रतीक लेखकको मौलिक सिर्जना हो । यसलाई बुझ्न लेखकीय सिर्जनाको परिवेश, अनुभुति, विचारभारालाई बुझ्नुपर्ने हुन्छ । भने सार्वभौमिक प्रतिक चाँहि लगभग एउदै अर्थमा प्रयोग गरिन्छ ।

उपन्यासमा गति भनेको कथानकको विकासमा रहेको वेग हो (श्रेष्ठ, २०६४ :.४२) । कुनै उपन्यासमा कथानकको विकासको वेग तीब्र हुन्छ भने कुनैमा मन्द हुने गर्छ । वर्णनात्मक शैली र लामा संवाद तथा वाक्यमा उपन्यासके गति कम हुन्छ । वास्तवमा औपन्यासिक गति लेखनको पद्धतिमा निर्भर गर्दछ । ती पद्धति दृश्यात्मक र सङ्क्षेप पद्धति हुन् (बराल र अन्य, २०५६ : ४२) ।

दृश्यात्मक पद्धतिमा उपन्यासकारले सम्पूर्ण सानातिना घटना तथा गौण पात्रको पनि रुचि लिएर विस्तारपुर्वक दृश्यका रूपमा प्रदर्शन गर्दै कथानक अगाडि बढाउँछ । दृश्यात्मक पद्धतिमा कथानकको गति मन्द हुन्छ । पात्रहरको संवाद कार्यपीठिका, पात्रको मनोद्वन्द्व, गतिविध अदि समाहित पार्ने काम यसमा हुन्छ ।

सङ्क्षेप पद्धतिमा छोटोछरीतो रूपमा मसिना कुराहरूलाई काट्दै कथानक अगाडि बढ्छ । पात्रका कतिपय त्रियाकलाप र सानातिना घटनाहरू सूचनाको भरमा अगाडि बढ्दछन् भएगरेका सम्पूर्ण घटना र कार्यहरूको सार खिचिन्छ र समयको पनि खासै महत्त्व नहुने पद्धति सङ्क्षेप पद्धति हो कम आवश्यक कुराहरूको बिम्ब चित्र प्रस्तुत नगर्नाले उसमा औपन्यासिक गति तीब्र हुन्छ ।

उपन्यास गद्ययमा लेखिए पनि यसको आफ्नै ढाँचा र छन्द हुन्छ । भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गितिकताभित्र निहित मूर्च्छनालाई गद्य भाषामा लय भनिन्छ । विचलनयुक्त शब्दहरूबाट, ध्वनिको पुरावृतिबात तथा आलङ्कारिक बिम्बात्मक भाषा आदिबाट लय उत्पन्न हुन्छ । लयको माध्यमबाट यो अपरिहार्य तत्त्व बनेको छ ।

यी तत्त्वहरूका आधारमा उपन्यासलाई विश्लेषण गरिन्छ र उपन्यास कत्तिको प्रभावकारी छ वा मूल्यवान छ भन्ने कुरा ठम्याइन्छ । यहाँ विभिन्न विद्वान्का विचारहरूलाई तुलनात्मक रूपमा उल्लेख गर्दै विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ३.८ उपन्याससँग अन्य साहित्यिक विधाको सम्बन्ध

साहित्य विचार अभिव्यक्तिको वाटो हो । यसका विविध विधाहरू छन् । उपन्यास साहित्यकै एउटा नवीन र विकसित विधा हो । यो आख्यानको एउटा प्रकार भएको हुँदा यसको निकटको सम्बन्ध सामान्य तथा आख्यानका अन्य विधासँग रहेको हुन्छ । उपन्यास र अन्य साहित्यिक विधा बिच प्रसस्तै समानता र असमानता विद्यमान रहेका छन् । यहाँ उपन्यास विधासँग कथा, निबन्ध, नाटक र महाकाव्य विधाको सम्बन्ध बारे चर्चा यस प्रकार गरिएको छ (आचार्य वस्तेत, २०६२ : १७) ।

### ३.८.१ उपन्यास र कथा

उपन्यास र कथा दुबै गद्य विधामा लेखिने आख्यानत्मक कृति हुन्.। कतिपय तत्त्वहरू दुबैमा समान हुन्छन् । दबै साहित्यका श्रव्य/पाडठ्य विधा हुन् । यी दुबैका बीच रहेका समानता र भिन्नतालाई निम्नानुसार देखाउन सकिन्छ ।

**समानताहरू**

क) उपन्यास र कथा दुबैमा आख्यान तत्त्व रहेको हुन्छ

ख) उपन्यास र कथा दुबैमा घटना, पात्र, वातावरण आदि महत्त्वपुर्ण हुन्छन् ।

ग) दुबै विधामा कथायिताको उपस्थिति अनिवार्य हुन्छ ।

**भिन्नताहरू**

क) कथाको आकार छोटो हुन्छ तर उपन्यास ठूलो आकारको हुन्छ ।

ख) कथामा थोरै पात्र हुन्छ भने उपन्यासमा धेरै पात्र हुन्छन् ।

ग) कथाले जीवनको एक पाटाको चित्रण गर्दछ भने उपन्यासले मानव सभ्यताको विविध पक्षको चित्रण गर्दछ ।

उपन्यास र कथाको सम्बन्ध साहित्यका अन्य विधासँग जस्तै घनिष्ट हुन्छ । उपन्यास विशालतामा उभिन्छ भने कथा लघु आयाममानै ठडिन्छ । यी दुबै स्वतन्त्र विधा हुन् ।

### ३.८.२ उपन्यास र आत्मकथा

लेखकको आफ्नो  जीवनसँग सम्बन्धित वर्णन नै आत्मकथा हो । आत्मकथाद्वारा लेखक आफ्नो विगतको पुनरावलोकन गर्नुका साथै एउटा व्यापक पर्विशमा आफ्नो जीवनको महत्त्व देखाउन सक्छ, । अर्को शब्दमा भन्ने हो भने कुनै पनि व्यक्तिले स्वयम् आफ्नो विषयमा लेखकको जिवनी नै आत्मकथा हो । आत्मकथा लेखकका दुई उद्देश्यहरूदेखिन्छन् । पहिले उद्देश्य लेखकको निर्माण,आत्म परीक्षण वा आत्म समर्थन वा अतीततको स्मरण गरी आफूलाई मूल्याङ्कन गर्न दोस्रो उद्देश्य लेखकका अनुभवहरूबाट अन्य व्यक्तिहरूले लाभ उठाउन सकुन भनेर उपन्यास र आत्मकथामा पाईने समानता र भिन्नताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**समानताहरू**

१. आत्मकथा र उपन्यास दुबै साहित्यका श्रब्य पाठ्य विधाअन्तर्गत पर्दछ ।

२. यी दुबैमा गद्य र भाषाको प्रयोग हुन्छ ।

३. आम्मकथा र उपन्यास दुबैको प्रस्तुति अप्रत्क्ष हुन्छ ।

४. आत्मकथा र उपन्यास दुबै आख्यानात्मक विधा हुन् ।

५) आत्मकथा र उपन्यास दुबैको आकार बृह्त हुन्छ ।

६) दुबैमा चरित्र तत्त्वले प्रधानता पाएको हुन्छ ।

**भिन्नताहरू**

१. आत्मकथामा आन्तरिक दृष्टिविन्दु हुन्छ भने उपन्यासमा आन्तरिक र बाह्रय दुबै दृष्टिविन्दुको प्रयोग गर्न सकिन्छ ।

२. उपन्यासमा वस्तुपरकताको बाहुल्य हुन सक्छ तर आत्मकथामा आत्मपरकताको बाहूल्य हुन्छ ।

३. उपन्यासमा विभिन्न प्रकारका पात्रहरू हून्छन् तर आत्मकथामा एक्लो म पात्र रहन्छ ।

४. उपन्यास पात्रको आन्तरिक र बाह्य्य वातावरणको चित्रण हुन्छ तर आत्मकथामा पात्रको आफ्नै आन्तरिक वातावारणको मात्र चित्रण हुन्छ ।

### ३.८.३ उपन्यास र निबन्ध

उपन्यास र निबन्ध दुबै गद्य विधा हुन् । यी दुई विधा बीच निम्नानुसार समाता र भिन्नताहरू पाइन्छन् ।

**समानताहरू**

क) उपन्यास र निबन्ध दुबै गद्य विधा हुन् ।

ख) उपन्यास र निबन्ध दुबै श्रव्य विधा हुन् ।

ग) दुबेको गठन स्थल र प्रस्तुति अप्रत्यक्ष हुन्छ ।

**भिन्नताहरू**

क) उपन्यासको आकार बृहत् हुन्छ भने निबन्ध छोटो हुन्छ ।

ख) उपन्यासमा कथाकथन महत्त्वपूर्ण हुन्छ भने निबन्धमा दृष्टिकोण महत्त्वपूर्ण हुन्छ ।

ग) उपन्यासमा आन्तरिक वा बाह्य दृष्टिविन्दु दुबैको प्रयोग गरी लेखिन्छ भने निबन्धमा प्रायः आन्तरिक दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

उपन्यास र निबन्धको सम्बन्धलाई नियाल्दा समग्रमा यी दुबै विधा आ-आफ्नै मौलिक अस्तित्व भएका आधुनिक साहित्यका विधा भएकाले यी दुबै विधामा आ-आफ्नै पहिचान छ र एक अर्कामा पृथक छन् ।

### ३.८.४ उपन्यास र नाटक

उपन्यास र नाटक साहित्यका दुई स्वतन्त्र विधा हुन् । नाटक साहित्यको पुरानो विधा हो भने उपन्यास आधुनिक विधा हो । यी दुबैका बीच रहेका समानता र भिन्नताहरूलाई निन्नानुसार देखाउन सकिन्छ :

**समानताहरू**

१. उपन्यास र नाटक दुवै गद्य भाषमा लेखिनछन् ।

२. उपन्यास र नाटक दुबै आख्यान हुन् ।

३. उपन्यास र नाटकले मानव जीवनको विविध पक्षहरूको चित्रण गर्दछन् ।

**भिन्नताहरू**

१. उपन्यास श्रव्य/पाठ्य साहित्यिक विधा हो भने नाटक दृश्य /मञ्चीय साहित्यिक विधा हो ।

२. नाटकमा अङ्क, दृश्यको विभाजन अनिवार्य हुन्छ भने उपन्यासमा अङ्क दृश्यको विभाजन ऐच्छिक हुन्छ ।

३. उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग हुन्छ भने नाटकमा कार्यात्मक शैलीको प्रयोग हुन्छ ।

४. संवाद उपन्यासमा ऐच्छिक हुन्छ, नाटकमा अनिवार्य हुन्छ ।

५. उपन्यास बन्धामुक्त हुन्छ तर नाटक बन्धायुक्त हुन्छ ।

उदाहरणका लागि उपन्यासमा हत्या, पर्वतारोहण, आतङ्क, कुटपीट आदि सबै वर्णन गर्न सकिन्छ तर नाटकमा यी सबै कुराहरू देखाउन गाह्रे हुन्छ । आजकाल अत्याधुनिक दृश्य सामाग्रीहरूको प्रयोगले यी कुराहरू पनि समावेश गर्ने क्रम सूरु भएको देखिन्छ ।

**३.८.५ उपन्यास र महाकाव्य**

महाकाव्य कविताको बृहत्तम रूप हो भने उपन्यास गद्यको बृहत्तम रूप हो यी दुबैमा रहेका समानता र भिन्नताहरूलाइ निम्नानुसार देखाउन सकिन्छ ।

**समानताहरू**

क) उपन्यास र महाकाव्य दुबैमा बृहत् आकार र विशाल आयाम हुन्छ ।

ख) मानव जीवनका विविध पक्षहरूको प्रस्तुति दुबै विधाको उद्देश्य हुन्छ ।

ग) उपन्यास र महाकाव्य दुबैमा आख्यानको अनिवार्य आवश्यकता हुन्छ ।

घ) उपन्यास र महाकाव्य दुबैमा चरित्र चित्रण वर्णन र प्रस्तुतिकरणको स्वतन्त्रता हुन्छ ।

**असमानताहरू**

क) उपन्यास गद्यमा लेखिन्छ भने महाकाव्य पद्यमा लेखिन्छ ।

ख) महाकाव्य सर्गबद्ध हुन्छ तर उपन्यासमा यसको प्रयोग अनिवार्य छैन ।

ग) महाकाव्यमा कलात्मक प्रस्तुति हुन्छ भने उपन्यासमा अनुभुतिको सामान्य अभिव्यक्ति हुन्छ ।

घ) महाकाव्यले आदर्शको महान् चित्रण गर्दछ भने उपन्यासमा आदर्शको साधारण चित्रण हुन्छ ।

उपन्यास र महाकाव्य दुबै साहित्य विधामा प्रसस्तै समानता र असमानता भए पनि यी दुवै विधाको उद्देश्य पनि फरक फरक छ । आधुनिक साहित्यमा महाकाव्यको स्थान उपन्यासले लिएकोले यो आजको लोकप्रिय विषय बनेको छ ।

उपन्यासले समाजका जीउँदा जाग्दा विषय समेट्ने हुनाले युग महाकाव्यको नभई उपन्यासको युग भएको छ (आचार्य, वस्नेत, २०६२ : १९) ।

### ३.८.६ सारांश

यसप्रकार उपन्यासका सैद्धान्तिक पक्षहरूले उपन्यास बनोटलाई पूर्णता दिएको हुन्छ । विभिन्न शब्दको संयोजनबाट उपन्यास विधा निर्माण भएको पाइन्छ । हिन्दी तथा अङ्ग्रेजी शब्दका विभिन्न रूप ग्रहण गर्दै नेपाली साहित्य विधामा उपन्यास स्थापित भएको छ । प्राचिन समयमा काल्पनिक घटनाहरू विषयवस्तु बनाउँदै उपन्यास लेखन अगाडि बढेको पाइन्छ भने हाल आएर यथार्थ घटनामा विशेष केन्द्रित भई सामाजिक यथार्थवादी उपन्यास रचनामा लेखन केन्द्रित रहेको पाइन्छ । विभिन्न अङ्ग्रेजी, हिन्दी तथा शब्दकोशले उपन्यासलाई आफ्नै तरिकाले परिभाषित गरेका छन् । पाश्चात्य साहित्यबाट आएको उपन्यास भएतापनि नेपाली साहित्यमा समेत गतिलो विधा बनेको पाइन्छ । कसैले आख्यानात्मक रचना त कसैले कल्पित गद्य आख्यान भनेका छन् । अर्कोतर्फ साहित्य कला हो भनेका छन, महाकाव्य भनेका छन् । पूर्वापर तारतम्यक सु-सम्बद्ध आख्यानात्मक रचना भनेका छन् । समग्र जीवनको समग्र व्यक्तित्व मर्यादालाई पालना गरी संक्षेपमा व्यक्त हुनु उपन्यासको स्वरुप हो । औपन्यासिक रचनाहरूले उपन्यासको क्षेत्रमा सहयोग पुऱ्याएको पाइन्छ । क्रमिक रूपमा नेपाली भाषामा आख्यान लिपिबद्ध भएको र क्रमिक रूपमा उपन्यास विधाले आफ्नो क्षेत्र स्थापित गर्दै विभिन्न कालखण्डमा विभिन्न खालका उपन्यास लेखिएका छन् । विभिन्न कमि कमजोरी भएतापनि तिनका आफ्नै विशेषता र महत्त्व रहेको पाइन्छ । विभिन्न धारामा विभिन्न क्षेत्र, विषयवस्तुलाई समेट्दै घटनाक्रमलाई विभिन्न मोडमा प्रस्तुत गरी उपन्यास लेखिएको पाइन्छ । विशेषतः विषयवस्तुका आधारमा, शैलीका आधारमा, कथानकका आधारमा, आयाम वा आकारका आधारमा, तत्त्वका आधारमा यहाँ उपन्यास के कस्ता हुन्छन् भनेर यस परिच्छेदमा स्पष्ट पारिएको छ । उपन्यासका अन्य विधासँग सम्बन्ध समेत स्पष्ट पारिएको छ ।

यस प्रकार विशेष गरी सामाजिक क्षेत्रमा रहेर जटिल समस्याहरू र चरित्रहरूको अध्ययन गर्दै समाजको घटना चित्रण गर्नु समाजिक उपन्यासको ध्येय हो । विशेष गरी समाजमा नै रहेर नजिकबाट समाजका समस्यालाई हेर्दै त्यहाँ हुने अन्याय, अत्याचारको चित्रण गर्नु, दमन र शोषणाको भण्डाफोर गर्नु सामाजिक उपन्यासको मर्म हुन आउँछ । कुमार्गमा रहेका विचार र सोचलाई परिमार्जन गरी सुमार्ग तिर समाज डोऱ्याउनु नै सामाजिक उपन्यासको मूल उद्देश्य हुन आउँछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

*

# चौथो परिच्छेद

# औपन्यासिक तत्त्वका आधारमा "घर फर्क" उपन्यासको कृतिपरक अध्ययन

## ४.१ "घर फर्क" उपन्यासको विश्लेषण

"घर फर्क" उपन्यास ब्रदर बुक्स प्रकाशन प्रा.लि., काठमाण्डौंबाट २०७३ सालमा प्रकाशित भएको हो । प्रस्तुत उपन्यासमा प्रा.डा. सुबिख्यात साहित्यकार गोविन्दराज भट्टराईले भूमिका लेखेका छन् । त्यसपछि उपन्यासबारे केही कुरा लेखक देवी 'क्षेत्री' दुलालले लेखेका छन् । उनले यस उपन्यासमा समसामयिक समाजशास्त्रीय दृष्टिबाट नेपाली समाजको एउटा चित्रलाई उतार्ने जमर्को गरेका छन् । मझौला आकारको देखिने 'घरफर्क' उपन्यासमा १९९ पृष्ठ रहेका छन् । प्रस्तुत उपन्यासको आवरण सेतो भुईमा छ । उपन्यासको शीर्षक सिरानमा कालो ठूला अक्षरले 'घरफर्क' लेखिएको छ । बीचमा एउटा सामान्य खालको घर देखाइएको छ भने अन्त्यमा कालै अक्षरमा लेखकको नाम लेखिएको छ । त्यसपछि अर्को पृष्ठमा 'घरफर्क' लेखिएको छ । त्यसपछि अर्को पृष्ठमा 'घरफर्क' सिरानमा, डा.देवी 'क्षेत्री' दुलाल बीचमा र लोगो भित्र ब्रदर बुक्स लेखिएको छ । त्यसपछि अर्को पृष्ठको बायाँ भागमा उपन्यासको शीर्षक लेखक, प्रकाशक, प्रथम संस्करण, सर्वाधिकार, डिजाइनर, मुद्रण, आइ.एस.बी.एन. नम्बर र यो पुस्तकको कुनै पनि अंश या पुरै पुस्तक कुनै पनि माध्यमद्वारा अनधिकृत रुपमा पुनउत्पादन गर्न पाइने छैन । शैक्षिक वा प्राज्ञिक प्रयोजनको लागि भने लेखकको लिखित स्वीकृति अनिवार्य छ लेखिएको छ भने दायाँ भागमा समर्पण राखिएको छ । १० पेजमा डा.गोविन्द भट्टराइले भूमिका र उपन्यासबारे केही कुरा २ पेजमा लेखक आफैले लेखे पछाडि प्रारम्भ भनेर बीच भागमा कालो अक्षरले लेखिएको छ । प्रारम्भ पछाडीको अर्को पेजबाट उपन्यासको सुरुवात भएको छ ।

यस उपन्यासमा सबै शीर्षक छुट्टाछुट्टै कथाजस्तो छ, फेरी एउटै सिक्रीमा उनिएको शृखलाबद्ध माला जस्तो शब्दको निरन्तरता जोडिएर आएको छ । प्रारम्भ पछाडिको भागमा शीर्षक नदिई सिधै आमा र छोरा बीचको सम्वाद देखाइएको छ ८ पृष्ठमा । त्यसपछि विस्तार भनेर एकपेज राखिएको छ । अनि प्रत्येकमा शीर्षक सहित २४ शीर्षकमा विषयवस्तु र घटनाक्रमलाई अगाडि बढाइएको छ भने अन्त्यमा समस्याको समाधान निकाल्नलाई सोच पृष्ठ राखेर त्यसको अर्को पेजदेखि समस्याको समाधान पनि बताइएको छ । अरु उपन्यासमा

समस्याको मात्र उठान गरिएको पाइन्छ भने यसमा अन्त्यमा गएर समस्याको निराकरण पनि यसरी गर्न सकिन्छ भन्ने निष्कर्ष निकालिएकोले यस उपन्यासलाई अरु उपन्यासको तुलनामा छुट्टै र फरक किसिमले लेखिएको उपन्यास पनि मान्न सकिन्छ । अन्तिमको कभर पृष्ठमा लेखकको फोटो, फोन नं., इमेल प्रा.डा. गोविन्दराज भट्टराईको केही भनाइ र अन्त्यमा ब्रोदर बुक्स, फोन नं. र मूल्य रु.२३०।०० भनि राखिएको छ ।

## ४.२ विषयप्रवेश

देवी 'क्षेत्री' दुलालद्वारा लिखित "घर फर्क" उपन्यासलाई सर्वप्रथम आख्यान ( उपन्यास, कथा) तत्त्वका आधारमा केलाउन पर्ने हुन्छ । त्यसबाट मात्र उनको औपन्यासिक सौन्दर्य कृतिमा कुन तहमा उत्रिएको छ भनी छुट्याउन सकिन्छ । आधुनिक उपन्यासलाई मुख्यतः कथानक, चरित्र, सारवस्तु, दृष्टिविन्दु, परिवेश, भाषा लगायतका ६ तत्त्वहरूबाट विश्लेषण गरिएको हुन्छ (बराल, २०६३ : २६० । यसमा सारवस्तु भित्र विचार वा सारतत्त्वलाई समावेश गरिन्छ भने भाषामा भाषा र शैली दुवै कुरा सन्निहित गराइन्छ । आख्यानमा यी ६ ओटा उपकरणलाई स्थूल (वाह्य वा शुक्ष्म) आन्तरिक गरी दुई तहमा वर्गीकरण गरिन्छ । कथानक, चरित्र र परिवेश स्थूल उपकरण हुन् भने सारवस्तु वा विचारतत्त्व, दृष्टिविन्दु र भाषा आन्तरिक उपकरणहरू हुन् । त्यस्तै उपन्यासमा प्रतीक, विम्ब, लय र गतिलाई चर्चा गरिएको पाइन्छ । यहाँ मुख्य ६ तत्वलाई आधारमानी घरफर्क उपन्यासको विश्लेषण गरिएको छ ।

### ४.२.१ कथानक/कथावस्तु

उपन्यासमा आदि, मध्य र अन्त्यको कार्यकारण शृङ्खलाभित्र गुम्फित बनेर कौतुहलता र द्वन्द्वको सम्मिश्रण गरिएको उपन्यासको एक तत्त्वलाई कथानक भनिन्छ । अङ्ग्रेजी 'प्लट'को पर्यावाची शब्दका रूपमा नेपालीमा 'कथानक वा कथावस्तु' दुई शब्द ग्रहण गरिएको छ तथा कथानक र कथावस्तु समानार्थी शब्द होइनन् । मानिसको अस्थिपञ्जर जस्तै कथावस्तु हो भने सुन्दर र आकर्षक शरीर कथानक हो । त्यस्तै पुराना तिलस्मी उपन्यासमा कथावस्तु त हुन्छ तर तिनीहरूमा कथानक पाइदैन । कथानकमा पात्रका क्रियाव्यापार र द्वन्द्व अनिवार्य उपकरण मानिन्छन् । त्यसैले कथानक भन्नु क्रियाव्यापार र द्वन्द्वको अन्योन्याश्रित सम्बन्धबारे घटनाको कार्यकारण शृङ्खलाद्वारा निर्माण भएको कलाअनुशाषन हो (श्रेष्ठ, २०३९: ३०) । उपन्यासमा कथानक परावर्तित र तत्क्षणिक

गरी दुई तरिकाले प्रस्तुत गरिएको छ । यसरी कथानकको पहिचान गरिसके पछि ''घर फर्क'' उपन्यासको कथानकलाई उल्लेख गर्नु आवश्यक देखिन्छ ।

देवी 'क्षेत्री' दुलालद्वारा लिखित ''घर फर्क'' (२०७३) सामाजिक यथार्थवादी उपन्यास हो । यसमा तीन वर्षे दक्षिण कोरिया बसाई पछि 'घर फर्क'को कालु एक हप्ताको समय आमा साथीसङ्गति, नातागोतासँग समय बिताउँछ । त्यसपछि उ फेरी विदेश जाने कुरा आमालाई सुनाउँछ, आमा आफ्नै देशमा केही गर्नुपर्छ अब विदेश नजाऊ भन्दै अनेकै कुराहरु मार्फत छोरालाई सम्झाउँछिन् । आमाको सबै कुरा सुनेर काले विदेश नजाने निष्कर्षमा पुग्छ । ऊ आफ्नै देशमा बस्ने र आफ्नै माटोमा पाखुरी बजारेर श्रमपसिना बगाएर खाने निधो गर्छ । शिलुलाई विवाह गरेर तीन महिना पछि विदेश गएको र शिलुका चाहाना, इच्छा, आकाङ्क्षा आवश्यकता पुरा गर्न नसकेकोमा आमाले कालेलाई नै दोषी ठान्नुहुन्छ र आफू एक्लो जीवन बिताउँदाका तितामिठा अनुभव पनि छोरासँग बाढ्दै अब अर्को बुहारी विवाह गर्न छोरालाई सल्लाह दिनुहुन्छ । काले पछि सोचौला भन्दै आफ्नो भिसा, पासपोर्ट र प्लेन टिकट आमालाई जिम्मा लगाएर विदेश जाने निणर्य गरी मामलतिर लाग्छ ।

कालुमान मामाघर इलामको सिद्धिथुम्कामा पुग्छ त्यहाँ कालुको मामा, माइजु र बैनीसँग साइनो अनुसारको अभिवादन साटासाट हुन्छ । कालु त्यहाँको रमणीय वातावरण देखेर आफ्ना पीडा, कष्ट र दुःखहरू सबै विर्सिन पुग्छ । त्यस पछि ऊ मामा, माइजुसँग गफगाफमा रमाउँछ । माइजु राम्री बुहारी विवाह गर्नुपर्छ भन्ने प्रस्ताव राख्छिन, मामा फेरी एकपटक कमाइ राम्रो भएको कारण विदेश जाने सल्लाह दिन्छन् । काले विवाहको बारेमा पनि केही समयपछि सोचौला भन्दै विदेश नजाने निर्णय मामामाइजुलाई सुनाउँछ । मामा हतारमा निर्णय गरी फुर्सदमा पछुताउनु हुँदैन भन्दै विदेश जान ढिपी गर्नुहुन्छ । कालु सल्लाह दिने काम अरुको हो निर्णय गर्ने अन्तिम अधिकार आफ्नै हुन्छ, पहिला आमा, त्यसपछि मामा, माइजुको सल्लाह लिने हो भन्दै कुनै पनि देश नजाने निर्णय सुनाउँछ । ६ दिनको मामाघर बसाइ सकेर उ आफ्नो घर ताप्लेजुङ्गको याम्फुदिनतिर फर्कन्छ । घरमा पुगेर केही दिन पछि देखि उ सोचमग्न स्थितिमा पुग्छ । उसमा परिवर्तनका संवेगहरू सल्बलाइरहन्छन् । उसमा आमाले उठाउनु भएको देशमा रहेका विकृति, विसङ्गति, विदेशमा मानिसले भोग्नु परेका दुःख, पिडाहरु एकपछि अर्को गर्दै समस्याको रूपमा अगाडि आउँछन् र ती समस्याको कारण खोज्ने र विवशतालाई केलाउने निर्णयमा कालुमान पुग्छ । उसको

अभियान आमालाई सुनाएर अनुमति माग्छ । आमा छोरो परिपक्क भइसकेकोले जीवनसाथीको अभावमा बरालिनु हुँदैन, तेरो सोचाइ बेठीक छैन, बाटो बिराएको पनि छैनस् तर उद्देश्य कष्ट साध्य छन्, मेरो विचारले प्रभावित बनेर केही गर्छु भन्दा म रोक्दिन भन्दै अगाडि बढ्ने सल्लाह दिनुहुन्छ । आमा छोरा बीचमा विगतका केही कुराहरू साटासाट हुन्छन् । कालु आफूले सपनालाई मन पराएको कुरा उसले अर्कोसँग विवाह गरे पछि आफूमा परेको पीडा, केही समय विवाह नगरी सपनाभक्त भएर बस्ने कुराको निर्णय गरेको कुरा सुनाउँछ । केही समयपछि आमाले छोरालाई विवाह गर्न ढिपी गरेपछि मुमाको इच्छा अनुसार आफैसँग पढ्ने शिलुलाई विवाह गरेको कुरा उसैले त्यागेको विषय आमालाई स्मरण गराउँछ । सबै कुरा बताइसके पछि आमा सम्पूर्ण छोराको कुरामा सहमति जनाउँदै छोरालाई अगाडि बढ्न हौसला दिन्छिन् । कालु आफ्नो दाहिने हात मुठी कस्दै आफ्नै लक्ष्य चुम्नलाई अगाडि बढ्छ ।

आफ्नो लक्ष्यमा अगाडि बढेको कालुमानको विर्तामोडको मुक्तिचोकमा अचानक सपनासँग भेट हुन्छ । उनीहरू भेट भएकोमा एकअर्कामा छक्क पर्दछन् । सपनाले कालेलाई आफ्नो घर जाउँ भन्ने प्रस्ताव राख्छिन् र आफूसँगै शनिश्चरे रोडबाट इलाम चिसापानी जाने ट्याक्सी चढेर घर लिएर जान्छिन् । सपनाको घरमा श्रीमान (गोविन्द) काठमाडौँ गएको हुन्छ भने आमा धुलावारी गएको हुन्छिन् । सपनाका तीन छोराछोरी खेलीरहेका हुन्छन् । सपना र कालु बीचमा एकअर्कामा पहिले देखिका कुराहरू साटासाट हुन्छन् कालुले सपनालाई धोकेबाज भन्छ, सपना कालुलाई धोकेबाज भन्छे, । यतिकैमा एकअर्कामा विछोडिएका कुराहरू उनीहरू सुनाउन थाल्छन् र दुवैजना तन मात्र अरुसँग मन चाँहि सपनाको काले र कालेको सपनासँग भएको कुरा व्यक्त गर्दछन् । सपना आफू बाध्यतामा परेर गोविन्दसँग विवाह गर्नु परेको र कालेसँग आफूले खाएको कसम तोड्नु परेकोमा दुःख व्यक्त गर्दै मुर्छित हुन्छे भने कालुमान पनि सपनाको सम्पूर्ण कहानी सुनीसकेपछि भावविहल हुन्छ । अनि सपना आफ्ना सम्पूर्ण काहानी सुनाइसकेपछि कालुलाई पनि सुनाउन आग्रह गर्छे । कालु पनि सपनासँग विछोडीनु पर्दाका दुःख, पीडालाई एकपछि अर्को गर्दै सुनाउँछ र आमाको ढिपीका कारण शिलुलाई विवाह गरेको तीन महिना पछि आफू आमा र शिलुलाई छोडेर कोरिया गएको र दुई वर्षपछि शिलुले आफूलाई छोडर अन्तै गएको, आफू अहिले एक्लै जीवन विताइरहेको कोरियामा कमाई राम्रो भएको काठमाडौंमा घर र सदरमुकाममा घडेरी किनेको सम्पूर्ण कुरा सुनाउँदै मान्छेको आत्मिक सुखलाई पैसाले पूर्ती नगर्दो रहेछ

भन्ने कुरा सपनालाई सुनाउँछ । उनीहरू एकअर्कामा मनैदेखि आफ्ना जीवनमा भोगेका कुराहरु सटासट गरिरहन्छन् । सपनाको विवाह पछिका भेटमा अनेक पटक सपनालाई भेट्दा नराम्रो लागेको कुरा कालुमान सपनालाई सुनाउँछ । उनीहरू एकअर्कामा पहिला प्रेमीप्रेमिका र अहिले बीछोडिएर एक्लाएक्लै जीवन विताउनु पर्ने स्थितिको सिर्जना भएर एकै ठाउँमा भेला भएपनि उनीहरूको प्रेम निर्मल, निस्चल र निष्पाप किसिमको रहेको छ । उनीहरू एकअर्कालाई आत्मिक प्रेम गरिरहेको पाइन्छ । काले पहिला सपनाले दुःख पाएको आर्थिक अवस्था र उसको श्रीमान सही बाटोमा नभएको आफूलाई पटक-पटक दुःख लागे पनि अहिले सम्पूर्ण कुरा सुध्रिएको छोराछोरी पनि हुर्किदै गएको र आर्थिक अवस्थामा पनि सुधार आएकोमा खुसी व्यक्त गर्दछ । त्यो रात सपनाको घरमा बसी दुःख सुखका सबै कुरा साट्टासट गरेर भोलीपल्ट विहान सपनासँग विदा भएर कालु आफ्नो बाटो लाग्छ ।

कालु आफ्नो लक्ष्यमा अगाडि बढ्ने क्रममा चन्द्रगढी विमानस्थलमा पुग्छ । त्यहाँ उसले भुटानबाट खेदिएर आएका नेपालीका दुःख, कष्ट र पीडाहरू एकअर्का नेपाली बुढाबुढीबाट लिन्छ र उनीहरुलाई नेपालमा नै बस्ने चाहाना हुँदाहुँदै पनि आफ्नो चाहाना विपरित आफू भुटानी भएको कारण मर्ने बेलामा अमेरीकामा जानु परेकोमा पीडा व्यक्त गर्दछन् । त्यहाँ सबै वृद्धवृद्धाका आँखाबाट बलिन्द्र आसु बगिरहेका छन् भने यौवन उमेर भएकाहरु अमेरिका गएर सुखी जीवन बिताउने चाहानामा रहेको देखाइएको छ । यहाँ युवायुवतीमा बढ्दै गएको विदेशप्रतिको मोह पनि प्रस्तुत गरिएको छ । त्यहाँ सबैका प्रतिक्रिया लिदालिदै सकारात्मक र नकारात्मक कुराहरू सुन्दासुन्दै उनीहरूको जानेबेला भयो तिनीहरू त्यहाँबाट काठमाडौका लागि उडे । उनीहरू हिडेपछि कालुमानका मन मस्तिष्कमा उनै अनागरिक मान्छेका पीडाहरू सल्बलाइरहे । कालुमानको सपना विपना उही अनागरीक मानिसहरू बर्ने । उसले सुतेर तिनै अनागरिक मानिसहरूको सपना देख्यो । उसको सपना विपना भन्दा ठीक उल्टो भयो । तिनै अनागरिक बनाइएका नेपाली मूलका भुटानीहरू भूटानका शासक भएको र जिम्मेका सन्तान देश विहिन भएर अनागरिक बनेर नेपाल शिविरमा शरणार्थी भएर आएको जिम्मेले जस्तो देश फिर्ने प्रतिबन्ध लगाउनको साट्टो, माया र दयाका साथ भुटानकै नागरिक भएर बस्न जाउँ भनी लिन आएको । तिनै पहिलेका धनपति आएर हामी भुटानका नागरिक भयौ, भुटानीहरूलाई हामी लिन आएका र जिम्मे पहिले मरिसकेको जिम्मेका छोरानाती पुस्ता देश फिर्न प्लेन पर्खेर बसीरहेका, धनपतिले हामी अहिले भुटानमा स-सम्मान बसेका छौं भन्दै कालुमानसँग हात मिलाएको सपना

देखेपछि उ बिउँझिन्छ । उ सोचमग्न अवस्थामा पुग्छ मैले देखेको सपना कहिले विपनामा रुपान्तरण हुन्छ भन्दै यसमा मुमाको अर्ति के छ ? सोध्छु भन्दै निष्कर्षमा पुगी ओछ्यानमै सोचमग्न बन्छ ।

त्यो दिन कालुमान सानेको घरमा पुग्छ । सानेको घरमा साने उसकी केटी र सानो नानीहुन्छन् । साने विदेश गएको सानेकी केटी गाउँकै ज्याखेसँग पोइला गएको र छोरा पाएको र उनीहरूको पुनर मिलन भएको सबै कुरा आमाबाट थाहा पाएको हुन्छ । त्यो कुरा यथार्थमा के हो भनि ऊ सानेलाई सोध्न थाल्छ । साने कुनै पनि कुरा नलुकाई आफू विवाह गरेर ३५ दिन पछि श्रीमती छोडेर विदेश गएको विदेश गएपछि गाउँकै ज्याखेसँग आफ्नी श्रीमती पोइल गएको आफू विदेशमा भएको त्यो कुरा सुनेपछि आफूलाई असाध्यै पीडा भएको तीन वर्ष पछि आफू फर्किएको र नानी पाउने भएपछि ज्याखेउसलाई छाडेर भागेको उसले दुःख पाएका कारण आफूलाई माया लागेर पुनः आफैले ल्याएको । आफू अहिले हासीखुसी मिलेर बसेको अब कहिले पनि छाडेर विदेश नजाने आफ्नै खेतबारीमा पसिना बगाएर सँगै कामगरी मिलेर दुःख सुख बाडेर सँगै जीउने कुरा कालुमानलाई बताउँछ । उता सानेकी श्रीमती चाहि २ जनासँगै बस्ने भनेर आफूलाई कालेले विवहा गरी ल्याएको र केही दिनमै छोडेर विदेश गएको, गाउँकै ज्याखे आफ्ना घरमा आउने जाने गरेको र कुरै कुरोमा आफू ज्याखेसँग गएको आफूलाई के भयो के थाहा नभएको, शरीरलाई नै थाहा भएको छोरो उसको नासो भएको कुरा बताउछिन । यहाँ भन्दा अरु कुरा आफूलाई नसोध्न आग्रह गर्दछिन् । यसरी उनीहरूका सम्पूर्ण कुरा थाहा पाएपछि कालुमान उनीहरूसँग विदा भएर त्यहाँबाट अगाडि बढ्छ ।

अघि बढ्ने क्रममा कालुमान काठमाडौंको आफूले लिएको घरमा रात विताउन पुग्छ । त्यो भन्दा २ साल अगाडि घर लिएको भए पनि ऊ पहिलो पटक हो आफ्नो घरमा बसेको घरको हालत देखेर ऊ यो घरलाई कसले समाल्छ र मलाई साथ दिन को आउँछ ? भन्दै शिलुलाई सम्झन्छ र सबै कुरा कल्पना मात्र हो यथार्थ यस्तो छैन भनी मन बुझाउँछ । मनमा अनेक तरङ्गहरू खेलाउँदा खेलाउँदै आधा रातमा निधाउँछ । विहान उठ्ने वित्तिकै एनआरएनका साथी आउने कुरा सम्झन्छ । विहान प्रेमसँग आफ्नै घरमा भेट गर्दछन् । कालु प्रेमलाई कफीको चुस्की सँगै एनआरएनको अभियानबारे सोध्छ । प्रेम विदेशमै बसेर भएपनि मातृभूमिप्रति केही गर्ने, भावीपुस्तालाई नेपालप्रति आस्थावान बनाइ राख्ने, भाषा, धर्म, संस्कृति र साहित्यको परदेशमा बसेर पनि जीवन्त राख्ने एकपटकको

नेपाली नागरिक सधै कायम हुन चाहान्छौं । हाम्रो कानुनी निसा र तनमन परदेशमा भएपनि मन जति धरदेशमा छ भन्दै नेपाली नागरिकता त्याग्न नचाहेको कुरा व्यक्त गर्दछ । विदेशी नागरिक सरहको व्यवहार एनआरएनलाई नहोस भन्ने अनुरोध गर्छ । कालुलाई पनि सहमती जनाउने आग्रह गर्छ । प्रेमको कुरा सुनेपछि एनआरएनको केही कुरामा सहमती र केहीमा विमती जनाएको कुरा कालु व्यक्त गर्दछ । जो बाध्यताबस विदेशिएका छन् । विदेशी नागरिकता ग्रहण गरी स्थायी नागरिक भएको छन् । विदेशी नागरिकता त्यागेर नेपाल फर्कन चाहान्छन् । त्यस्ता नागरिकले नागरिकता प्राप्ति, समाप्तिको अन्तराष्ट्रिय, राष्ट्रिय कानुन र प्रलोभनका आधारमा फेरि पनि नेपाली बन्न पाउनु पर्छ । जो विदेशिएर त्यहीको स्थायी नागरिकता लिएका छन् । राज्यको सेवा सुविधा उपभोग गरिरहेका छन् । विदेशी भिसा लिएर संसारभर आवागमनमा हुन्छन् । त्यस्ता नेपाली भाषी जस्ले त्यहाँको नागरिकता त्याग्न चाहादैनन् । नेपाली नागरिकतालाई निरन्तर कायम राख्दछन् ठीक होइन । तनमन विदेशमा हुने, भावनात्मक रूपले आर्थिक मन नेपालमा हुने गैरआवसिय नेपाली मनहरूले दोहोरो नागरिकता र सुविधाहरूको हकदावी नर्गन राम्रो ठान्दछन् । जो विदेशी ग्रीनकार्डको प्रलोभनमा पनि परिरहेछन् र नेपाली नागरिकता पनि त्याग्न चाहदैनन् त्यस्ताको खाँचो देशलाई नभएको कुरा बताउँछन् । जो बाध्यताले श्रम पसिना बगाउन बाध्य भइरहेका छन् । श्रम शोषणमा मरिरहेका छन् । हत्या अपहरण र अमानवीयताको पराकाष्ठमा छन् तिनलाई स्वदेश फर्काउने अभियान मेरो हो भनी आफ्नो अभियान प्रेमलाई सुनाउँछ । देशमा युवाशक्ति नभएका कारण देशले विकाराल स्थिति बेहोर्नु परेको छ । यो विदेशीने क्रमलाई रोकेर आफ्नै देशलाई सुन्दर, शान्त र रमणीय बनाउने लक्ष्य रहेको कुरा व्यक्त गर्दछ । जो नेपाली नागरिक विदेशी बनी सके तिनलाई होइन भनी आफ्ना सम्पूर्ण कुरा सुनाउँछ । कालुमानका सम्पूर्ण कुरा सुनेपछि प्रेम केही बेर झोक्रिएर आफूले बेलायती नागरिकता लिएको र त्याग्न नचाहेको कुरा सुनाउँछ । म नेपालमा केही गर्न सक्दिन ? भनि प्रश्न गर्छ । कालु नागरिकता त्याग्नु पर्ने नागरिकता नत्यागे गैरआवासीय नेपालीहरूको सीमाभित्र बस्नुपने सुझाव दिन्छ । कालुमानको लक्ष्य प्रेमको अपेक्षा भन्दा फरक भएकाले ऊ त्यहाँबाट विदा लिएर अगाडि बढ्दछ । कालुमान पनि प्रेमलाई विदाइको हात हल्लाएर विदा गर्दछ घरको छतमा गएर काठमाडौं शहरलाई आखाँमा हुत्याउन थाल्दछ ।

आफ्नो अभियानमा बाहिर निस्केर हिडेको तीन महिना पछि कालुमान आफ्नु घरमा पुग्छ । घरमा पुग्दा उसले एउटा चिठी भेट्छ जुन चिठीले माओवादी जनयुद्धको बेलाको

उसलाई स्मरण गराउँछ । जुन बेला रामराम यादव र छुना साईलीलाई माओवादी पार्टीले काचोमासुको आरोपमा कारवाही गरेको र रामाराम र छुनाको एक आपसमा सँगै बाच्ने सँगै मर्ने कसम खाएर प्रेम गरेको र पेटमा पाँच महिनाको गर्भ रहेको त्यो बेला भागेर उनीहरू नागाल्याण्डमा गएर बसेको । देको परिस्थिति राम्रो भए देश फर्कने विचार गरेको उल्लेख गरिएको छ । कालुमान चिठी पढेपछि चिठीको प्रतिउत्तरमा देको अवस्था राम्रो भएको र आफू सम्पूर्ण नेपालीलाई स्वदेमा फर्काउने अभियानमा लागेको कुरा जानकारी गराउँदछ । उनीहरूलाई जती सक्दो छिटो स्वदेश फर्कन आग्रह गर्दछ । यसमा जनयुद्धको बेलामा मानिसले भोग्नु परेको दुःख, पीडा र आफ्नो देशमा बस्ने चाहाना हुँदाहुँदै अर्काको देशमा बस्नु पर्ने बाध्यात्मक स्थिति देखाउन खोजिएको छ । यस्ता विवशता र वाध्यतामा बाचेका हजार मानिस छन् भनि देखाउन खोजिएको छ ।

अभियानको शिलशिलामा सुदुरपश्चिमको यात्रामा निस्कन्छ कालुमान । विद्यार्थी जीवनको साथीसँग एक होटलमा खाना खाएर छुटिएपछि बेलुकीको समचारमा नेपालको अर्थतन्त्रमा विप्रेषणको महत्त्वपूर्ण योगदान शीर्षकको समाचार सुन्छ । यो सुनेपछि उसमा आफ्ना देशका मन्त्रि र अर्थशास्त्रीहरूलाई विदेशिएका नेपालीहरू प्रति अलिकति पनि दयामाया नभएको विप्रेषणको महत्त्वमात्र भएको कुरा मनमनै सोच्न पुग्छ । दिनदिनै विदेशमा मृत्यु भएर बाकसमा लास आएको कुरा यो देशका नेता, ठूलावडा भनाउँदालाई कुनै चासो नभएको उनीहरूलाई देशमा विप्रेषण आएको कुरा मात्र महत्त्वपूर्ण भएको कुरा सोच्दछ । देशका नेताहरुलाई मनमनै धिकार्न पुग्छ । विदेशिएकाहरूले विदेशमा श्रम पसिना बगाएर पैसा कमाउछन्,  नेताहरूलाई विप्रेषणको कारण यति गरिबी घट्यो । मेरो पाटीको सरकार भएको बेला यति कामदार विदेश गए, यति विप्रेषण देशमा भित्रियो गाउँमा फुसका छाना च्यादरमा परिणत भए भन्दै हिड्छन् । यिनीहरूलाई नेपाली श्रमशक्ति विदेशिएर श्रम गर्नु र कुकुर मराई मर्नमा कुनै संवेदना छैन । देशको गाउँ घर रित्तिएको छ । उत्पादन योग्य जमिन बाँझिएको छ । नेपालमा श्रमशक्ति शुन्य बन्दै गएको ग्राहस्थ उत्पादनमा ह्रास आएको, पारिवारिक सामाजिक मूल्यमा विचलन आएको छ । रगत, पसिना र श्रमसँग साटेर परदेशिएकाले पठाएको पैसा न घरदेशमा बस्नेले सही सदुपयोग गरेका छन् न राज्यले पुँजीकृत गरेको छ । उसको कमाएको रकम सही ठाउँमा सदुपयोग हुन नपाउँदै सिधिन्छ । ऊ देशमा आउँदा जस्ताको तस्तै स्थितिमा हुन्छ भन्दै ऊ मनमनै नेताहरूलाई बहिरा, अन्धा र भ्रष्टचारीको संज्ञा दिन्छ । नेपाली श्रमशक्ति आज जहाँ खपत हुँदैछ । त्यो देशले भोलि

श्रम मागेन भने देशको अर्थतन्त्रमा गिरावट आयो भने भोलि के गर्ने त्यो समस्याको सामाधानमा अर्थशास्त्रीहरू किन बेखबर छन् । विदेश प्रतिको मोह भएकाले आफ्नो देश र माटोमा काम गर्ने बानी समेत हराइसकेको कुरालाई पनि उसले आजको समयमा नेपाली समाजमा आएको ठूलो विकृतिका रूपमा उठाएको छ । यी सबै कुराको संरक्षण, विकास र विस्तार गरेर देशमा स्वरोजगारको श्रृजना गर्नुपर्ने कुरा पनि ऊ सोच्न पुग्दछ । यहाँ अहिले नेपालमा भएको वर्तमान समयको समस्यालाई कालुमानको सोच मार्फत उठाइएको छ र समाधानमार्फत विदेशिएकालाई आफ्नै देशमा फर्काएर रोजगारीको व्यवस्था गर्नुपर्ने सन्देश व्यक्त गरेको छ ।

आफ्नु अभियानकै क्रममा कालुमान सुधाको घरमा पुग्छ । सुधा डिप्लोमा तेस्रो वर्ष पढ्दै गरेकी हुन्छे । उ साथीहरूको लहैलहैमा लागेर इजारायल जान्छे । उसले त्यहाँ पाउनु सम्मको दुःख पाउँछे । अनेकै प्रतिवाद गर्दागर्दै र नमान्दानमान्दै पनि उसको अस्तित्व आफैं काम गर्न गएको घर मालिकको छोराबाट लुटिन्छ । सुधा उसैको खेलाउन बन्छे ऊ भङ्जा र दानवीय व्यवहारको हुन्छ । उसले सुधालाई आफ्नै श्रीमती बनाएर राख्न चाहान्छ र सुधा फर्कने भन्दा दिदैन अन्तिममा सात महिनाको गर्भ भएपछि मात्र सुधाले एक पटक घर पुगेर आउँछु भन्दा विदा दिन्छ । सुधाले विदेशमा अनेकै चोटी मर्ने कोसिस पनि गरिन् तर अर्काको देशमा मर्नु भन्दा आफ्नो देश फर्किन । घरमा आएर आफ्नो सबै हालत सुनाएपछि गाउँघरमा हल्ला चल्यो र सुमनले स्वीकार्यो । सुमन गर्भे टुहुरा र पाँच वर्षको हुँदा आमा पनि मरेकी थिइन । उ सुधाकै मामाघरमा हुर्कीएको थियो । यी सम्पूर्ण कुरा सुधाले कालुमानलाई सुनाइ । कालुमानले सुधाको आट हिम्मत र साहस देखेर उसलाई बधाई दियो । उसको सम्पूर्ण कुरा थाहा पाएपछि नेपाल फर्केर आएको र आफ्नै देशमा सङ्घर्ष गरेर बस्ने निधो गरेकोमा धन्यावाद दिदै रूपालाई दुवै जनाले माया ममताका साथ हुर्काउने प्रेरणा पनि दिन्छ । यो सम्पूर्ण घटना घट्नुका पछाडि अवोध बालिका रूपाको केही दोष नभएको । त्यही राक्षस घरमालिकको छोराको दोष हो भन्ने कुरा पनि कालुमान सुमनलाई जानकारी गराउँछ । यसरी यहाँ सम्पूर्ण नेपाली युवतीहरूले विदेशमा गएर भोग्नु परेको दुःख, पीडा र अस्तित्व लुटिएको घटनालाई यहाँ सुधाको मार्फतबाट देखाउन खोजिएको छ । अभियानकै क्रममा कालुमान र सपनाको बीचबीचमा सम्पर्क भइ रहन्छ । उनीहरूको फोन सम्वाद गराई हेर्दा श्रीमान् श्रीमतीको जस्तो देखिन्छ । दुवै जना फोनमा आफूलाई एकअर्कामा समर्पित गरेको भावमा भावनाहरू साटासाट गर्छन् । तर उनीहरूको

प्रेम स्वच्छ, सफा र निर्मल रहेको छ । उनीहरूको प्रेम भावनात्मक प्रेम मात्र हो । उनीहरू एक अर्कालाई मनैदेखि माया गरेपनि त्यो प्रेम प्रेममा रुपान्तरण भएको पाइँदैन । दुवै जनाले अर्काअर्कैसँग विवाह गरिसकेको पाइन्छ । बीचबीचमा आएका सपनाका फोन र संवादहरू कालुमानको अभियानको अगाडि बढ्ने प्रेरणाको स्रोत मात्र बन्न पुग्दछ ।

आफ्नु अभियानमा कालु लगातार अगाडि बढी रहेको छ । घरबाट निस्किएको तेस्रो दिन त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलमा पुग्छ । त्यहाँ विदशे जाने र आउने ताती लागिरहेको छ । गेट बाहिर फुल बेच्ने केटीहरू छन् । यो सबै विदेश जाने र आउनेको ताती देखेर ऊ सोचमग्न स्थितिमा पुग्दछ र यसको समस्या कसरी समाधान गर्ने भन्ने कुराको चिन्ताले उसलाई सताउँछ । त्यहाँ विदेशबाट फिर्किएर आउनेहरू कोही सग्लै आएका छन् भने कोही मृत अवस्थामा आएका छन् । कसैले हासी-हासी आफ्नालाई विदाई गरिरहेका छन् भने कसैले रुवावासीका साथ आफ्नो मान्छेको लास बुझेर आर्यघाटतिर लागिरहेका छन् । यी सब दृश्य देखेर कालुमान विदेशीने दाजुभाईसँग उनीहरूले कस्तो प्रतिकृया जनाउँछन् भनी उनीहरूको नजिक पुग्छ । त्यहाँ भएका सबै दाजुभाइ नै उचित रोजगारीको व्यवस्था भए विदेश नजाने आफ्नै देशमा केही गरेर बस्ने रहरले होइन बाध्यताले विदेशिएका हौं भन्ने प्रतिकृया जनाए र कालुमानले आफ्नो अभियान उनीहरूलाई सुनायो । उनीहरूले स्वदेशमा बसेर गरिखान सक्ने विकल्प सहितको अभियान चलाउनु अनि सफल हुन्छ भन्ने सन्देश दिए । कालुमानले त्यो सल्लाहलाई आत्मसात गर्ने जनायो । यता बर्सौंदेखि विदेश जाने र आउनेसँग परिचित फूल बेच्ने दिदी विदेशिनेहरूका सबै समस्यासँग परिचित छन् । उनीहरू दिनहु जस्तो विदेशबाट मरेका लास आएको मानिसका रोदन, क्रन्दन र विछोड देखेर दु:खी छन् तर उनीहरू बानी पनि परिसकेका छन् । ती मध्येकै एक जना दिदी बोलिन फेरी कस्का छोराछोरी गए है बरा मर्नलाई भन्छिन् । यो शब्दले कालुमानलाई धेरै चोट पुग्छ । यसरी विदेशीनेको ताती फूल बेच्नेको दिनचार्य र दिनहुँ लास आएको र वाग्मतीको पानी देखेर ऊ प्रकृतिको बारेमा पनि एकछिन सोच्न पुग्छ । यहाँ देशमा रोजगारीको उचित व्यवस्था नभएको कारण विदेश पलायन हुनु परेको । देशमा केही गरौं भन्ने इच्छा हुँदाहुँदै पनि आफू बाध्यताबस विदेशिनु परेको । विदेशिनु रहर होइन बाध्यता भएको । देशमा विकास गर्न सक्ने दक्ष जनशक्ति अर्काको देशमा गएपछि देशले विकास गर्न नसकेको र अनेकौ प्रकारले आफ्नो प्राण नचाहदा नचाहदै विदेशमा त्याग्नु परेको वर्तमान अवस्थामा नेपालमा रहेको समस्यालाई देखाइएको छ । कालुमान यो समस्यालाई समाधान गर्न अगाडि

त बढेको छ तर ऊ एक्लो वृहस्पती जस्तो भएको छ । अनेक ठाउँका समस्यालाई बुझ्न लागि परिरहेको छ ।

अभियानको क्रममा कालुमान सोमपालको घरमा पुग्छ । त्यहाँ उसका दाजुभाइ केही विदेशमा मरेको र केही रोगी भएर नेपाल फर्किएर मरेको कुरा आमाबाट सुन्छ । हजारौं ठग र दलालहरूको पन्जामा परेर मानिसहरू विदेशिन्छन् । उहाँ पाउनु सम्मको दुःख पाएर नेपाल फर्कन्छन् त केही रोगी जीवन लिएर फर्कन्छन् । यहाँ अहिले नेपालमा रहेको मेनपावर र मेनपावर सञ्चालन गर्ने दलालहरूको विगविगी र सोझासाझा नेपाली जनतालाई फसाएको कुरा उठाइएको छ । गाउँघरमा बुढाबुढी मात्र रहेको श्रीमान् विदेश कमाउन जाने र श्रीमती छोराछोरी लिएर शहर पस्ने अहिलेको समसामयिक समस्या पनि उठान गरिएको छ भने गाउँमा रहेका बुढाबुढीको दुःखद् स्थिति पनि देखाइएको छ । आफू छोराछोरीसँग बस्न चाहादा चाहँदै पनि एक्लो जीवन विताउनु परेको वृद्धवृद्धाको अवस्थालाई हर्कजङ्गका बुबा मार्फत बताइएको छ । वृद्धवृद्धाको आफ्नो जन्मभूमिमा मर्ने चाहनालाई पनि प्रतिनीधि पात्रका माध्यमबाट देखाइएको छ । बाबुको चाहाना छोरासँग बस्ने भएका कारण स्वदेशमा फर्कने कुरा पनि कालुमान म्यासेज मार्फत हर्कजङ्गलाई बताउँछ र आफ्नु अभियान पनि त्यही रहेको जानकारी गराउँछ । सपनासँग छोटो उही ठट्यौली पाराको संवाद गरी आकाश र धर्ती जस्तो, स्पर्श कहिल्यै नहुने कुरा सम्झदै कति मानिस मेरो र सपनाको जस्तो प्रेममा जिउँदैछन् भन्दै सोचमग्न स्थितिमा हर्कजङ्गको घरमा खाटमा पल्टि रहन्छ कालुमान ।

आफ्नो लक्ष्यमा अगाडि बढ्ने क्रममा कालुमान र प्रकाशको कन्याममा भेट हुन्छ । उनीहरू त्यहाकै रमणीय वातावरणमा रमाउन पुग्छन् । दुवै एक अर्का बीचमा रमाइलो खानपिन र गफगाफमा व्यस्त हुन्छन् । उनीहरू आफुसँगै पढ्ने एउटी क्रान्तिकारी साथी विमलालाई सम्झन पुग्छन् । प्रकाशलाई विमलाको बारेमा सबै कुरा थाहा हुन्छ र कालुमानलाई सुनाउन थाल्छ । विमला मास्टर सकेर जागिर खान थालेकी हुन्छे । उसमा अमेरिकाप्रतिको मोह बढेको हुन्छ । २/४ पटक डि.भि. भर्दा पनि उसको पर्दैन र अन्त्यमा अमेरिकाबाट आएको बुढो कुइरेसँग उसको भेटघाट र चिन्जान हुन्छ । विवाह पनि गर्छन् विवाह गरेको तीन महिना पछि ऊ प्रोसेस मिलाएर लाने भन्दै आफ्नो देशतिर लाग्छ यता विमला पागल झैँ एक्लो जीवन बिताउँछिन् । यसले उसमा रहेको पहिलाको क्रान्तिकारी भाव स्खलित भएको अहिलेको समसामयिक युवाको प्रतिनिधित्व गरेको छ भने केही विदेश

पुगेर विदेश मोहभङ्ग भएर आएको पनि देखाउन खोजिएको छ भने ठूलाठूला नेताभनाउँदाहरू पनि नेपालमा सांसद भएर देशको सेवा सुविधा लिएर बसेको मानिसमा सम्म अमेरिकाको महत्वकांक्ष रहेको बताइएको छ । उहाँ गएर जस्तोसुकै काम गर्न पनि पछि परेका छैनन् । यसमा मानिसलाई अमेरिकाको सपना देख्नु सुंगुरलाई स्वर्ग समान भएको छ । विदेशप्रतिको मोहले आफ्नो जीवन नै स्वर्ग भन्दा प्यारो हुन्छ भनि बताइएको छ । यसरी त्यो दिन उनीहरू त्यही बसी एकअर्कामा भावना साटासाट गरी रमाइलोका साथ रात बिताउँछन् र बिहान अन्तुको घामको झुल्का चियामा खस्न आँटको क्षण नियाल्न पुग्छन् ।

अभियानकै क्रममा ऊ सुदूरपूर्वको इलामबाट फिदिम बजार पुग्छ । त्यहाँबाट ऊ सङ्ग्राँती जानका लागि जोरसाल पुगेर बसमा चढ्छ र अगाडि बढ्छ । ऊ यात्राकै क्रममा पहिला हिड्नु पर्दाको दुःखत् यात्रा सम्झिन्छ र खलासिले नाके स्वरमा भनेको डङ्डङ्राति सङ्ग्राँतीलाई पनि विन्यास गर्न पुग्छ । आठराई शैक्षिक र राजनीतिक रूपमा अग्रणी भए पनि यातायातको दृष्टिले धेरै नै पछाडि थियो तर यहाँको जनताको आट साहस र मेहनतका कारण यसबाट पनि मुर्ति पाएको मनमनै विश्लेषण गर्छ । ऊ पुरानो साथी अरुणको घरमा बस्ने योजनामा हुन्छ । राती आठ बजे संङ्ग्राँती बजार पुग्दा ऊ त्यहाँ नरहेको मधेश झरेको कुरा त्यही घर लिने सेर्पेनीबाट थाहा पाउँछ र ऊ त्यही रात बिताउँछ । विहान अरुणको भतिज तोरणसँग उसको भेट हुन्छ । उनीहरू त्यहाँबाट देखिने कञ्चनजङ्गा र कुम्भकर्णको दृष्यलाई हेरेर रमाउन पुग्छन् । त्यतिकैमा कालुमानलाई रानी जगदम्वाले बनाएको भव्य महलको याद आउँछ र सोध्न पुग्छ । तोरण युद्धकालमा माओवादीले डढाएको र भग्नावशेष मात्र रहेको र त्यसको साटो चौतारी बनाएको जानकारी दिन्छ । यतिकैमा एक जना बूढा बासँग पनि भेट हुन्छ । ती बूढा बाबाट सिटौला साघु, लिम्बूनी पुल र खडकुडेँ साँघुको नामाकरण कसरी भएको भन्ने कुराको पनि जानकारी पाउँछ । अब पुल बनिसकेकोले तिनीहरूको महत्त्व पहिलाको जस्तो नरहेको कुरा पनि व्यक्त गर्दछन् । यहाँ पहिलाका पुराना र महत्त्वपूर्ण कुराहरू अहिले हराउँदै गएको र द्वन्द्वकालमा देश बनाउनुको सट्टा देशमा भएका पूरतात्विक वस्तुको क्षति भएको कुरा देखाइएको छ भने नेपालमा भएका प्राकृतिक सम्पदाहरू आफैमा स्वच्छ, सुन्दर, निर्मल र निश्चल छन् भन्ने कुरा देखाउन खोजिएको छ ।

आफ्नो अभियानको क्रममा कालुमान काइलाबाको घरमा पुग्छ । त्यहाँ उसको छोरा हेमतको मलेसियामा मृत्यु भएको हुन्छ । घरमा बा, आमा, बुहारी र ३३ दिनको सानु नाती हुन्छ । त्यहाँ उनीहरूको विछोड पीडा, वेदना  छट्पट्टी सबै देखेर र आमाको छोराको लाश लेइदेउ भन्ने रोदन र कन्दन सुनेर त्यो वेदनामय ठाउँबाट छिमेकीसँग विदा लिएर अगाडि बढ्छ । यहाँ विदेशिएका नेपालीहरू विदेशमै प्राण त्यागेको र घरदेशमा भएका आफन्तहरूलाई परेको दुःख, पीडा र शोकलाई देखाइएको छ । धन कमाएर केही गरौला भन्ने आसा लिएर विदेशिएकाहरू मृत अवस्थामा रहेको र महिनौसम्म पनि लास ल्याउन नपाएको अहिलेको देशमा रहेको दुःखत् स्थिति देखाउन खोजीएको छ भने अवोध बालबच्चा गर्भमै टुहुरो भएर जन्मनु पर्ने कुरालाई पनि उजागर गरिएको छ ।

आफ्नो अभियानकै क्रममा कालुमान हर्कजङ्गको घरमा पुग्छ । हर्कजङ्ग १५ वर्ष पछि मलेसियाबाट आफ्नो घरमा फर्किएको छ । ऊ हर्कजङ्गसँग भेटेर सबै कुरा बुझ्न चाहान्छ । हर्कजङ्गलाई मलेसियाका उराडपित्तुले मन उडाएर घर, परिवार र साथीभाइ सबै विर्सने स्थितिमा पुऱ्याएको हुन्छ । ऊ विदेशमै उराडपित्तुसँग रमाउँदै सम्पूर्ण आफ्नो जीवन नै उसलाई समर्पण गरी बसेको हुन्छ भने अलिअलि कमाएको पैसा पनि उसलाई नै दिएर उ रित्तो भएको र ऊसँगै रमाइलोमा जीवन विताइरहेको हुन्छ । यतीकैमा गाउँकै कर्नेको छोरा मोहन आफू विदेश जादा १० वर्षको बच्चा थियो ऊ उही विदेशमा पुगेर भेट हुन्छ । भेट भए पछि सम्पूर्ण घरको काहानी मोहनले हर्कजङ्गलाई सुनाउँछे । ऊ ती सम्पूर्ण काहानी सुनीसकेपछि घर फकर्ने मोडमा हुन्छ र घर फर्किन्छ । गाउँघरमा ऊ आएको हल्ला भएपछि कालुमानले पनि सुन्छ र उ पनि उसलाई भेट्न पुग्छ । भेट भएपछि सम्पूर्ण आफ्ना काहानी कालुमानलाई सुनाउँछ । पहिला आफूले नेपालमा चुडेल्नीको सम्पूर्ण कथा सुनेको र उहाँ चुडेल्नी हो या उराड्पित्तु हो भन्ने कुरा पनि मनमा लागेको र उराड्पित्तु नै हो भनी ठम्याएर ऊ सँगै रमाएर आफू उतै हराएको सम्पूर्ण कुरा कालुमानलाई ऊ सुनाउँछ । यताँ ऊ 'घर फर्के'र आउँदा उसकी आमा मरिसकेकी हुन्छिन् । निसा र कुसुम छोराछोरी पनि ठूला भइसकेका हुन्छन् । मिनालाई गाउँघरमा जसले जे कुरा गरे पनि आफ्नो प्रतिब्रता धर्म नछोडी बसेकी हुन्छिन् र आफ्नो पतिलाई देख्नसाथ अगालो हालेर रुन पुग्दछिन् । ऊ घरमा फर्किए पछि फेरी विदेश नजाने निष्कर्षमा पुग्छ । आफ्नै घरमा बसेर सकेजति काम गर्ने श्रीमातीलाई सघाउने आफ्नै खेतबारीको बाझो फुटाउने, फूल फूलाएर र तरकारी फलाउने र आफै आत्मानिर्भर भएर बाच्ने र आफूले भोगेको दुःख सबैलाई सुनाउने कुरा उसले

कालुमानलाई सुनाउँछ । आफू जस्तो उराङ्पित्तुको शिकार कोही हुनु नपरोस भन्ने इच्छा पनि प्रकट गर्दछ । कालुमान हकजङ्गको सबै कुरा सुनेपछि हर्कजङ्ग जस्तो सबैले सोची दिए आफ्नो अभियान सफल हुने कुरा सोच्दै आफ्नो बाटो अगाडि लाग्छ । यसरी यहाँ विदेश गएर उतै सुन्दरीहरूसँग रमाएर आफ्नो देश र घरपरिवार विर्सने युवाहरूलाई प्रतिनिधित्व गरी हर्कजङ्गलाई देखाइएको छ । यहाँ अहिले नेपाली समाजमा घटेको घट्नालाई यथार्थ रूपमा अगाडि सारिएको छ । यता घरपरिवार भने वियोगको पीडामा छट्पटिरहनु पर्ने नारीहरूले समाजमा औला ठड्याउँदा ठड्याउँदै पनि संघर्ष गरेर आफ्नो अस्तित्व र पतिब्रता धर्म जोगाउनु पर्ने, छोराछोरी आउने दिन कुर्दाकुर्दै बृद्ध आमाबुबाले प्राण त्याग गर्नुपर्ने र अन्त्यमा रित्तोहात 'घर फर्क'नु नेपालीको प्रतिनिधी घटनाको रूपमा देखाइएको छ । यस्ता घटना अहिले नेपाली समाजमा पनि प्रसस्तै घटेको देख्न पाइन्छ भने विदेश गएर विरक्तिएर आफ्नै देशमा केही गर्नुपर्छ भनी आफ्नो देश फर्केर आएका युवाहरूलाई पनि प्रतिनिधित्व गरिएको पाइन्छ ।

साउनको महिनामा कालुमान काठमाण्डौं यात्रामा निस्कन्छ । उनीहरू त्रिशुली छेउमा पुगेर धेरै बेर जाममा पर्छन् । त्यही भित्र रोमन बूढासँग उनीहरूको भेट र चिनजान हुन्छ । उनीहरू काठमाण्डौको यात्रा गर्दा जाममा धेरै घण्टा कुर्नु पर्ने काठमाण्डौं लगिएका राँगा भैसीँहरूको दुःखदायी र दर्दानक स्थिति र काठमाण्डौंमा माइक्रो बसमा यात्रा गर्दा पनि धेरै कठिनाई यात्रा गर्नुपर्ने  कुराहरू एक अर्कामा गफगाफ गर्दै हुन्छन् । काठमाण्डौंका माइक्रो बस र राँगाभैंसी लार्ने ट्रकमा यात्रु र राँगाभैंसीको चापचापमा केही पनि फरक नआएको कुरा तुलना गर्न पुग्दछन् । यसरी जबरजस्ती यात्रा गर्दा अप्रिय घटना घट्ने गरेको कुरा पनि उनीहरू एकअर्कामा साटासाट गर्छन् । उनीहरू बल हुने र जवानहरू ठेलमठेल गर्छन् तर बृद्धबृद्धा, महिला र नानीहरूलाई धेरै असर पर्छ भन्ने सोचिरहेका हुन्छन् । पशुलाई समान व्यवहार गरेको निष्कर्ष निकाल्न पुग्छन् । भने त्रिशुलीमा दुर्घटना भएको कुरा कालुमान समाचारमा सुन्न पुग्छ आफूले कुनैबेला कोरेको कविता "अभिषाप त्रिशुली" सम्भन पुग्छ । धेरै घण्टाको जामपछि उनीहरू यात्रामा अगाडि बढ्छन् । यसरी यहाँ नेपालमा यात्रामा जोखिम रहेको, बाटोघाटो र यातायातका साधनको उचित रूपमा व्यवस्थापन गर्न नसकेको नेपालीहरूले अकालमै ज्यान गुमाउनु परेको । मानिसलाई पनि यात्रामा हुन सम्मको दुःख भएको र त्यसभन्दा बढी आफ्ना स्वार्थ पूर्तीका लागि ल्याइएका राँगाभैंसीलाई हदै सम्मको दुःख दिएर झापाबाट काठमाण्डौं लगिएको । मानिसमा मानवता

हराएको कुरालाई उठान गरिएको छ । यो समस्या अहिले पनि रहेको छ । (भरखरै मात्र पनि न्युज २४ मा राँगाभैँसी काठमाण्डौँ लादाको दृष्य र दर्दनाक स्थितिलाई देखाइएको थियो ।) यहाँ अहिले मानिस र जनवारले भोग्नु परेको पीडा, दुःख र वेदनालाई प्रष्ट पारिएको छ ।

अभियानकै क्रममा कालुमान काभ्रेको दोलालघाटमा पुग्छ । त्यहाँ एउटा होटलमा ऊ बसीरहेको अवस्थामा डम्फू बजाउने एक जना मानिस आइपुग्छ र मान्छेमा राम्रो पोथी ज्यान, पंक्षीमा राम्रो भालेज्यान भनी भाका हालीहाली गीत गाउन थाल्छ । ऊ गीत गाएको सुनेर कालुमान रुचिसाथ सुनिरहेको हुन्छ भने याङ्जी तामाङ् कुचो लिएर खेद्न निस्कन्छिन् । डम्फुरे केही दिन मन भए दिनु नभए राम्रो बोली बोलीदिनु भन्छ । आफ्नु विवस्ताको सबै काहानी कालुलाई सुनाउँछ । उसलाई दलालले काममा लगाइदिन्छु भन्दै भारत लगेको र मेडिकलचेक गर्नुपर्ने भनि एउटा मृगौला झिकेर बेचिदिएको हुन्छ । ऊ आफ्नो पीडा र दुःख लुकाउन आफ्नो भाका र संस्कृति देखाउँदै हिड्छ । त्यो डम्फूरेको सेलो कालुमानलाई अत्यन्तै मन पर्छ । ऊ आफ्नी डिम्लाइट र विवाह गरेर ल्याएको दिन शिलु कति राम्री थिइ भनेर सम्झन पुग्छ । साच्चै नै मान्छेमा राम्रो पोथी र पन्छिमा राम्रो भाले ज्यान नै हो भनि अनेक तरहले अर्थयाउन पुग्छ । ऊ सेलेको जगमा उभिएर मानवीय सौन्दर्यको विश्लेषणमा डुवेको हुन्छ । यती बेलै डिमलाइटको फोन आउँछ । उनीहरू एक आपसमा पहिलाको जस्तै कुरा गर्छन् । डिमलाइट आफ्ना विगतका सबै कुरा आफ्नो जीवन साथीलाई बताएको कुरा सुनाउँछिन् । उनीहरू एक आपसमा भावना साटासाट गर्दा गर्दै रुन पुग्दछन् । यहाँ आफ्नै जातको भए पनि आफ्नो सजातको कुरा बुझ्न नसकेको । मौलिक गीत र संस्कृतिको जर्गेना नभएको मानिसका र पशुपंछिका सौन्दर्यहरूको वर्णन गरिएको अर्काको देशमा श्रम बेच्ने बाहनामा आफ्नै ज्यानको महत्त्वपूर्ण अङ्ग नै गुमाउनु परेको दुःखत् घटना पाइन्छ भने अर्कातीर समाजमा नारी भएर पनि डिमलाइट (सपना) एउटा खुलस्त र खुलमखुल्ला नारी भएको आफ्ना विगतका सम्पूर्ण आफ्नो श्रीमान्लाई बताएको ऊ एउटा हक्की इमान्दार स्वाभिमानी नारी भएको कुरा देखाउन खोजिएको छ । कालुलाई पनि उसले मनको साथी बनाइकी छ । उनीहरू भावना भने सटासाट गरिरहेको देखाइएको छ ।

आफ्नो यात्राको क्रममा अगाडि बढी रहेको कालुमानको विदेशका विभिन्न ठाउँबाट आफ्नो देशमा फर्किएर आफ्नै देशमा केही गर्नुपर्छ भन्ने भावना लिएर आ-आफ्नै व्यवसाय गरी बसेका नेपालीहरूसँग भेट हुन्छ । कोही विदेशबाट काम गर्ने सीप सिकेर त्यो सीपलाई देशमा प्रयोग गरी व्यवसाय गरेर बसेका नेपाली छन् भने कोही विदेशमा दुःख पाएर आफ्नै

देशमा व्यवसाय गर्ने चेतना आएका नेपालीहरू छन् । उनीहरू विदेश जाँदा ठूलठूला इच्छा र अकांक्षा बोकेर गएका हुन्छन् तर त्यो अनुरुप नभएपछि उनीहरू आफ्नै देशमा फर्किएर व्यवसाय गरी आर्यआर्जन गर्न र अरुलाई पनि रोजगारी दिन थाल्छन् । सबैले आ-आफ्नै ठाउँ र क्षेत्रअनुसार आ-आफ्नो तरिकाले व्यवसाय खोलेका छन् । यसरी यहाँ जब उनीहरूमा दुःख पाएर ठेसलाई त्यसपछि चेतना आएको छ भन्ने कुरा देखाउन खोजिएको छ । यहाँ अहिलेको समयमा विदेश जाने र विदेशबाट दुःख पाएर आफ्नै देशमा केही गर्नुपर्छ भनी व्यवसाय सञ्चालन गरेर बसेका नेपालीहरूलाई प्रतिनिधित्व गरिएको छ र आफ्नै देशमा श्रमपसिना बगाए यही विदेशमा भन्दा राम्ररी आयआर्जन गर्न सकिन्छ भन्ने कुरा पनि देखाइएको छ ।

कालुमान आफ्नो अभियानमा निस्किएको दुई वर्षपछि मात्र घरमा पुग्छ । घरमा उसकी एक्ली आमा सधै जसरी नै दिन बिताइरहेकी हुन्छिन् । कालु केही किताब लिएर घर गएको हुन्छ । आमासँग बिताएको समयपछि उ तीनै किताब पढ्न थाल्दछ । आमा आफ्नो अभियानका कुरा पनि सुनाउदैनस् कहा पुग्यो अभियान भनी सोध्नुहुन्छ । ऊ भिष्मभुषण संग्रौलाको किताब पढ्दै गरेको कुरा सुनाउँछ । त्यो किताब आमाले पहिले नै आफूले पढिसकेको र केही अरु पनि किताब आफूले अध्यायन गरेको र तिनै किताबको अध्ययनबाट आफूलाई एक्लै जीवन बाँच्ने प्रेरणा मिलेको कुरा छोरालाई बताउनु हुन्छ । कालुमान उसले अध्यायन गरेका पुस्तकको पुनः मुद्रण भए आजका युवा पाठकले पनि पढेर तत्कालिन समाजको समस्याहरू बुझ्नु सक्ने थिए थिए भन्ने इच्छा प्रकट गर्दछ । उनी भिन्न पुस्तक अध्ययन गर्ने कुरा मुमालाई जानकारी गराउँछ । आमासँग पनि अध्ययन गर्न उपयोगी पुस्तक भए दिनु भनि माग्दछ । आमा कालुमानलाई सङ्गालेको अनुभव सुनाउन आग्रह गर्नुहुन्छ । कालुमान अभियानको सिलसिलामा सङ्गालेका अनुभवहरू र भेटेका पात्रको भोगाईलाई समेटेको एउटा डायरी आमाको हातमा राखिदिन्छ । आमा आफूलाई समीक्षक नभएको, साधारण पाठक भएको र आफू पढेर मनमा लागेका कुरा भन्ने तर त्यसलाई आमाको अर्ती सम्झनू भनि डायरी अध्ययन गर्ने निधो गर्नु हुन्छ । डायरीमा उसले ठाउँठाउँमा गएर फरक फरक पात्रसँग भेट गरेको र तिनीहरूका समस्यालाई उठान गरिएको कुरा उल्लेख गरिएको छ । तीसँगै पात्रको भोगाईले आमालाई थप पिरोलेको छ भने आफूले विषय कोट्याएर यस्तो अभियानमा अगाडि बढेको र समाज र राष्ट्रको लागि काम गर्दै गरेकोमा छोरो मात्र भएर होइन सचेत नागरिकको हैसियतले धन्यवाद दिनुहुन्छ ।

डायरीमा समस्याग्रस्त नेपाली समाजको एउटा पक्षमा लेखिएको समस्यापरक आख्यान जस्तो छ । कालुमान आफू पनि एउटा भुक्त भोगी पात्रको रूपमा उभिएको छ । उसले पढो, शिलुलाई भित्र्यायो, नजा भन्दा भन्दै विदेश गयो, विदेश जाने मोह त्यागेर अभियानमा लाग्यो र कथाको नायक जस्तो देखिन पुग्यो । तर अब यस्ता अभियानमा लागेर मात्र हुँदैन विदेशबाट घर फर्किए पछि स्वदेश मै बसेर केही गर्ने विकल्प दिनुपर्छ । विदेशिएकाहरूलाई घर फर्काएपछि काम दिन सक्नु पर्छ । भन्ने कुरा आमाले कालुमानलाई बताउनु हुन्छ । आमा तैले अभियानमा भेटेका पात्रहरू जोजो फर्किएर आफ्नो देशमा व्यवसाय गर्न थाले तीबाट प्रेरणा लिनु पनि ठीक हो । तर त्यति मात्र पर्याप्त हुँदैन । जब ठोस विकल्प सहित देशमा केही गरेर आत्मनिर्भर बन्ने योजना सफल हुन्छ त्यसपछि मात्र विदेशिने हावामा उडेका नेपाली युवाहरू विदेश जानबाट रोकिन्छन् । अर्कोपल्ट डायरीमा त्यस्तो सोच र योजना पढ्ने पाउँ भनी इच्छा प्रकट गर्नु हुन्छ । सपनासँग बीचबीचमा फोन सम्पर्क भएको कुरालाई पनि उठाउनु हुन्छ । सपनाले रचेको सृष्टिलाई भत्काउने कोसिस नगर्नु । सपनाले तलाई साथीको रूपमा सोचेकी रहिछ । राजनलाई नविगार्नु, गोविन्दलाई नरुहाउनु, सपना र तेरो पुनः सम्पर्क भएर भेटघाट, गफगाफ र फोन सम्वादका कुरा कतै कारुणिक र कतै मार्मिक त कतै जोइपोइका जस्ता छन् । ती सबै घटनाले मेरो मनमा पनि छोयो कति पटक रुए, रुदैरुदै पढे बरु यो अभियानकै क्रममा एउटी बुहारी भित्र्याउनु पर्छ भन्नु हुन्छ मुमाले । कालुमान म सपनाले रचेको सुन्दर संसाद भत्काउदिन । उसँगै जीवन विताउन चाहन्थे त्यो भएन र पनि सबै विषयमा खुलस्त कुरा हुन्छ तर शारीरिक स्पर्शबाट टाढा छौ । त्यसपछि सिमालाई रोजे त्यो पनि पूरा हुन सकेन । उनीहरूको सृष्टि भत्काउने कुरा म सोच्न पनि सक्दिन । उनीहरू मेरो अभियानका साथी मात्र हुन भनि बताउँछ । बुहारी भित्र्याउने कुरा पनि एकदिन पुरा हुन्छ भनि आमालाई विश्वास दिलाउँछ । आमाछोरा बीचमा विभिन्न पुस्तक अध्यायन गरेको कुरा साटासाट हुन्छन् । कालुमान आफूले अध्यान गरेको पुस्तकहरूको कृति समिक्षा गरी आमालाई सुनाउँदै । आमा छोराको बुझाई र चेतनाको चौडाई देखेर छोराप्रति भरोसाा जागेको कुरा सङ्केत गर्नुहुन्छ । कालुमान म 'घर फर्के'र आउने नेपाली युवाहरूलाई नयाँ विकल्पको योजना कोर्ने कुरा आमालाई व्यक्त गर्दछ । योजना बनाई आमालाई देखाउने कुराको पनि प्रतिबद्धता गर्दछ ।

अभियानमा अगाडि बढेको कालुमान ताप्लेजुङ्गको फुङ्लिङ बजारमा हुन्छ । तेतीबेला उसको मोवाइलमा फोन आउँछ जुन उसलाई आमाले गरेको हुन्छ । उसले आमाको फोन

उठाउँछ । आमा आफूलाई सन्चो भएन छिटो घर आउँ भन्नु हुन्छ । आमाको कुरा सुनेर कालुमान र सोनाम घर तिर लाग्छन् । घरमा पुगेर आमाको अवस्था हेर्दा निकै जटिल देखिन्छ । आमालाई ऊ काठमाण्डौं उपचार गर्न लाने निदो गर्छ र भोलिपल्ट हेलिकप्टर झिकाएर उपचार गर्न लाने निधो गर्छ र भोलिपल्ट हेलिकप्टर झिकाएर उपचार गर्न लगिन्छ । काठमाण्डौं पुऱ्याएर सम्पूर्ण कुराको चेकअप गराई सकेपछि उनको दुवै मृगौंला फेल भएको प्रमाणित हुन्छ । डाक्टरको सल्लाह अनुसार कालुमान आमालाई डायालोसिस गर्न आग्रह गर्दछ । आमा विभिन्न उदाहरण सहित आफ्नो शरीर डाक्टरलाई प्रयोगशाला बनाउन नदिने निर्णय गर्छिन । बरु आफूलाई युथेनेसिया दिने आग्रह गर्दछिन् । डाक्टर त्यसो मिल्दैन भन्छ । त्यसपछि आमाछोरा दुवै आफ्नो काठमाण्डौं घरतिर लाग्छन् ।

कालुले आमालाई आफ्नो घरमा पुऱ्याउँछ र घरको सबै कुरा आमालाई बताउँछ । घरको तल्लो गाउन भाडामा लगाएको कुरा पनि आमालाई भन्छ । कालुले आमालाई तातोपानी तताएर दिन्छ । आमा मलाई जति सक्दो छिटो घर लैजाउ भन्नुहुन्छ कालुलाई । आफ्नै घरमा मर्ने रहर व्यक्त गर्नुहुन्छ । आमाको कुरा सुनेर कालु हतास र निराश बन्दै भोलिपल्ट घर जानुपर्छ भनि हेलिकप्टरको चाजो मिलाउन सोनामलाई फोन गर्छ । दिन त्यसरी नै बितेर रातको ११ बजे भयो । फोनमा कालुमान र डेरावाल दाजुभाउजु आमालाई रुगेर बसिरहेका थिए । आमा कोल्टो फेरिन् । बोली अड्किन थाल्यो । छटपटाहट बड्यो । कालुमानले रुन्चे स्वरमा के भन्न खोज्नु भएको मुमा भन्छ । आमा बोल्न सक्नु भएन । ओठमात्र चल्मलाए र आँखा झिम्कन छाडे । कालुमानले चम्चाबाट मुखमा पानी लगाइ दियो । आदि घाटिबाट छिऱ्यो आधा ओकलियो त्यतीबेला आमाले यो संसारबाट विदा लिनुभयो । कालुमान भावविहवल भएर रुन थाल्यो । उसले आमालाई अगाँलो हालेर म तपाईको सपना पुरा गर्छु । मलाई सम्झेर खुड्को नराख्नु । एक शब्द त बोल्न न मुमा । पीडा भयो मुमालाई ? अब मलाई कसले काले भन्छ ? भन्दै विलौना गर्न थाल्यो । त्यहाँ तीन जनाको रुवाबासी चल्यो । कालुमानले आमालाई गाउँको घरमा पुऱ्याउन नसकेकोमा पश्चाताप गर्यो । छोरा सम्झेर माफी दिनु भनी माफी पनि माग्यो । विदेशिएका नेपालीलाई घर फर्काउने मेरो योजना र सोच तपाईले पढ्न पाउनु भएन पढेर सल्लाह दिन पनि भ्याउनु भएन भनि विलौना गर्दै विदेशिएका नेपालीलाई घर फर्काउने वैकल्पिक सोचको डायरी झोलाबाट निकालेर मृत आमाको हातमा राखिदिन्छ । मुमाकै निर्देशनमा यो डायरी तयार गरेको थिए हेर्न पाउनु भएन र सल्लाह, सुझाव र निर्देशन पनि दिन पाउनु

भएन भनि दुःख प्रकट गर्दछ । रुदारुदै कालुमानको स्वर अवरुद्ध हुन्छ । रात वितेर अर्को दिनको प्रारम्भ हुन्छ । डेरावाला दाइ सदगतीको लागि प्रवन्ध मिलाउन लाग्नु हुन्छ । त्यतिबेला सोनामले फोन गर्छ डेरावाला दाइले उठाएर सबै कुरा भनेपछि आफू चाडैं आउने कुरा गर्दै सबै सहयोग गर्न अराउँछ । डेरावाला दाई पनि चिन्ता नलिनु सबै बन्दवस्त मिलाउछु भन्नुहुन्छ । तारा गुरुमाको अन्तेष्टि कर्मको चाजोपाजो मिलाउने, चिनारुलाई खबर गर्नेदेखि अन्तेष्टि कर्ममा सामान जुटाउने सबै काममा लाग्नुहुन्छ । फेरि कालुमानको मोवाइलमा फोन आउँछ । त्यो सपनाको हुन्छ । उसले फोन उठाउन सक्दैन । फोन काटेर आफू दुःखमा भएको मुमाको प्राण उडेको लाश कुरेर काठमाण्डौंमा बसिरहेको कुराको म्यासेज सेन्ट गर्छ । आमाको मुख हेरी झोक्राउन थाल्छ । फेरि उसको मोवाइलामा घण्टी बज्छ । सपनाले म्यासेजको उत्तर दिन्छे सरी कालु दाजु दुःखको बेलामा मेरो साथ हुन सकेन । शरीर टाढा भएपनि मनका सबै समवेदना तपाईमा नै समर्पण गर्छु । पाथीभरा देवीको काखमा जन्मिएको तपाई यतिबेला पशुपतिनाथको साथमा हुनुहुन्छ । म छु । भोलि बेलुका आइपुग्छु दाजु । नआतिनु । तपाई नै होइन शोकलाई शक्तिमा बदल्नु पर्छ भनेर हामीलाई सम्झाउने र मेरी आमाको मृत्यु भएको दिन तपाईले त्यसो भन्दा मलाई आट आएको थियो । आफै सचेत हुनुहुन्छ । पीर मानेर आफूलाई कमजोर नपार्नु । आमाको आत्माले मुक्ति पाओस् । ती सबै म्यासेज पढी सकेर फोन सोफामा फ्याक्छ र काठमाण्डौं शहरलाई समवेदना शुन्य शहर भनी धिकार्न पुग्छ । आमा मरेर यतिका रुदा छिमेकी कसैलाई चासो छैन गाउँमा भए यो क्षण कति हुन्थे छरछिमेकी भनि सम्झन पुग्छ । कालुमानको चित्कार सुनेर डेरावाल भाउजु यहाँ कसैलाई मतलब हुँदैन भन्नु हुन्छ ।

मिरमिरे उज्यालो भयो । आमाको लास जनम दाईको प्रवन्धमा पशुपति आर्यघाट पुऱ्याइन्छ । शवदाह स्थलमा मान्छेको मृत शरीरहरू जलिरहेका थिए । राखेको आमाको लाशलाई कालुमानले एकोहोरो हेरिरहन्छ । आँखा बाट शोकको वागमती बगाउदै, दुई हात जोडेर कात्रो उधारेर खुट्टा सुमसुमाउदै, मृत आमाको पाउमा शिर राखेर आमासँग घरमामर्ने चाहाना पूरा गर्न सकिन भनी माफी माग्दछ । बाँचिन्जेल छोरा भएर तपाईलाई केही गर्न सकिन । बाँकी तपाईको सपना पूरा गरेर मात्र मर्छु भन्दै चितामा सिर अडयाएर चिचयाउँदै रुन्छ । आमाको अन्तेष्टीको अन्तिम बेला भयो । ब्राहमणले सम्माउँदै बलेको बक्तिको मुठा दियो कालुमानलाई । उसले चिच्याउँदै आमाको लाशलाई दागबत्ति अर्पण गऱ्यो । उसले आफ्नो शरीरको नियन्त्रण गुमाउन खोज्यो । जनम दाइले डोऱ्याउदै ल्याएरमाथिको प्यारापिटमा राखे कालुमान अडेस लागेर चितामा आमाको लाश जलेको दृश्य हेर्दै

सुकसुकाईरहयो । आर्यघाटका कुनै शहदाह स्थल खाली थिएनन् । मानिसका लासहरू जलिरहेका त कतै जलिसक्ने लागेका त कतै सकिएर चित्ता पखाल्दै गरेको । हेर्दाहेर्दै आमाको लाशलाई पनि आगाले खान थाल्यो । घाटमा भएका ब्राहमणहरू लाश जलाउन तल्लिन छन् । त्यो रातदिन लास आउने र जाने क्रमजारी छ । एउटा चिता खाली हुने वितिकै अर्को लाश आइहाल्छ । त्यहाँ कालुमानको आमाको मृत्यु भएको सुनेर पोषण पनि आर्यघाटमा आइपुग्छ । ऊ कालुमानलाई सम्झाउन र सम्हालन थाल्छ । पोषण घाटे ब्राहमण्मलाई दिनमा कति लाश संस्कार्न भ्याउनु हुन्छ भनी सोध्छ । ब्राहमण दिनमा खुरुखुरु गर्न पाइदैन चार पाँच वटा सकिन्छ भनी उतर दिन्छन । २५ वर्ष भयो यो पेशामा लागेको अहिलसम्म केही प्रगति गर्न सकिएको छैन् अब विद्युतीय शवदाह गृह चालु भएपछि यही पेशा पनि गुम्ला जस्तो छ  भनी दुःख व्यक्त गर्दछन । तर कसैले त पुरानै तरिकाले सदगदी गलान ? भनी आशा पनि राख्दै बाँसको घोचाले आगो ठेल्दै आफ्नो कर्तव्य इमान्दारी पूर्वक सम्पन्न गरिरहन्छन् । कालुमानको आमाको चिता सँगैको शवदाह भरखरमात्र खाली भएर अर्को शवदाह बनेको थियो एकैछिनमा अर्को लाश ठूलो मलामीको भीड सहित ल्याएरचितामा चढाइयो । लाशसँग एक टुकडी नेपाली सेना पनि देखिए । तत्काले दुइजना मानिसले उक्त लाशलाई दागबत्ती दिए । पारिपटी उभिएको सेनाको टुकडीले स्यालोट मार्दै शोकधुन बजाए । ठूला मानिसको अन्त्यस्टीमा मात्र यस्तो शोकधुन बजाइन्छ । ब्राहमणले उनिहरूलाई त्यो कुरा बताए । रात पर्न लागेको थियो । आर्यघाटमा लाश आउने र आएकाहरू जल्ने क्रम निरन्तर थियो । कालुमानकी आमाको पनि लाश जलेर पूर्णता खरानीमा परिणत भयो । घाटे बाहुनले विधिपूर्वक शवदाह सम्पन्न गर्दै थियो । त्यो बेला एकजना मलामी आएर पोषणलाई शोकमा बस्ने कालुमान हो भनी सोध्यो । पोषण होभन्दै चिन्न नसकेको कुरा बतायो । उसले आफू सेनाको एक्स करसाबको मलामी आएको । कालुमानलेमेरो छिमेकी दाइको छोरी बिवाह भाको भनी सोध्यो । पोषणले हो  भनी सुनेर कालुमान चासो राख्दै तपाई शिलुको छिमेकी भनी सोध्यो । उसले म दिपेनभनि उत्तर दियो र सबैको रीति यस्तै हो भनि सान्तवना दियो । कालुमानले शिलु कहाँछिन हजुरलाई थाहाँ छ भनी प्रश्न गऱ्यौ । उसले पन्ध्र वर्ष पछि अस्ति घर आकि छिन । बेहाल छ भनी बतायो । कालुमानले  आफूले शिलुलाई भेट्न चाहेको कुरा बतायो र भक्कानिदै अर्धबेहोस भयो । पोषणले सम्हाल्दै सान्तावना दियो । जनमले मर्नजन्मेको मान्छे जतिञ्जेल बाचेनी  एकदिन त मर्नु नै छ यहाँ पहिलैदेखि यस्तै भै रहेछ भनि सम्झाउदै कालुमनलाई लिएर आर्यघाट स्थित कियाकर्म पाटी तिर लान्छ ।

पशुपति आर्यघाँटस्थित क्रियाकर्म पाटीको १० नम्बर कोठामा कालुमान आमाको तेह्रदिने मृत्यु संस्कारमा  बस्छ । उसको साथमा पोषण र जनम छन् । उसले सनातनी हिन्दू विधिको तेह्रदिने कामलाई परिमार्जन गरेर पाँच दिनसम्म निराहार बस्ने र पाँचौ दिनमा आमाको मृत आत्मा प्रति श्रद्धान्जली अर्पण गरी काम सक्ने । कुनै बाहुन, पुरेत नलगाई चोखोनितो बसेर काम सक्ने घोषणा गऱ्यो । आमाको कामको चौथो दिन सपना आइपुग्छिन् ऊ आइपुगे पछि कालुमानको मन केही खुल्न थाल्यो । उसलाई दुखेको मनमा आत्मीय साथीको उपस्थितीले केही स्वभाविक र हलका बनायो । सबै इष्टमित्र छरछिमेक र आफन्तलाई खबर गरिदिनु होला सुधाई कार्यको लागि भनि सोनामलाई अहरायो । सपनाले विद्रोही स्वभावको तर मृत्यु संस्कारमा पनि विद्रोह ठीक नभएको कुरा बताइन् । यो सानातिना कुरा सुधार गर्ने प्रयास हो मेरो । यो मेरो व्यक्तिगत प्रयास हो । सिद्धान्त बनाउन खोजेको होइन । बाचिन्जेल आमा, बुवाको सेवा गर्न नसक्ने म जस्तो सन्तानले मरेपछि लोकाचार गर्नुको कुनै अर्थ हुँदैन । टाढा भएर यहाँ नाता गोता पनि कोही आउन सकेनन । बरु पन्ध्रदिनको दिन उही गाँउको घरमा मुमाको सुधाईकर्म सम्पन्न गर्छु र मुमाको सपना साकार पार्ने आभियानमा जुटछु । मेरो विचारबाट प्रभावित भएर विदेश गएका नेपालीहरू स्वदेश फर्केर केही गर्न प्रेरित भए भने विदेशिन बरालिएकाहरू स्वदेशमा बस्न मन फर्काए भने मुमाको सपना नैतिक समर्थन र भावनात्मक साथ रहने कुरा कालुमालाई जनाउदै धन्यवाद व्यक्तगरिन्छ । पाँचदिन बिहान कालुमानले बृद्धाश्रमका बुढावुढीलाई फलफूल बाडेर आमाको काम सकिएको घोषणा गऱ्यो । क्रियाकोन छोडेर घर जाने सुरमा थियो कालुमान । त्यतिवेला एकजना दुव्ली पातली कदकी अधबैसे केटी आएर ठिङ्ग उभिइन । कालुमानले उसलाई देखेर भन्यो शिलु आईपुग्यौ का गाकी थ्यो तिमी ? उसले आइपुगे..... । म विबन्धनमा फर्सेकी थिए मैले तपाईलाई त्यागेर अर्को केटालाई अगालेको कुरा सत्य होइन । तर यहाँ त्यस्तो बुझिएछ भने रुन थाली कालुमानले कस्तो बिवन्धनमा पऱ्यो भनी सोध्यो ? सुन्नुहुन्छ तपाई ? भनी प्रश्न गरिन्, कालुमानले सुन्छु भन्यो । त्यति वेला सपनाले उनै हुन् शिलु? भनी प्रश्न गरिन्, उनले हिड्ने बेलामा छोडेर अर्कोलाई अगाल्ने अहिले आएर बिवन्धनको कुरा । यस्तो पनि हुनसक्छ भनी प्रतिक्रिया जनाइन । सपनाको कुरा सुनेर शिलुले उहाँ तपाइको दोस्रो श्रीमती हो भनी सोधिन । कालुमानले होइन उनी मेरो शुभचिन्तक बैनिहुन भनि उत्तर दियो । शिलुले त्यसो भए किन सौताको जस्तो कुरा...। एउटी नारीको समस्या अर्को उस्तै नारीले सुन्न सक्दैनन् र म मेरो विवशता र बाध्याताका

कथा सुनाएर सधैंका लागि यो संसारबाट विदा लिन चाहन्छु । दिपेन अङ्कलले तपाई दुःख मा हुनुको कुरा सुनाको भरमा तपाईलाई भेट्न आएकी । सुन्न सक्नुहुन्छ भने मेरो कुरा भन्छु । मलाई घृणा गर्नु हुन्छ भने म तपाईबाट विदा भएर जान्छु आजको दिन घाम छदैं संसारबाट विदा लिन्छु भनी शिलु रुदै चिच्याउन थाली जनम र पोषण चुपचाप बसे । सपनाको मुहारमा आक्रोश र इर्ष्याका रेखाहरू सलबलाउन थाले । कालुमान शिलुलाई यो क्षण नरोऊ । तिमीलाई मैले आत्मा साथ गरेको जीवन साथी थियो तिम्रो विबन्धका कथा सुन्न तयार छु । ल  सुनाउ तर यहाँ हैन जाउ हिड घर भन्यो शिलुले पनि जान्छु भनिन र पाँचै जना कालुमानको घर तिर लागे ।

आमाको काम सकेर काठमाडौँको घरमा कालुमान जनम पोषण शिलु र सपना छन् घरको वातावरण चकमन्नछ । उनीहरू चिया पिउदै गफ गाफमा लाग्छन्जनमकले कालुमानलाई मेडम हो भनि सोध्छ कालुमान हो उनी मेरा जीवन साथी थिइन । विधि पूर्वक भित्र्याएको थियो । म विदेश गए पछि अर्को बाटो रोजेकी थिइन भन्ने विश्वस थियो तर आज यो अवस्थामा उनी म बिवन्धनमा परेको थिए भन्दै आएकी छिन यो समय तपाईहरूलाई साक्षी राखेर शिलुको बिवन्धनको काहनी सुन्न चाहान्छु भन्दछ । कालुमानले शिलुलाई जनम पोषण र सपनाको परिचय दिँदै यो आफूले कोरीयाबाट कमाएर ल्याएको पैसाले किनेको घर  हो भनी जानकारी गराउँछ । शिलुलाई बाध्याता र विबन्धनको सिकार कसरी भयो । पहिला अर्को केटासँग घरजम गरे मलाई विर्सी दिनु भनेर आमालाई पत्र पठाएकी रहेछौ पत्र अझै सुरक्षित छ घरमा । यथार्थ केहो ?मनमा कुनै पनि कुरा नलुकाई खुलस्त भन भनी आग्रह गर्द छ शिलु पशुपति नाथलाई साची राखि मैले तपाईलाई छोडेर पुजनलाई अङ्गालेको होइन । मलाई पुजनले अपहरण गरेको हो भनी आफ्नो काहनी भन्न सुरु गर्छिन बीच बीचमा भकानिदै रोकिदै रुदै आफ्नो काहनी सुरु गर्छिन । म आमासँग विदा मागेर एक महिनामा फर्किने गरी माइत आउदै थिए । फुंलिङबजारमा आएको दिन म माइत जाँदैछु  काठमान्डौं पुगेर सम्पर्क गर्छु है भनेकी थिए ? विर्सनु भयो त्यसको भोलि पल्ट विहान बस चडेर आउदै थिए । ४ बजे फिक्कल बजार आइपुग्दा इलाम बन्दको घोषण भयो । लिम्बूवानले अनिश्चितकालीन बन्द गरेको रहेछ । यातायात ठप्प भयो । त्यातिकै के गर्न भनेर चिया खादै थिए । पुजन आएर हाय शिलु दीदी भन्यो । पुजन मेरै मामाको छोरा, तपाई पनि चिन्नु हुन्छ नि, कि याद छैन ? याद छ शिलु चिन्छु, भन अरु के भयो भन्छ कालुमान । ऊ सँग अर्की केटी थिई । उसलाई मैले डेटिङका लागि ल्याएको दिज्यु भन्यो ।

पाल्पालकी यशोदा रेग्मी हुन् भन्यो । हामी परिचित तीनजना भयौ । उसले अब अनिश्चितकालीन बन्द भयो भोलि बिहान पनि खुलेन भने पशपतिनगर सम्म हिडेर जाऔ अनि दार्जिलिङ घुम्न जाऔ भन्यो । त्यसपछि सिलिगुडी हुदै झापा पुगेर काठमाण्डौं फर्कौ भन्यो । त्यो परिस्थितीमा पुजनको कुरा ठीकै लाग्यो हुन्छ भने । भोलिपल्टसम्म बन्द खुल्ने कुनै सङ्केत देखिएन । बिहान खाजा खाएर पशुपतिनगर तर्फ लाग्यौ । १० बजे पशुपतिनगर पुग्यौ । त्यहाँबाट दाजिर्लिङ गयौ । दार्जिलिङको मिल्की वे होटलमा लज बुक गरेर बजार घुम्न गयौ ।। चौरास्ता जु घुमेर बेलुका होटलमा आयौ । भोलि बिहान रक गार्डेन र टाइगर हिल जाने योजना बनायौ । चैतको महिना निक्कै चिसो थियो । सुत्नेबेलामा मिल्क कफी पिएर सुत्यौ । तेस पछि के भयो के के गर्‍यो ? मलाई केही थाहा भएन । थाहा पाउँदा म वेश्यालय भित्र थिए । कयौ पटक रोए, कराए, चिच्याएँ, अर्धचेत अवस्थामा पुगैं, संसार भासिएजस्तो लाग्यो । विष खाउँ कस्ले ल्याइदिने ?पासो लगाउँ ठाउँ थिएन । उनीहरूले दिएको खाना नखाई ज्यानलाई सुकाएर मर्छु भन्ने निष्कर्षमा पुगे । मेरो अवस्था देखेर एउटी एजेड आइमाइले तिमीलाई दलालले बेचेर गएको हो भनिन । म त्यै मेरो मामाको छोरा पुजनबाट बेचिएछु भन्ने लाग्यो । बेलुका एक जना जेन्टल जस्ती लाग्ने आइमाई आएर मलाई उसको कोठामा लगी उसले मलाई ५० हजारमा बेचिएको कुरा सुनाई । र पुजनले बेचेको हो भनी प्रस्ट पारिदिइ । त्यसपछि त्यो आईमाईले त्यहाँ भित्र मैले के के गर्नु पर्छ भन्ने कुरा सुनाई । सेवाग्राही पुरुषको ईच्छा पुरा गर्न हरपल राजी हुनुपर्छ भन्ने निर्देशन दिई । म उसको अगाडि रोएँ । म विवाहित केटी हुँ । मलाई यस्तो काम गर्न इच्छा छैन । म तपाईको फसेको रकममा ५० हजार नाफा सहित फर्काउछु भने । उसले मेरो कुरा सुन्दै सुनिन भरेबाट सर्भिस सुरु हुन्छ भनेर अर्को कोठामा पुर्‍याई । म त्यसरी वेश्यालयमा वेश्या बनाईए । मेरो सतित्व अपहरण गरियो । मेरो सत्व गुम्यो । मैले १४ वर्ष नरकीय जीवन वेश्यालयमा भित्र बिताइ रहँदा पनि तपाईलाई सझिरहे । तारामालाई सम्झिरहे । त्यहाँबाट मुक्त भएर जान पाऊँ भन्ने ध्यान पशुपतिनाथसँग गरिरहे । कतिपल्ट निधाएको बेला तपाई रुदै मलाई खोज्न आएको सपना देखे । तर विपनामा तपाई आउनुभएन । त्यहाँबाट भाग्ने मैले धेरैचोटी प्रयास गरे तर सम्भव थिएन । जेलभन्दा कठोर किल्ला भित्र राखिएको थियो । त्यस भित्र मैले विताएको १४ वर्ष काहनी भन्दा महाभारतको कथा भन्दा लामो हुन्छ । सबै कुरा भन्न सक्दिन मेरो शरीरको एक जना ग्राहक थियो । त्यो मान्छे घरको पर्खाल लाउथ्यो । हामीलाई थुनेर राखेको घरको कम्पाउण्ड वाल मर्मत भइ रहेको थियो । राती म

कहाँ ग्राहकबनेर आउथ्यो । मैले उसलाई फकाएयहाँबाट मुक्त हुनु चाहान्छु दाइ मलाई सहयोग गर्नुस भने । मैले मेरा सबै वेदना सुनाएपछि त्यो मान्छे पनि रुन लाग्यो र म पनि सिन्धुपाल्चोकको लाक्पा दोर्जे नेपाली हुँ भन्यो । मेरो अनुरोध उसले हुन्छ भन्यो । उसले भोलि म जहाँ वाल लाउदै गरेको हुन्छु त्यहाँ हेर्नु म त्यहाबाट बाँसको टुक्रा खट जस्तो बनाएर राख्छु, तिमी राती सुटुक्क आएर त्यो बाँस हल्लाउनु बाँस हल्लिने बितिक्कै म पर्खालको ढुङगा हटाउछु तिमी छिरेर आउनु रातको ठिक १ बजे आउनु भन्यो मैले उसले भने जस्तै गरी बाँस भएको ठाँउमा गए बाँस हल्लाए खसेर पुवाल पऱ्यो म लुसुक्क मुसा जस्तो भएर निस्किए लाक्पा दाजुले साइकलमा चडाएर लगे रेल स्टेसनमा पुऱ्याएर रेल चडाए जोगमनी आएर नेपाल छिर्दा मात्र मलाई विश्वास भयो म भारतको पट्ना आसपासको कोठीमा बन्धक बनाएको रहेछ उनै लाक्पा दाजु दिवादी देव महादेव पशुपतिनाथ भए । उनैले मलाई काठमान्डौँसम्म उद्धार गरेर ल्याए आज बेश्यालयबाट मुक्त भएर काठमान्डौँ आएको १० दिन भयो माइती गए बा आमा वित्नु भए छ दादा मात्र रहेछ उसले मेरो कुरा सुन्न मानेन कालुलाई छोडेर अर्कोसँग जाने बेलामा जाने आज चिप्लो कुरा गर्ने भन्यो दिपेन अङ्कले  सामान्य सपोट गर्नु भयो । तपाईलाई सकेसम्म छिटो भेटेर मर्ने प्रयासमा थिए । यतिकैमा साथी स्वयेतासँग भेट भयो । उसले बाच्ने प्रेरणा दिन थाली । उसकै प्रयासमा म अस्पताल गएर हेल्थचेकअप गराए । तर मलाई **एच आई भि** लागेछ ।सधै बाँच्ने मर्ने कसम खाएको पूरा हुन सकेन कालु यी काहनी सुनाएर मर्ने चाहना थियो । सम्पूर्ण काहनी सुनाउन पाए आजदेखि मलाई बिर्सिदिनु म जान्छु बागमतीमा हाम फालेर प्राण त्याग्छु यसरी शिलुले आफ्ना सम्पूर्ण बाध्याता र बिबन्धनको काहनी सुनाइन । त्यहाँको वातावरण एकछिन भावविहवल भयो सबैका आँखामा आँसुका ढिकाहरू देखिन थाले । शिलु रुँदै हिडन थाली कालुमानले शिलुको हात समात्दै कस्ले दिन्छतिमीलाई मर्न ? म मरेको छु रशिलु ? म तिमीलाई माया गर्छु साथै राख्छु बुझ्ेउ ? भन्छ । शिलु मैले बाँच्नुको अर्थ छैन मलाई एडस लागि सकेको छ एडसको जिवाणुसँग तपाईको भावी जीवन चल्न सक्दैन त्यसैले मलाई नरोक्नु । तिम्रो म प्रतिको महानता प्रति म ऋणी छु । मलाई नरोक्नु मर्न दिनु भनी कालुमानलाई आग्रह गर्दछिन कालुमान र शिलुको संवादले कोठाको वातावरण थप स्तब्ध बन्छ सपना ढोका लगाउछे मर्न त्यति सजिलो छैन । त्यत्रो सङघर्ष गरेर यहाँसम्म आउनु भो, कालु दाजुले तिरस्कार गर्नु पर्नेमा उल्टै मायासाथ आत्मासाथ गर्छु भनिरहनु भएको छ, काले दाजु महान अभियानमा हुनु हुन्छ बरु अभियनमासँगै जुट्नु पर्छ भनी

सम्झाउछिन शिलु कालुलाई रोग लगाएर मार्न चाहन्न कालुलाई शारीरिक सन्तुष्टी मबाट मिल्न सक्दैन । उसलाई सन्तानको आवश्यकता पर्छ । त्यो पनि म बाट पूरा हुन सक्दैन उर्वराहीन माटोको मान्छेलाई के काम ? भनी प्रश्न गर्छिन कालुमान सत्य कुरा त्यो होइन तिमीले मलाइ गरेको विश्वासप्रति मैले विश्वासघात गर्न सक्दिन मैले तिमीलाई श्रीमती बनाएर तिमीसँगै बसेर तिम्रो सुख दुःखमा सहयात्री बन्न सकिन तिमलाई लोग्ने भएर सुरक्षा दिन सकिन यसमा मलाई लज्जाबोध छ । विगतलाई सम्झेर अघिको यात्रा पूरा हुँदैन । तिमीलाई म माया गर्छु सँगै मर्ने बाँच्ने बाचा गर्छु तिमी मलाई विश्वास गर्छौ भने शिलुलाई प्रश्न गर्छ शिलु सास नगइन्जेल तपाईप्रति विश्वास गर्छु भन्छिन् । कालुमान प्रेम शारीरिक स्पर्शबाट हुने मात्र होइन भावनाबाट पनि हुन्छ । एडस ग्रस्त छयौ मार्ने सन्ताको कुरा छ यो तिमी हामी बीचबाट नभएर फरक पर्दैन नेपालीका लाखौं छोराछोरीलाई छोराछोरी मानेर बसौंला मबाट सन्तान चाहिन्छ भन्ने भए सोचौला । पुनमिलन भएको छ । तिमीलाई म आत्मासाथ गर्छु शारीरिक र्स्पश नभएर पनि प्रेममा हरियाली छाइरहन्छ भन्ने प्रमाण सपना र म स्वयम्  छौ । हामी दुवै एक अर्कालाई प्रेम गर्छौ । तर शारीरिक स्पर्शबाट टाढा छौ बाकी कुरा सबै सपनालाई सोध भनी कालुमान शिलुलाई भन्छ । बरु पुजन कहाँ छ भन शिलु भन्छ कालु । सपना पहिला मसँग विहे गरेको भए शिलुको यो हालत हुने नै थिएन अब पुजन को कुरा विस्तारै गरौला भनि उनीहरूस्वयम्बु तिर घुम्न जान्छन । बेलुकी 'घर फर्के'र आए पछि उनीहरू चारजना गफगाफमा व्यवस्त हुन्छन । बत्ती भ्याप्प जान्छ । लोडसेडिङ सुरु हुन्छ । काठमाण्डौंका जन्ताले जस्तो मार अन्यनत्रका मानिसले खासै भोगेका छैनन् होला । उनीहरू मोबाइलका वत्ति वालेर पुजनको बारेमा कुरा गर्न थाल्छन । पुजन माओवादीमा लागेको र १४ वर्षदेखि बेपत्ता भएको शिलु बताउँछिन र माओवादी होस कि सरकारी सेनाले मारिदिएको भए मनले सान्ति पाउने थियो भनि इच्छा प्रकट गर्छिन । कुरै कुरामा पोषण यस्ता अपराधीलाई पक्कै मारी सके उसको कुरा भन्दा पनि धेरै वर्ष पछाडि कालुमान र शिलुको भेट भएको छ । अब सुनौलो भविष्यको बारेमा सोच्नु पर्छ मरेको मानिसलाई सरापेर काम छैन । अब सुतौ आमाको  काम बाकी नै छ  विहान चाडै हिडनु पर्छ । भनी सपना र शिलु एउटा कोठामा कालुमान र पोषण अर्को कोठामा पर्सी सुत्छन सपना र शिलु ओच्छयानमा पल्टेर गफ गर्न थाले । शिलुले पनि कालुमानसँग भेट भएको लव परेको र विवाह भएको सबै कुरा सुनाई । सपनाले पनि पहिला कालुलाई मन पराएकोउनीहरूले एक अर्कालाई प्रेम गरेको ५ वर्षसम्म लव परेको कहिले पनि लसपस

नभएको पवित्र प्रेम रहेको कालु सहरतिर पढ्न गएको ऊ गाउँमै बसेको गोविन्द माग्न आएको र पटक पटक अस्वीकार गरे पनि फोनको सुविधा नभएको कारण कालुसँग सम्पर्क हुन नसकेको र अन्त्यमा गोविन्दसँगै विवाह भएको तर शरीर मात्र गोविन्दसँग मनचै कालुसँगै भएको कुरा बताइन । कालुले केही भनेन भनी सोधिन यस्तो केही कुरा भएन तीन महिना त सँगै बसिम अबत मेरो नि मन मात्रै हो कालुलाई तन त एडसले खाइगो कतिदिन बाच्छु र फेरि.....। भन्दै रुन थालिन शिलु सपनाले प्रसङ्ग् मोडन खोजिन फेरि शिलु चुडिएको प्रेम कसरी जोडियो भनी सोध्छिन । सपनाले विछोड भए पछि एक दिन भेट भयो विदेश जानेहरूलाइ घरै फर्काउने अभियानमा  निस्केको रहेछ कालु त्यँहीबाट जोडियो । बरु कालु तपाईको बिरहले छटपटाई रहेको । मैले मन  दिएर ठिक पारे भनि बताइन । शिलु फेरि कहिले भएन यस्तो भनी सोध्छिन् । सपना अह कहिले भएन यस्तो कालु ज्ञानी रआदर्शवादी छ भनी बताउछिन । उनीहरू गफै गफमा निधाउँछन । उनीहरू बिहान उठेर चिया खाएर गाउँ फर्किनलाई तयारी हुन्छन् । कालुमान, शिलु, सपना र पोषण ट्याक्सीमा चडेर जनक दाइ र भाउजुलाई घर जिम्मा लगाएर विमान स्थलतर्फ लाग्छन । उनीहरू विमान स्थलको मुल गेटमा पुग्दा एउटा लास बाकस बोकेको सवविमान निस्कियो । विदेश हिडनेको पहिलेको जस्तै लाग्यो । त्यो देखेर सपनाले खोई तपाईको अभियानको प्रभाव भनी सोध्छिन् । कालु चुपचाप बस्छ । यतिकैमा उनीहरू आन्तारिक टिर्मीनलमा पुग्छनर उनीहरू उत्रिन्छन । उनीहरू चेकिङतिर लाग्छन । पोषण फर्किन्छ । यतिबेला बिहानको ९ बजेको छ । सपनालाई गोविन्दको फोन आएछ । उ चनद्रगडी एयरपोर्टमा आइपुगेको हुन्छ । सपना र कालुमानसँगै केही समयको सम्वाद पछि फोन राख्छन । उनीहरू ९:१५ बजे एयरपोर्ट भित्र प्रबेश गर्छन शिलु र सपना एकापटि कालुमान अर्कोपटि बस्छन । प्लेन उड्छन शिलु र सपना झ्यालबाट बाहिरको दृष्य हेर्न व्यस्त हुन्छन कालुमान सपना र शिलुलाई एकटकले हेरी रहन्छ उ हाय शिलु हाय सपना...। त्यो क्षण मेरी सिमा भइदिएको भए भनी सम्झन पुग्छ । यति कै मा प्लेन अवतरण हुन्छ । गोविन्दले उनीहरूलाई स्वागत गर्छ । उनीहरू चार जना गोविन्दले रिजव गरेको भ्यान चडेर बिर्तामोडको मुत्तिचोक पुग्छन् । सपना आफ्नो घर जाने कालुमानलाई प्रस्ताव राख्छे । कालुमान सम्पूर्ण आफ्नो कुरा थाहा भएको र आमाको काम गर्न आफू बाँकी रहेकाले काम सके पछि फेरि पछाडि आउला भनी विदा माग्छ । कालुमान सपना । गोविन्दले गरेको सहयोग र सदभाव प्रति ऋणि भएको कुरा बताउदै विदाईको हात हल्लाउन आग्रह गर्दछ । त्यहाँबाट उनीहरू आ-आफ्नो बाटो लाग्छन सपना र

गोविन्द आफ्नो घर चिसा पानितर्फ लागे । शिलु रकालुमान घर फर्किए चारालीबाट भेन उकालो मोडियो । भेन भित्रको वातावरण सुनसान छ कालुमान र शिलु एउटै सिटमा भए पनि हेरा हेर मात्र गरिरहेका छन् । बोलचाल छैन । त्यतिकैमाजोडी ढुक्कुर उडिरहेका थिए । एउटा आएर झ्यालको सिटमा ठोक्कियो र झऱ्यो ढुक्कुर मरेको दृष्यले कालुमान र शिलुको मौनता तोडियो । शिलुले कुन त मऱ्यो बाँच्नेको भने रोकिइन । उनीहरू म त्यति बेला वर्ने चिया कमानमा आइपुगेका छन । यतिकैमा शिलुले सानु सोरमा-बाबा एउटा कुरा सोधुम भनी प्रश्न गर्छिन कालुमान के छ शिलु यस्तो भनी प्रश्न गर्छ ? शिलु सपनाको आत्मियता बोध भनेको भए के हुन्थ्यो ? किन नभनेको भन्छिन । कालुमान मुस्कुराउदै कहाँ ती सबै कुरा गर्ने समय थियो त शिलु हामीसँग ? तीन महिनाको सँगै बसाई त्यति कै बित्यो । म विदेश थिए तिम्रो हालत यस्तो भयो । आज हाम्रो हालत यस्तो छ । मन दुख्यो भनी सोध्छ शिलु छैन भन्छिन । कालुमान यतिकैमा आफ्नो डायरी झोलाबाट झिकेर शिलुलाई पढ्न दिन्छ भने किटेनी काटेर कोल्बुङको उकालो चढ्दै थियो । शिलु डायरीका पाना पल्टाएर पढ्न थालिन ।

यहाँ कालुमानको विवाह हुनु पूर्वका प्रेमिकाहरूको वर्णन गरिएको छ । विभिन्न कुराहरूसँग तुलना गर्दै ती नारीहरू धेरै सुन्दरी थिए भन्ने कुराको पनि वर्णन उसमा पाइन्छ । एउटीलाई सिमा भनेर वर्णन गरिएको छ । जसलाई जोगमाईको शिरतिर उम्रिएको एक थोपा निर्मल पानीसँग तुलना गरिएको छ । घामजुनभन्दा पनि राम्री ठानेको कुराको पनि वर्णन गरिएको छ । यसरी अघि बढ्ने क्रममा निर्मल, निश्पाप र हिमालभन्दा पनि उच्च र हरियाली थियो । जीवनमा संघर्षको यात्राबाट दुवै कावेली भएर तमोरमा तैरिदै सप्तकोशीमा लिन हुन बाचा खाएर अघि बढिरहेका थियौ हामी । अनायासै हामी नदीको दुई किनारामा एक्लाएक्लै बगन थालिउ । म पनि चोटले थिलथिलिएर आफ्नै गतिमा बग्न थाले । तिनै चोटको खाटा बोकेर भुन्भुनाएको क्षण प्राणप्यारी कान्छी तिमीसँग ठोकिन्न पुगे । तिमीसँग ठोकिन पूर्व मैले फूललाई आत्मसात नै नगर्ने, गर्नै परे किराँत कन्या रोज्ने त्यो पनि नभए तिरस्कृत फूल (पानी अचल बनाइएको जातको कन्यावरण गर्ने सोच बनाएको थिए । त्यही बेलामा भेलियौ र अगाडि बढ्यौ । किराँत कन्या रोजेर जीवन जिउने निचोडमा पुगे । हामी बगाईको गति ताल सुरमा थप हरियाली छाउँदै गयौ । हाम्रा ती यात्रामा हास्ने रुने, दुख्ने र दुख्नेहरू धेरै थिए । सुनको महल भन्दा विचारको झुपडी नै महान हुन्छ भनी अगाडि बडिउँ भाषण र सिद्धान्तको होइन रगतको अन्तरघुलन हुनुपर्छ

भनी हामी अगाडि बढीउ । एउटै माइ भएर यात्रा प्रारम्भ गरेका थियौ । तर हाम्रो यात्रा कसरी फुटन भयो आफैं भयो या कसैले गरायो ? त्यो तिमी आफै जान । एउटा भमराले फूललाई मन पराउनु पाप होइन तर आफूले रोजेको पहिलो भमरालाई किन सोधिन ? मलाई ढाट्न सकेपनि स्वयम् तिम्रो मनलाई ढाट्न सक्दिन जोगमाई तिमी । तिमीलाई मैले जीवनमा लालिगुराँस ठानेको थिए । तर, तिमीबाट म त्यसरी बनमारा झारसरी तिरस्कार भए । ज्यूदो लाशसरी मरेर बाँचे पहिलो पल्ट फूल ठानेको कृष्णकलमबाट मरे । दोस्रो पल्ट निश्पापे बन फूलबाट मरे र तस्रोपल्ट फूल ठानेको लालिगुराँसबाट मरे ।

यसरी पटकपटक मरेर बाँचेपछि जीवनमा अर्कोपल्ट निर्णय गर्ने विन्दु आयो । त्यही विन्दुमा पुगेर अर्को एउटा अपरिचित, अनाम बुकिफुलसँग ठोकिन पुँगे । त्यो मेरो चौथो विकल्प थियो । बुकिफुसँग मैले जीवन जिउने कसम खाँए । बैधानिक विवाह बन्धनमा बाधियौं । अपरिचित बुकिफूल काठमाण्डौं काठमा फक्रिएको थिइन । बुकिफुलसँगै तमोर बनेर बग्न जाले । बुकिफुलको (शिलुको) प्राप्ती पछि उनीहरूको जीवन चलिरहेको थियो । त्यही क्रममा कालुमान विदेशियो शिलु र आमालाई घरमा  जिउने कसम खाँए । बैधानिक विवाह बन्धनमा बाधियौ । अपरिचित बुकिफुल काठमाण्डौं काठमा फर्किएको थिइन । बुकिफुलसँगै तमोर बनेर बग्न जाले । बुकिफुलको (शिलुको) प्राप्ति पछि उनीहरूको जीवन चलिरहेको थियो । बुकिफुलको (शिलुको) प्राप्ती पछि उनीहरूको जीवन चलिरहेको थियो । त्यही क्रममा कालुमान विदेशियो शिलु र आमालाई घरमा छाडेर । कालुमान घर छाडेको केही महिना पछि माइत हिडेकी सिलु पनि घर फर्किनन् । उनी बम्बइको कोठीमा बेचिन पुगिछिन् । उनी बेचिएर धेरै वर्ष नारकीय जीवन विताए पछि काठमाण्डौ माइतीमा फर्किएको हुन्छिन् । यता कालुमान पनि विरामी आमालाई लिएर काठमाण्डौं गएको हुन्छ । आमाको मृत्युपछि कालुमान र शिलुको भेट हुन्छ र उनीहरू एकअर्काको पिरव्यथा साटासाट गरी घर फर्किने निधो गरी घर फकिन्छन् । घरमा पुगेर छरछिमेकी बोलाएर आमाको सुद्धाइ कार्य कालुमानले आफ्नो हातको डायरी आमाको फोटोमा राखेर शिर झुकाएर शिलुको साथमा सम्पन्न गर्दछ ।

उपन्यासको अन्त्यमा सोच खण्ड भनेर राखिएको छ । आमाको सुझाव सुनेर कालुमान विकल्पको खोजी सोच्न थालेको छ । कामको खोजीमा विदेशिएका नेपालीलाई स्वदेश फर्काएर के काम दिने ? स्वरोजगारको अवसर कहाँ श्रृजना हुने ? कसले गर्ने मनमनै आफूले आफैलाई प्रश्न गर्न थालेको छ । कालुमानले अध्ययन अनुसन्धान गरी

प्रारुम्भमा मोटामोटी सोच बनायो र नेपाली युवाहरुलाई घर फर्कौ भन्ने आग्रहसहितको लेख अनलाइन पत्रिकामा प्रकाशन गऱ्यो ।

युवाहरू विदेश पलायन हुनु रहर होइन बाध्यता हो । देश बनाउने सिर्जनाशील उर्जा भनेको युवा पाखरी नै हो । युवाहरूको मस्तिष्कमा नै नयाँ परिवर्तनको सोच र नवीन बाटाहरू हुन्छन् । नेपालमा २०४६ सालको राजनीतिक परिवर्तन पछि पुन विदेश पलायनको माग बढ्दै आयो । २०६२/०६३ को जनक्रान्तिले पनि युवा शक्ति विदेश पलायन हुनबाट राकिनु पऱ्यो त्यसो हुन सकेन । विदेशिनेको गति बढ्दै आएर अहिले काहाली लाग्दो अवस्था सिर्जना भयो । विदेश जानु र श्रम साटेर पैसा कमाउनु त्यहाँको अनुभव गर्नु अपराध होइन । तर विदेश जाने सिलसिलमा आफ्ना वृद्ध बाआमा भर्खरै विवाह गरेर ल्याएकी श्रीमतीलाई छोडेर जानुपर्ने बाध्यता छ भने अर्कोतिर आफ्ना बाआमाका प्रियजनलाई घाटमा पुऱ्याएर काजक्रिया नै नगरी सिधै मनमा पीर र व्यथा बोकेर विदेशिनु पर्ने अवस्था पनि सिर्जना भएको छ । भने अर्कोतीर नेपाली जनताको माया, सम्मान र विश्वासमाथि घात गरेर सांसद, मेयर र जिल्ला सभापतिदेखि गाउँ विकास समितिका अध्यक्षदेखि सदस्यसम्म विदेश पलायन हुनु भएको छ । विदेश जानु र श्रम साटेर पैसा कमाउनु त्यहाँको अनुभव गर्नु अपराध होइन । स्वतन्त्र नागरिकले उपयोग गर्ने अधिकारको कुरा हो । देशको नागरिकले आफ्नो मार्यदाप्रति कर्तव्य निर्वाह गर्नुपर्छ  त्यसो गर्ने बेला भयो  विदेशमा पसिना साटेर श्रम गरेर पैसा पठाउँदा तत्कालको समस्या हल हुन्छ तर आर्थिक प्रगति भएको देखिदैन । देशको अर्थतन्त्रमा सहयोग पुग्छ तर कयौ आफ्ना आवश्यकतालाई दबाउनु पर्दछ । यी कारणले समाजमा सयौं घटना घटेका छन् । विदेशबाट आउँदा कतिपयले रोगका जीवाणुहरू लिएर आउनु पर्ने त कतिपय हातखुट्टा र शरीरका अङ्गहरू गुमाएर त कोही मृत अवस्थामा बाकसमा फर्कनु पर्ने अवस्था पनि सृजना भएको छ । मानिस जन्मेपछि गर्छ यो सास्वत कुरा हो । तर उसले जन्मिएपछि जन्मभूमिमै मर्न पाउनु नागरिकको धर्म, कर्म र अधिकार हो । साठी लाख भन्दा बढी युवाहरू विदेशमा श्रम गरिरहेका छन् अहिले । युवाशक्ति विदेश पलायन भएबाट गाउँघर उजाड बन्दै छ । यहाँका उर्वर जमिन बाझिनुहुदैन मर्दाका मलामी र पर्दाका जन्तीको अभाव हुँदैछ । गाउँघरमा वृद्धवृद्धा र अशक्त, अपाङ्ग, सुत्केरी आमा र नाबालक मात्र रहने अवस्था सिर्जना भइरहेको छ । यस्तो अवस्थामा हामी कसरी कृषि अर्थतन्त्रमा निर्भर हुन सक्छौ ? जलसम्पदाका धनी हामी कसरी देशलाई उज्यालो दिनसक्छौ ? हामी विदेश पलायन हुने युवाहरू साक्षर मात्र नभएर शिक्षित युवाहरू

साक्षर मात्र नभएर शिक्षित युवाहरू पनि छौं । शिक्षित मात्र नभएर नेता, अभिनेता, लेखक, पत्रकार, कलाकार, विद्यार्थी र प्रोफेसर समेत छौं । हामी हजारौं दु:ख पाएर पनि आफ्नो देशको बारेमा  सोच्दैनौ । राज्यले लगानी गरेर पढाएका युवाशक्ति समेत राष्ट्रिय सेवागर्नुको साटो विदेशीकै दासहुनुमा गौरव गर्छौ । आफ्ना राष्ट्र र राष्ट्रियताको सम्मान गर्नुभन्दा पराईको महिमा र चाकडी गर्दै उनकै भरिया बन्नमा गौरव गर्छौं । यो कुरा सत्य हुँदाहुँदै पनि नेतृत्व बेखबर  छ । आत्मग्लानी होइन उल्टै गौरव गर्छ । युवाशक्तिलाई देशमा बस्ने, श्रम गर्ने र देशलाई समृद्ध बनाउने कुनै योजना बनाउँदैन । यो हाम्रो विडम्बना हो । यसलाई उच्छेद गर्ने विकल्प र बाटो अब हामीले खाज्नै पर्छ । अरुको मुख ताकेर होइन स्वयम्बाट थाल्नुपर्छ । संसारकै सुन्दर देशका हामी श्रमशील, साहिष्णु, विश्वासिलो र हिम्मतिला नेपालीले आफ्नो देशलाई सिगार्ने नयाँ मार्गचित्रको नै पर्छ । यस्तो चित्र कोर्न अब सबै भन्दा प्यारो मातृभूमि फर्कौ ।

कालुमानको नेपाली युवाहरू अब 'घर फर्क' भन्ने लेख पढिसके पछि विदेशमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीहरूले आ-आफ्ना तरिकाले प्रतिकिया जनाए । कसैले नेपालमा आएर २-४ हजार कमाउने बाटो नभएको विदेशमा बसेर आफूले जहान छोराछोरी पालिरहेको । यो कालुमानको खोक्रो, आदेश भएको । कसैले आफूलाई लोग्ने र छोराछोरीसँग बस्न रहर हुँदाहुँदै पनि बाध्यताले विदेशमा रहनु परेको त कसैले कालुमानको लेख पढी सके पछि आफ्ना आँखा खुलेको जतिसक्दो छिटो घरफर्की आफ्नै गाउँमा केही गर्ने विकल्प खोजी गर्छु भनी सहमती जनाए भने कसैले कहाँ के गर्ने जाने र नगर्ने ? भन्ने व्यक्ति स्वयम्ले निर्णय गर्ने कुरा हो भनि प्रतिक्रिया देखाए । यी सबै कुरा प्रवृत्तिगत प्रतिक्रियाको प्रतिनिधि उदाहरण मात्र हुन् । प्रतिक्रियाको विश्लेषण गर्न थाल्यो कालुमान । आमाले भनेको सुझावमा सत्यता भएको र आमा दुरदृष्टिकी धनी भएको कुरा पनि स्मरण गर्न पुग्यो । विदेशिनेका प्रतिक्रिया हेरीसके पछि आफू आदेशवादी मात्र नभएर यर्थाथको नजिकमा पुगी वैकल्पिक सोचको खोजी गर्ने सोचमा ऊ पुग्दछ । तत्पश्चात राजनीतिलाई चौतर्फी रूपमा फोहोरी खेलको संज्ञा दिइरहेको अवस्थामा निज व्यक्तिले एउटा विकासको सर्वोतम खम्बा, राजनीति नै रहेको हुँदा उक्त जनसमुदायलाई विकासको आधार शिलाको रूपमा खडा गर्ने देशको फोहोरी खेल नभई विदेशिएका आम जनसमुदायलाई देशमा फर्काएर दक्ष जनशक्ति निर्माण गर्ने दर्विलो आधार समेत राजनीति बाच्नै निर्माण गर्ने समेत कुरा उल्लेख गर्दै वैचारिक भावलाई शसक्त बनाएका छन् । आम जनसमुदायको राजनैतिक विचार बाजिएर

दर्शन र सिद्धान्तलाई समेत कुरुप बनाएको अवस्थामा समानता स्वतन्त्रमा र समान अवसरको वितरण न्यायोचित ढङ्गले गर्न सकिन्छ र यसको लागि विचारलाई विकृत नबढाइ सुन्दर बनाउन चाहान्छु । यो विचार र सिद्धान्तको लागि सङ्गलाई सुन्दर बनाउने सुत्र नीति नै हो भन्दै नेपालीलाई एकतावद्ध बनाउनका लागि दर्विलो खम्बा बनेर आफू उठ्ने भाव प्रस्तुत गरेका छन् ।

नेपाल र नेपालीलाई समृद्ध बनाउन उक्त समाजलाई सुहाउँदो समाजवाद ल्याउन समेत लागि परेका उनी दत्तचित्त भएर देश निर्माणको लागि लागी परेका छन् । महान् विचारक वि.पी., पुष्पलाललाई समेत पुस्तकको लेखमा सामेल गराउँदै उनीहरूको समाजवादको संरचनालाई समेत प्रस्तुत गरेका छन् । एक नेपालीको लागि करेसाबारी र दुहुनुगाई जस्ता अभिव्यक्तिहरूलाई सम्वृद्ध बनाउने आधारशीला हुन् । त्यसका लागि अझ यातायत सञ्चार विद्युत जस्ता चिजहरू उपलब्ध भएको समाज समाजवाद हो । त्यस्तै नेपाली समाजको आमूल परिवर्तनको परिकल्पनामा सम्नाटाको समायोजन आवश्यक छ र यसलाई समाजवादको फुलबारी बनाउछु । विदेशिएका नेपालीलाई स्वदेशमा बोलाउँछ भन्दै राष्ट्रभक्तिको भाव प्रस्तुत गरेका छन् । त्यस्तै आधुनिक कृषि क्रान्ति गर्छु भन्दै कृषि प्रधाननेपाललाई एउटा सुन्दर बगैँचा निर्माण गर्ने स्थानीय उत्पादनहरूलाई कृषि आधुनिकीकरण गरी उद्योग धन्दा समेत स्थापित गर्ने निर्णयमा पुगेका छन् । कृषिलाई व्यवस्थितगर्नसके विदेशीको नोकर बन्न नेपालीले जानु नपर्ने आफ्नै देशमा पाखुरी बजार्न सके देश र भेष आफै बदलन सकिन्छ भन्दै फलफुल र बालिनालीलाई समेत विभिन्न उपमा दिदै समाजवादको परिकल्पना गरेका छन् ।

यसप्रकार जलस्रोतको दोस्रो धनी देश नेपाललाई बत्ति मुनीको अध्यारो नभइ विद्युत गृह निर्माण गरी बत्ति बाल्ने (लोडसेटीङको मारमा चेपिएका नेपालीलाई बल वुद्धि र पाखुराको समायोजनबाट उज्यालो बाँड्ने साथै विदेशमा समेत विजुली बेच्ने र हरियो डल्लर कमाउने सपना समेत देखेका छन् । साथै पढेर छोराछोरीले जागिर खानै पर्छ भन्ने कुरालाई अन्त्य गर्दै आजको परनिर्भर शिक्षालाई निरुसाहित गर्दै आत्मनिर्भर हुने शिक्षामा जोड दिएका छन् । भावी पुस्ताको शब्द कोषबाट लोडसेटिङ शब्द हटाइदिन्छ भन्दै सम्बन्धित पक्षलाई चुनौती समेत दिएका छन् । डिग्रीको प्रमाणपत्र बोकेर जागिरको लागि भौतारिने भावी पुस्तालाई आत्मनिर्भर बन्न कृषि योग्य व्यवसायतर्फ लाग्नु पर्ने भन्दै सचेत गराएका छन् । अन्यथा अन्त्यमा आँखा भरी कचेरा बोकेर विदेशिनु पर्ने र त्यहाँ भुस्याहा

कुकुरको जस्तो पनि मान्यता नहुने हुँदा यस्तो अव्यवहारिक शिक्षालाई जरैदेखि उखेलेर गरिखाने शिक्षा दिनुपर्ने कुरालाई समेत आलोचनातमक ढङ्गले प्रस्तुत गरेका छन् । नेपाली जस्तो पर्यटन पूर्वधारले भरिपूर्ण देश व्यवस्थापन पक्ष कमजोर हुँदा लथालिङ्ग अवस्थामा रहेको हिमाल, पहाड, तराईलाई विभिन्न उपमा दिएर तुलनात्मक रूपमा प्रस्तुत गर्दै यसलाई वेवस्ता गरेको कारण पर्यटन व्यवसाय र देश नै धरासायी अवस्थामा पुगेको भन्दै यसलाई व्यवस्थापन गर्छु समेत भनेका छन् । जडीबुटीले भरिपूर्ण नेपाल र उक्त बोटबिरुवालाई व्यवस्थित र संवर्द्धन गरी औषधीलाई आधुनिकीकरण गरेर औषधी उत्पादनको कारखाना खोल्ने र सुर्तीजन्य पदार्थलाई निर्मूल गर्ने भन्दै देशको प्रशंसा समेत गरेका छन् । यसरी नेपाली जनताले वेरोजगार र आर्थिक अभावले दिनदिनै भोकभोकै मर्नु परेको कुरा उल्लेख गर्दै यहाँका खेतीयोग्य जमिनमा मार्सिधान उत्पादन गर्नुपर्ने नेपालीले आत्मनिर्भर हुनुपर्ने सरकारी जग्गाहरूलाई व्यवस्थित गरी सुकुम्बासीहरूलाई व्यवस्थापन गर्नुपर्ने यसको लागि ज्यामी गोठाला हलीहरूले समान तवरले सुविधा पाउनुपर्ने भन्दै क्रान्तिको लागि आवह्‌‌‌न गर्दै क्रान्तिकारी विचार प्रस्तुत गरेका छन् । यस्तै गरी यातायात र सडकलाई समेत व्यवस्थित गनुपर्ने र भारतसँग जोड्ने रेलमार्ग बनाउने र विभिन्न ठाउँमा घरेलु विमानस्थल, स्थानीय उत्पादनलाई बजार व्यवस्थापन समेत गर्ने भन्दै मर्दाका मलामी र पर्दाका जन्ती छैनन् भन्दै यसको अन्त्य गर्नका लागि विदेशिएका नेपालीलाइ नेपाल फर्क, गाउँफर्क, घरफर्क भन्दै लेखकले कथावस्तुको अन्त्य गरेका छन् ।

प्रस्तुत उपन्यासमा नेपालमा विद्यमान विभिन्न समस्याहरूलाई विशेषगरी बेरोजगारी समस्या र यसले निमत्याएको दर्दनाक अवस्थालाई प्रस्तुत गरिएको छ । आर्थिक अभावले जेलेको नेपाललाई भएर पनि व्यवस्थापान गर्न नसक्नु, सम्बन्धित पक्षको ध्यान नजानुले गरिब गरिब बनेका र सम्भ्रान्त वर्गहरूको थिचोमिचोमा चेपिनु परेको कारुणिक अवस्थाहरू समेत साङ्केतिक र प्रमाणिक रूपमा प्रस्तुत गरिएको छ । आफन्तहरू प्रगतिको बाहक हुने र अवसरलाई लत्याइ दिने हुँदा सहनसिलताले चरमसीमा नागेको अवस्था प्रस्तुत गरिएको छ । जसरी शिलुलाई आफ्नो भनिने सम्बन्धको नाममा कलङ्क आफ्नै मामाको छोराले झुक्याएर बेचनुले मानवता हराएको दानवकारी व्यवहारको प्रतिनिधित्व गरेको छ । आर्थिक अभावका कारण कालुमान विदेशिन बाध्य छ । विदेशिएर नेपाल फर्किसके पछि पनि जिउँने दरविलो आधार नहुनु । आमा विरामी हुँदा उपचार गर्ने भरपर्दो अस्पताल गाउँमा नहुनु उपचारार्थ काठमाण्डौंसम्म पुऱ्याउनु अन्ततः आमाको मृत्युहुनुले कथावस्तु कारुणिक बनेको छ भने

त्यस अवस्थामा बेचिएर आएकी उसकी श्रीमती शिलुसँग भेट हुनु र उसले श्रीमतीलाई स्वीकार्नुले जोइपोइको सम्बन्ध विश्वास र भरोसामा अडेको हुन्छ भन्ने कुरा स्पष्ट देखाएको छ । अर्कोतर्फ लामो समयदेखि कालुमानले सपनालाई मन पराउनु पटकपटक प्रेम प्रस्ताव राख्नु सुरुमा सपनाले प्रेम प्रस्तावलाई स्वीकार गरे पनि आफ्नो जिम्मेवारी र कर्तव्यलाई नभुली अडिग रहनुले नारी क्षमतालाई प्रस्तुत गरेको छ । हरेक ठाउँमा सहयोगीपन देखाएर कालुमानलाई अगाडि बढ्ने प्रेरणाको स्रोत बन्नुका साथै कोमल र निस्वार्थी भावना भएकी पात्रका रूपमा प्रस्तुत भएकी छ सपना । जतीसुकै पैसा कमाए पनि अर्काको देशमा पसिना बगाएर पनि अन्तत आफ्नै माटोको माया हुने त्यही पसिना स्वदेशमा बगाए मोती फुलाउन सकिने हुँदा जे गरिन्छ देशमै गर्न र स्वदेश फर्कन समेत आवह्‌न गरेका छन् । विभिन्न स्वदेशी र विदेशी कुराहरूलाई तुलनात्मक अध्ययन गरी वैचारिक द्वन्द्व समेत उपन्यासमा प्रस्तुत भएको छ । सङ्घर्ष र अभावले मानिसका बाटाहरू अलगअलग बनाएतापनि अन्ततः कालुमान र शिलुको भेट भएर सुखान्त पक्षमा कथावस्तु अन्त्य भएको छ भने अन्त्यमा सोच खण्ड उल्लेख गर्दै विदेशमा रहेका नेपालीहरूलाई स्वदेशमै रोजगारीका विभिन्न माध्यम रहेको र यसलाई व्यवस्थापन गर्नुपर्ने भन्दै देशमा फर्कनको लागि आवह्‌न गरिएको छ ।

### ४.२.२ पात्र तथा चरित्र चित्रण

'घर फर्क' उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । आकारका दृष्टिले मध्यम स्तरको उपन्यास भएता पनि धेरै पात्रहरूको प्रयोग र चरित्र चित्रण गरिएको उपन्यास हो । यस उपन्यासमा विभिन्न प्रकारका पात्रको प्रयोग गरिएकोले बहुपात्रीय उपन्यास मान्न सकिन्छ । सङ्ख्यात्मक रूपमा धेरै पात्रको प्रयोग गरिएको भए पनि उपन्यासको पात्र कालुमानको चरित्रको चित्रण गर्नुले उसको केन्द्रीयतामा घटना घटेको छ । यस उपन्यासमा कालुमान, शिलु, सपना, तारागुरुमा, पूर्णमान, विक्रम, शोभा, टिका, सपनाका छोराछोरी, नारदमनि ढकाल, केशव, दुई बृद्ध आमा, साने, सानेकी श्रीमती, ज्यखे, प्रेम, छुनासाइली, रामाराम यादव, पत्रकार, डि आर पन्त, गोविन्द, सुधा, सुमन, गाइठकुरि लामा, सम्झना दिदी, राजु, अमर दाइ, जनम दाइ, भाउजु, सोमपाल, सोमपालको आमा, हर्कजङको बुबा, धनमान,मनमाया, विमला, खलासि हेमन्तको वाबु,पर्शुराम, हर्कजङ, निशा, कुसुम, हर्कजङको आमा मिना, धनमाया, मोहन, रोमन बुढा, याङजी तामाङ्ग, पोषण, सोनाम, पुजन, यशोदा, श्वेता, सीमा, राजन आदि पात्रहरु रहेका छन् । ती पात्रहरुलाई भूमिकाका आधारमा प्रमुख

सहायक र गौण प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल स्वभावको आधारमा स्थिर र गतिशिल जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत आसन्नताका आधारमा मञ्चीय नेपथ्य र आवद्धताका आधारमा बद्ध र मुक्तपात्रको प्रयोग गरिएको छ ।

### ४.२.२.१ कालुमान

कालुमान 'घर फर्क' उपन्यासको प्रमुख मन्चिय, अनुकूल,स्थिर पुरुष पात्र वा नायक हो । कालुमान शिलुको श्रीमान सपनाको प्रेमी, तारा गुरुमाको छोरोको रूपमा प्रस्तुत भएको छ । कालुमानले जीवनमा भोगेको विभिन्न पक्षको उद्घाटन गदै उसको धैर्यता, सहनशिलता, परिश्रमिपनको वास्तविक घटनाहरूले पूर्व दिप्ती र संस्मरणात्मक रूपमा उपन्यास निर्माण भएको छ । कालुमानकै सेरोफेरो उपन्यासको कथावस्तु अगाडि बढेको छ । उमेरले केही हदसम्म परिपक्क भएपछि घरको आर्थिक अवस्था मजबुत बनाउन र आफ्नो जिम्मेवारी बहन गदै वेरोजगारिले विलासिएको नेपाली समाजबाट मुक्तिको लागि सुन्दर सपना बोकेर दक्षिण कोरिया पुग्छ केही वर्ष मेहेनत र परिश्रम गरेर केही पैसा लिई नेपाल फर्कन्छ । विदेशिने क्रममा उसले आमा र श्रीमती लाई छोडेर गएको हुन्छ । यसले नेपाली समाज बेरोजगार र बाध्यात्मक परिस्थितिले कतिसम्म जकडिएको छ । भन्ने कुरा स्पष्ट देखाएको छ । नेपाली शिक्षा प्रणलीमा डिग्रीको प्रमाण पत्र हातमा बोकेर कालुमान बेरोजगारीको समस्याले विदेशिनु कतिसम्म लज्जास्पद कुरो हो भनेर व्याङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ । यस्तै गरी ऊ विदेशिने कममा आमाको कुरा समेत नसुनी विदेश जानुको विकल्प नदेखि विदेश जानुले दोहोरो चपेटा मा परेको छ । एकातर्फ श्रीमती अर्कोतर्फ वृद्ध आमा घर चलाउने जिम्मेवारी डिग्रीसम्म पढ्दाको खर्च सानै छदा बुबा बित्नु र आमाले दुख गरेर हुर्काउनु र विदेश जाने निष्कर्षमा पुग्नुले कथा कारुणिक बनेको छ ।

कालुमानले यौवन अवस्थामा प्रवेश गर्नुको साथै, स्वभावमा पनि असल मिजासिलो थियो । डिग्रीसम्म अध्ययन गरेको कालुमान परिवारप्रति जिम्मेवार र सचेत थियो । घरमा रहँदा आर्थिक अभावले छटपटिएको पात्रको रूपमा प्रस्तुत भएको छ । उ घर छोडेर हिडेपछि श्रीमती पनि माइत लाग्छे । उ विदेश मै हुँदा श्रीमती पोइला गएको हल्लाले उ स्तबध हुन्छ । उसको सुन्दर परिवारको परिकल्पना पनि बालुवाको पानि सरह हुन्छ । ऊ आफू खोको भएको महसुस गर्दै 'घर फर्क'न्छ । उसले सदरमुकाम र काठमाडौंमा समेत भिट्टा र घर त जोड्छ तर उसको गृहस्थ जीवन लथालिङ्ग बनेको हुन्छ । भने आमाले समेत

जिम्मेवार अरुकोही नभई कालुमान स्वयम भएको देखाउनाले उसलाई आत्म ग्लानी भएको बोध हुन्छ । अर्कोतर्फ उसको सपनासँग भेट हुन्छ । यो भेटले कालुमानको जीवनमा केही हदसम्म मलम पट्टिको काम त गर्छे तर पनि कालुमानको जीवन विसङ्गतनै बनि रहन्छ । यसले उ नेपाली समाजमा पिल्सिएको पुरुषको प्रतिनिधित्व गर्ने पात्र हो । जीवन बिताउने क्रममा अभाव र सङ्घर्षमा रुमलिदै अगाडि बढी रहेको छ । आमा बिरामी भए पश्चाप ऊ घर फर्काउने अभियानमा हिडेको कालुमान 'घर फर्क'न्छ  र आमालाई लिएर काठमाडौँ जान्छ । आफ्नो एक्लो जीवनमा समस्याले विछिप्त हुन्छ । आमाको उपचारमा लागि पर्छ । अन्तत सफल हुदैन । ऊ श्रीमतीबाट अलगिएको बाबुबाट सानैमा टुहुरो बनेको र आमाबाट पनि टुहुरो बन्न पुगेको कारुणिक पात्रको रूपमा प्रस्तुत भएको छ । आमाको किरिया बसेको बेला शिलुको छिमेकीले शिलु पोईला नगई दलालबाट वेचिएर माईतमा फर्किएपछिको कुरा सुनेपछि कालुमानलाई जीउने आड बढेको आभास हुनुले जीवन जिउने आट बड्नुले पति पत्निको सम्बन्ध कति सम्म मजबुत हुन्छ भन्ने देखाएको छ । आमाको सुधाईको लागि बसेको कालुमानसँग शिलुको भेट हुन्छ । कालुमान अत्यन्त खुसी हुन्छ ।  शिलु अगाडि घटेका सम्पूर्ण घटना सुनाउदै कालुमानले विगतमा भएका घटनालाई स्विकादै श्रीमतीलाई स्विकार्दछ । त्यस पश्चात उनीहरू आमाको सुदाई सकेर 'घर फर्क'न्छन् । अभाव र समस्याले परिवार विखण्डित बनाउछ  नै साथै त्यही अभाव र समस्यालाई समजदारीमा बदल्न सके खुसी परिवार बन्ने कुरामा कालुमान पात्रबाट स्पष्ट पारिएको छ । विदेशमा गएर पसिना बगाउनु भन्दा स्वदेशमै पसिना बगाएर मोति उब्जाउन सकिने भन्दै 'घर फर्क' अभियानमा लाग्नुले परिवर्तनशील क्रान्तिकारी विचारधारा समेत प्रस्तुत भएको पात्रको रूपमा चित्रण भएको छ ।

### ४.२.२.२ शिलु

कालुमानकी श्रीमती तारा गुरुमाकी बुहरीका रूपमा साहायक भूमिका निर्वाह गरेकी छ । ऊ स्थिर वर्गीय, अनुकूल, मञ्चीय, स्त्री पात्र हो । उपन्यासमा शिक्षित चरित्रको रूपमा प्रस्तुत छ पढाइको शिलशिलामा माथिल्लो कक्षादेखि कालुमानसँग अध्ययन गरी चिन्जान भए पश्चात उनीहरूको विवाह हुन्छ । परिवार धान्ने शिलशिलामा श्रीमान विदेश जाने सल्लाह गरी विदेश पठाउछे । यसले जिम्मेवारी वहनको झलको त दिन्छ । यधपि सासुलाई एक्लै छाडेर श्रीमान विदेशिए पछि माइत जानुले केही कमजोरपनको आभास हुन्छ । तत् पश्चात माइत  जाने क्रममा इलामको फिक्कलमा मामाको छोरासित भेट हुन्छ । ततकालिन

राजनैतिक अवस्थाको कारण गाडि बन्द हुन्छ । त्यसपछि भारतको बाटो हुदै उक्त ब्यक्तिले शिलुलाई बम्बईसम्म पुऱ्याइ बेचिदिन्छ यसरी बेचिदा समेत शिलुलाई पतो नहुनुले पढेर योग्य हुँदा समेत आम नारीले झेल्नु परेको चरित्रको चित्रण भएको छ । साथै छिट्टो विश्वास गर्ने नारी चरित्रको उत्घाटन भएको छ । उक्त कोठीमा रहदा सधै आफ्नो श्रीमान सम्झनु सपनामा पनि श्रीमान नै देख्नु त्यहाँबाट निष्कन हजारौ कोसिस गर्नुले पतिब्रता नारीको प्रतिनिधित्व समेत गरेको छ । अन्ततः उसलाई सोनाम दोर्जे दाईले चिनजान पश्चात त्यहाँबाट छुटाएको घटनाले नेपालीपनको झझल्को दिन्छ । ऊ त्यहाँबाट फर्किसकेपछि माईतमा शरण लिन पुग्छे यसरी ऊ सिधै घर नगई माईत जानुले महिलाको अन्तिम विकल्प र आस्थाको केन्द्र माइत नै रहेको समेत प्रस्तुत नारी पात्र मार्फत स्पष्ट हुन आउँछ । माइतमा पुग्दा बुबा आमा नहुनु दाजुले विश्वास नर्गनु जस्ता घटनाले शिलुमा आएको शारीरिक परिवर्तनलाई सङ्केत गरेको छ । यसरी कोठी जस्तो नर्कीय जीवनबाट आफू फर्कन सफल हुनुमा दोर्जे जस्तो मानवीयपन भएको नेपालीको प्रतिनिधित्व गरेका छन यसरी नेपाली जाति आफ्नो देश र देशका मान्छेलाई अति नै माया गर्ने त्यसकोलागि मरिमेट्टिने पात्रका रूपमा प्रस्तुत भएको छ नारीहरू विभिन्न प्रलोवनमा बेचिन पुग्ने र स्वदेश फर्कदा प्राणजन्य रोगहरू लिएर आउनु पर्ने घटनाले नारी सुरक्षामाथि प्रश्न चिन्ह खडा भएको छ । तत् पश्चात शिलु आफ्नो श्रीमानको खोजीमा लाग्छे शिलुको माईती पक्षको छिमेकी मान्छे मरेको मलामी जान्छ । कालुमानको आमाको समेत मृत्यु भएर उक्त ठाँउमा ल्याएको हुन्छ । साथै सो आर्य घाटमा कुराकानीको कममा कालुमानकी आमा भन्ने थाहा भए पछि उसले शिलुलाई सुनाउछ भने , शिलु कारुणिक अवस्थामा माईतीको शरणमा रहेको र दुःखी जीवनबिताई रहेको कुरा समेत कालुमानलाई सुनाउँछ । तत् पश्चात शिलु श्रीमान भेट्ने कालुमानले आमाको काम गरिरहेको ठाउँमा जान्छे । माईतीमा रहँदानै उसलाई एच आई भी पोजेटिभ भएको थाहा हुन्छ । उसले आफ्नो जीवनमा घटेका सम्पूर्ण घटनाहरू कालुमानलाई सुनाउदै म तिम्रो लागि योग्य छैन भन्छे यति हुँदाहुँदै पनि कालुमानले तिमीलाई स्विकार्छु भन्नु विगतमा जे भयो त्यसलाई भुलेर अघि बढनु पर्छ । भन्नु साथै यस्तो हुनुको सम्पूर्ण दोष आफूले नै गर्दा भएको भन्ने बताएर शिलुलाई स्विकार्नुले शिलु बाँच्नुको आधारत थपिएको छदै छ र उनीहरूको सच्चा प्रेम र विश्वास समेत गिरेको छैन । उनीहरू घर फर्किएका छन् , आमाको सुदाई गरेर असल बुहारीको भूमिका समेत निर्वाह गरेको छ । यसरी कालुमानको सुख दुःखमा साथ दिने ऊ कठिबद्ध छ

समाजको गलत सोचाईलाई समेत चुनौती दिएको छ । तत्कालिन समाज र समाजको कुविचार दृष्यात्मक रूपमा परिवतनको समबाहक बन्न सफल चरित्रका रूपका चित्रण छ ।

**४.२.२.३ तारागुरुमा (आमा )**

कालुमानकी आमा शिलुकी सासु तारागुरुमाका रूपमा यस उपन्यासकी अर्की नारी सत् अनुकूल मञ्चीय साहयक पात्रका रूपमा प्रस्तुत भएकी छ । उ श्रीमान् छोरो सानै छँदा मरेर एक्लो जीवन बिताउन बाध्य विधवा नारी पात्र हो कलिलो उमेरमा छोरो सानो छदा नै श्रीमान् गुमाएकी निडर शिक्षित स्वाभिमान पात्र हो । तारागुरुमाको सेरोफेरोमानै कथावस्तु अगाडि बढेको छ । पारिवारिक एक्लो जीवन भएपनि छोरोलाई राम्रो रेखदेख गरेर शिक्षा पनि पर्याप्त मात्राामा दिएको कथा वस्तुमा प्रस्तुत भएको छ । डिग्री सम्म अध्ययन गराएर छोरालाई स्वदेशमै केही गर्नु पर्छ भन्ने सन्देश दिने आमाको कर्तव्यपरायण भूमिका निर्वाह गरेकी छन् बुहारीको समस्यामा समेत साथदिने छोरो विदेशिन लाग्दा आफूपनि कलिलै उमेरमा विधवा भएको र बुहारीलाई समेत टाढा गएर नएकल्याउन आग्रह गर्ने शुसिल सासुको भूमिका निर्वाह गरेकी छन् सामान्य आर्थिक अवस्था भएता पनि शिक्षित श्रीमान्को मृत्यु हुँदा समेत कतिपनि नडगमगाई ताराले छोरो पाल्नु र पढाउनु उनको नारीमा क्षमता कति हुँदो रहेछ  भन्ने कुरा स्पष्ट पारेको देखिन्छ । आपतको बेलामा श्रीमान श्रीमती भन्दा एक अर्काको सहयोगी कोही नहुने भन्दै छोरीलाई सम्झाउने उनी उच्च मनोवल भएकी आमा हुन । उनको यो विचारले सामाजको सोचलाई नै चुनौती दिएको छ । श्रीमानको मृत्युले मानसिक छटपट्टि हुँदा समेत नडगमगाई सन्तानको जिम्मेवारी बहन गर्नु आत्मनिर्भर भएर बाँच्नुले मातृत्व क्षमता कतिसम्म प्रवल हुन्छ । भन्ने कुरा पुष्टि गरेको देखिन्छ विभिन्न व्याक्तिसगँ खुलेर कुरा राख्न सक्नु गाउँ समाजले जेसुकै कुरा भने तापनि गलत कुरा नसुनि आत्मनिर्णय गर्न सक्नु र छोरा बुहारीको लागि दरबिल्लो खम्वा बनेर अडिग रहनुले  निडर स्वभावको रूपमा प्रस्तुत भएकी छन् । छोरो विदेशिए पछि बुहारिको सहारा बनेकी तारा बुहारिको मनोवल नगिरोस मानसिक तनाव नहोस भनेर आत्मा शान्तिका लागि माईत पठाएर कतर्व्य परायण सासुको भूमिका निर्वाह गरेकी  छन् । नेपाली नारी समाजको शिक्षित महिलाको रूपमा प्रस्तुत भएको छ आफूले अन्धकारमा रहेका हजारौ बालवालिकालाई शिक्षा दिएर उज्यालो ज्वति छर्न् सफल भएकी छन् । मनमा हजारौ समस्याहरू बोकेर भएपनि  नेपाली ग्रामीण समाजको मेहनती साहसी सहनसील माध्यम वर्गीय महिलाको प्रतिनिधित्व गर्ने पात्र हो । उसले समाजको जागरुक नारीको प्रतिनिधित्व

गरेको पाइन्छ । उपन्यसको सुरुदेखि अन्त्य सम्म प्रयोग भएको यो चरित्रले उपन्यालाई उत्कर्षणमा पुर्याएको छ । श्रीमानको मृत्यु भएपनि आफ्नो अस्तित्वमा अडिग आत्म निर्भर, आत्मविश्वासी, स्वाभिमान नारीपात्रको रूपमा प्रस्तुत भएकी छन् । छोरो वैदेशिक रोजगारबाट घर फर्कि सकेपछि विदेशमा बगाउने पसिना स्वदेशमै बगाएर केही गर्नुपर्ने परजीवि नभई श्रमजीवी हुनुपर्ने ढिडोपिठो खाएपनि परिवारसगैं खुसी हुन सकिने हुनाले श्रमबेच्न नहुने र सम्पूर्ण नेपालीहरूलाई घर फर्काउने अभियानमा लाग्न छोरालाई उत्प्रेरणाको स्रोतका रूपमा प्रस्तुत भएकी छन् । विदेशमा विभिन्न श्रम शोषण हुने, मानसिक र शारीरिक शोषण हुने हुँदा त्यो श्रम र पसिनालाई सम्मानका साथ स्वदेशमै लगाउनु पर्ने कुरालाई जोड दिएकी छन् ।

### ४.२.२.४ सपना

कालुमानकी प्रेमिकाका रूपमा प्रस्तुत भएकी सपना निडर, स्वभिमानी, बचनवद्ध सत्पात्रका रूपमा प्रस्तुत भएकी नारी पात्र हो । उ शिक्षित महिलाका रूपमा समेत परिचित छ । कालुमानलाई सुरुदेखि अन्त्यसम्म सहयोग गर्ने सहयोगी भूमिका निर्वाह गरेकी छ । उसमा मानवता इमानदारिता, नैतिकता, जस्ता मानवीय गुण प्रसस्तै पाइन्छ । जवानीको उन्मातले छपक्कै ढाक्दा कतिपनि नडगमगाई नैतिकवान, चरित्रवान, नारी पात्र हो यस उपन्यासका साहयक मञ्चिय, स्थिर नारीपात्रका रूपमा प्रस्तुत भएकी छ । कालुमानको हरेक अप्ठेरोमा साथ दिएता पनि वैवाहिक सम्बन्ध भने गोविन्दसँग हुन पुगेको छ । व्यावहारिक पक्षमा अवल रहेकी साथीको लागि मरिमेट्ने स्वाभिमान नगुमाउने सबैको सम्मान गर्ने श्रीमानको मर्यादा राख्ने अनुकूल स्वाभावकी नारी पात्र हो । कालुमानलाई मन पराएता पनि नेपाली समाजमा रहेको परम्परा र संस्कारलाई त्याग्न नसकेकी त्यसको अनुशरण गरेर सस्कारलाई बचाएको पाइन्छ । सन्तानको जिम्मेवारी श्रीमानको मर्यादा परिवार प्रतिको कर्तव्य समेत पुरा गर्दै आफ्नो प्रेमिलाई असल साथीको रूपमा लिएर आफ्नो अस्तित्व समेत जोगाएर दुःखमा ज्यान दिएर सहयोग गर्नुले मित्रवत व्यवहार साथै शुसिल चरित्र चित्रण भएको छ । प्रेमीलाई सम्मान गदै व्यावहारिक रूपमा गोविन्द र उसको परिवारसगँ रहेता पनि तनमनले भने कालुमानका यादमा छटपट्टिएकी प्रेमिकाका रूपमा प्रस्तुत भएकी छ । कालुमानकी आमाको मृत्युको खबर सुनेपछि कालुमानलाई भेट्न लालयित सपनाले भेटेरै छोडनुले हट्टि नारी पात्रको रूपमा प्रस्तुत भएकी छ । वैचारिक रूपले साथ दिएकी छ कालुमानसँग प्रेम गरेता पनि विवाहसम्म पुग्नाले एकातर्फ आफ्नो

छोराछोरी त्याग्नु पर्ने अर्कोतर्फ कालुमानको समेत घर बिग्रने र सामाजिक प्रतिष्ठा समेत गुमाउनु पर्ने कुरा राम्ररी बुझेकी नारी पात्र हो । उसले यसो गर्नुको सट्टा आफ्नो इच्छा र चाहनालाई दमित गदै कालुमानलाई पटक पटक भेटेर सहयोगी भावना मार्फत आफ्ना चाहाना पूरा गरेको कुरा साङ्केतिक रूपमा प्रस्तुत भएको छ । उ आफ्नो विचार र सिद्धान्तबाट एक कदम पनि पछाडि नहटि अगाडि पढ्ने क्रान्तिकारी महिलाका रूपमा अगाडि बढेकी छ ।

### ४.२.२.५ उपन्यासका गौण पात्रहरू

'घर फर्क' बहुपात्रीय उपन्यास हो । उपन्यासको मूल कथावस्तुसँग सम्बद्ध नभएका पात्रहरूलाई गौण पात्र भनिन्छ । पूर्णमान (कालुमानको बुबा), विकम (कालुमानको मामा), शोभा (माइजू), टिका (मामाको छोरी), सपनाका छोराछोरी, नारदमनि ढकाल, केशव, दुई बृद्ध आमा, साने, सानेकीश्रीमती, ज्याखे, प्रेम, छुना साईली, रामराम यादव, पात्रकार डि आर पन्त, गोविन्द (सपनाको श्रीमान), सुधा,सुमन, गाईठकुरि लामा, सम्झना दिदी, राजु, अमर दाइ, जनम दाइ, भाउजु, सोमपाल, सोमपालको आमा, हर्कजङको बुबा, धनमान, मनमाया, विमला, खलासि, हेमन्तको बुबा, पर्शुराम, हर्कजङ्ग, निशा ,कुसुम, हर्कजङ्गको आमा, मिना, धनमाया, मोहन, रोमन बुढा,  याङजी तामाङ्ग, पोषण, सोनाम, पुजन (शिलुलाई बेचने दलाल मामाको छोरो), यशोदा, श्वेता, सीमा, राजन आदि पात्रहरू यस उपन्यासका गौणपात्रका रूपमा रहेका छन् । यसमा पुजन जस्तो निच सोच भएको खलनायक जहाँ आफ्नो फुपुको छोरीलाई पैसाको लालसमा लगेर बेचेको छ भने अर्कोतर्फ सोनाम दोर्जे दाजु जस्तो सत्पात्रले शिलुलाई नेपाल फर्काउन सहयोग गरि कथावस्तु तयार भएको छ । यसरी विभिन्न पात्रहरूको प्रयोग गरि समाजमा रहेका अन्याय थिचोमिचो, विसङ्गति, पीडा र शोषण दमनको चित्रण गर्दै उपन्यासलाई अनुकूल र प्रतिकूल पात्रको उपस्थिति गराई उपन्यासलाई उत्कर्षणमा पुऱ्याएको छ ।

### ४.२.३ "घर फर्क" उपन्यासको उद्देश्य

विभिन्न वर्ग र प्रवृत्तिका पात्रहरूको प्रयोग गरी समाजका कुसंस्कार बेथिति अन्याय अत्याचार, दमन, शोषण उत्पीडनको अन्त्य गरी समतामूलक समाजको निमार्णतर्फ अघिबढ्नु यस उपन्यासको उद्देश्य हो । नेपाली उपन्यास जगत्मा सामाजिक यथार्थवादी

धारालाई आत्मसाथ गरेर लेखिएको यस उपन्यासको प्रमुख उद्देश्य भनेको समाजमा रहेको कुसंस्कार कुरीति दमन शोषणलाई देखाउदै परिवर्तनको चाहाना राख्नु देखिन्छ ।

ग्रामीण समाजमा घटेका घटनालाई टिपेर जस्ताको तेस्तै उपन्यासमा उतार्न सफल भएका छन् । समाजका विभिन्न वर्ग र प्रवृत्तिका पात्रको प्रयोग भएको सफल उपन्यास मान्न सकिन्छ । कालुमानको जीवन भोगाइमा अनेक उतार चढाव आएको तर पनि धैर्यता र साहसले ऊ जिउन सफल देखिनुले उपन्यास सुखान्ततर्फ ढल्किएको छ । शिलु बेचिनु यौन शोषणमा पर्नु आफन्तले नै फसाउनु शिक्षित भएर पनि विदेशमा गएर श्रम बेच्नु पर्ने जस्ता दमन र शोषण अन्याय र अत्याचार लाई प्रस्तुत गर्दै नकारात्मक कुरा जरैदेखि फाल्नु पर्ने कुरा व्यक्त गर्नु उपन्यासको धेय हो । अहिलेका युवा युवती वर्गमा देखिने सस्तो प्रेमको पछाडि दौडिनेहरूका लागि यो उपन्यास सन्देशमुलक रहेको छ । प्रेमलाई सस्तो वास्नात्मक प्रेमका रूपमा नहेरेर सपनाले कालुमानलाई गरेको जस्तो आत्मिक प्रेम गरे दुर्घटनामा नपुग्ने कुरा तर्फ सङ्केत गरेको छ । शिक्षित भएर पनि रोजगारबाट बञ्चित हुनु भ्रमिक प्रेममा फस्नु बढ्दो सहरीकरणले मानिसको जीवन नर्कीय हुन पुगेको कुरा प्रस्तुत गरेको छ । "घर फर्क" नामक पात्र कष्टसँग नियती भोगेर पनि यो प्रधान पात्रको यथार्थपरक भोगाईको गाथा हो (देवी 'क्षेत्री' दुलाल २०७३ : ८) । यस उपन्यासमा कालुको जीवन अत्यन्त कारुणिक छ । उसको भाग्य लथालिङ्ग भएता पनि उठने र उठाउने सङ्कल्पमा लाग्नु उपन्यासको प्रमुख उद्देश्य हो । नेपाली समाजको दुई वर्ग बीच को असमनता नै नेपाली समाजको असमनताको वर्गीय द्वन्द्धलाई प्रस्तुत गरिएको छ । आफ्नो सुन्दर भविष्यको लागि सपना पूरा गर्न मान्छे लागि पर्नु पर्ने, ठक्कर खानु पर्ने यति हुँदा हुदै पनि मानिस असफल हुनुले कथा कारुणिक बनेको छ । यधपि मानवीय समस्या र कारुणिक अवस्थाको पहिचान गरी सफलतामा पुग्न कोशिस गर्नु पर्ने सन्देश यस उपन्यासले दिएको छ । 'घर फर्क' उपन्यास समस्या माथि समस्या भएको उपन्यास हो । युवाले गाउँ त्याग्दै एक्ल्याउदै गएका बृद्ध बृद्धा असाय मात्र रहेका स्वदेशको श्रमप्रति विरत्ति र उदाशिनता बढेको विदेशी भूमिको अन्धमोह बढेका कारणले सहरीकरण प्रति आकर्षण बढेको घटनाहरू प्रस्तुत छन समाजको मौलिक रूप चरित्र सबै खस्किदै गएकाले जातभात खुकुलिदै यौनाचारहरू भिन्न हुदै छन् यौन ज्यादा खुल्ला वस्तु बनेकोले दुर्घटना निम्तिएर भयावह स्थिति देखिएको छ । एकातर्फ रहर र अर्को तर्फ बाध्यात्मक परिस्थितिलाई द्वन्दात्मक रूपमा प्रस्तुत गर्दै दमित र शोषण भएर बाँच्नु पर्दा मनोवल त गिर्छ नै साथै उनीहरूको भविष्य कतातिर धकेलिएको छ भन्ने

कुरा देखाउन खोजिएको छ । विदेशमा बगाउनु पर्ने पसिना स्वदेशमै बगाउन सके स्वदेशमा दोहोरो फाईदा लिन सकिने । शिक्षालाई आधुनिकीकरण र व्यावसायिक शिक्षा दिन सके मानिस दासत्वबाट मुक्त हुन र यसको लागि कान्ति र वर्ग सङ्र्घष आफूबाट सुरु गर्ने कुरा समेत कालुमानवाट स्पष्ट पारिएको छ । यसरी विभिन्न बाध्याताले कालुको प्रेम भत्किएको छ । विवाह असफल भएको छ । धेरै साथीहरू विदेश पुगि मरेका छन् कोही एड्स जन्य रोगहरू लिएर आएका छन आमा एक्लिएकी छन्, श्रीमती टुटेकी छ , वियोगान्त अवस्थामा कोठीमा बाँच्न विवश छ । नेपाली जनता लुटिएका छन् ,कुटिएका छन्, अशिक्षित नारीहरूले यौनलाई सर्वस्व सम्भिmएका छन् । अशिक्षित पुरुषहरूले त्यसको उपभोगलाई सर्वस्व सम्भिmएकाले नैतिकताका सिमाहरू भत्किएका छन् समाजमा रहेका डरलाग्दा विकृति विसङ्गति जस्ता समस्या जल्दा वल्दा रहेकाले समाजले र निज व्यात्किले सचेत रहनु पर्ने कुरा स्पष्ट पारिएको छ । उपन्यासमा मनोविज्ञान प्रस्तुत गर्न समाजको विकृति विसङ्गतिलाई प्रस्तुत गरिएको छ । समाजको सत्य तथ्य घटनालाई कथावस्तु बनाएर समाजका निम्न वर्गका मानिसहरुलाई उच्च वर्गका मानिसहरूले गर्ने थिचोमिचोलाई आर्थिक अभावले सिर्जना गने वातावरण र परिस्थितिलाई प्रस्तुत गरेको छ । नेपालीहरूको मूल समस्यालाई प्रस्तुत गदै थुपै कालुमानहरु देशमा रहेको भन्दै तत्कालिन राज्य व्यावस्था र अवस्था प्रति व्याङ्ग्य गर्नु अर्को उद्देश्य हो । समाजका यथार्थलाई अगालेको हुनाले आलोचनात्मक यर्थाथवादी उपन्यास बन्न पुगेको छ । सामान्ती वर्गको शोषणले अमानवीय कर्ममा लागेका पुजन जस्ता अपराधीहरू बढेका छन् । शिलु जस्ता सोभmा साभmा फसेका छन् । दलालको फन्दामा परेर नर्कीय जीवन बिताउन बाध्य छन् यसरी समाजमा घटेका महिला हिंसा दमनलाई आलोचना गर्दै सुधारको अपेक्षा राख्नु उपन्यासको धेय हो । कयौं नेपाली सुन्दर सपना बोकेर विदेश जानुपर्ने तर काठको बाकसमा फर्किनु पर्ने भने कसैले फर्कदा बाबु आमा र परिवार गुमाउनु पर्ने श्रीमती पोइला जाने अर्काको देशमा मर्दा कुकुरको जति मान्यता नहुने र शवसम्म आर्थिक अभावले स्वदेशमा फर्काउन नसक्नुले दिनहिन नेपालिको प्रतिनिधित्व गरेको छ । उपन्यासमा जीवनका सुखत पक्षलाई भन्दा दःुख पिर मार्कामा परेका पीडा व्याथाका विषयवस्तुमा बढी केन्द्रित छ । जीवनमा आफूले केही गरेर जीवन सुखी र सम्पन्न पार्ने चाहाना र कल्पनामा सङ्घर्ष गर्दा पनि हजारौ ठक्कर खाएको र सफल हुन नसकेको घटनालाई उपन्यासको कथा वस्तुले बोलेको छ । मानवीय कष्ट र पीडालाई वास्तविक रूपमा उत्तार्ने कोशिस गरिएको छ । सामाजिक र आर्थिक

पारिवारिक पृष्ठभुमिलाई आधारविन्दु बनाएर लेखिएको यस उपन्यासमा 'घर फर्क' भन्ने विचार नै यस कृतिको मुटु हो । अभाव र पीडाले मानिसलाई जीउन त सिकाउँछ तर त्यहि मान्छे पैसा र ऐसको लागि दुनिया भुलिदिन्छ । कालो धनको लागि सुख उपभोग गर्नका लागि अमेरिका ,हंकङ्ग , जस्ता देशमा हाम त फाल्छन तर तिनै सुखहरू खतराको रातो बत्ति बनेर जीवन नर्कीय बन्न पुगेको घटना देखिएको छ । अनेक सङघर्ष र पीडा बोकेर पनि आफ्नो सन्तानलाई हुर्काउने अन्त्यमा एक्लो भएर जीउनु पर्ने नेपाली समाजको तत्कालिन समस्यालाई उपन्यासले चित्रण गरेको छ। अशिक्षित र गरिबी दुवै भएर नेपालीले यत्रो समस्या भाग्नु पर्ने देखाइएको छ । नारीहरूमा शिक्षाको कमीका कारण पुरुषहरूको लोलुपमा फस्तै गएको अवस्था देखाइएको छ। कालुकी आमा तारा जस्तो शिक्षित महिलाको खाँचो रहेको हरेक नारीलाई सम्मान गर्नुपर्ने आफूमा भएको ज्ञान र क्षमता देशमा लगानी गरी बेरोजगारको अन्त्य गर्दै सम्पूर्ण श्रम र क्षमता देशमै लगानी गर्नुपर्ने कुरा तारा पात्रबाट स्पष्ट पारिएकाले नारी शिक्षामा जोड दिनुपर्ने कुरा सङ्केत गरेको छ । अर्काकी भई सकेकी सपना सङ्ग प्रेम गर्नु अन्यत्र गइ सकेकी स्वास्नीलाई स्वीकार्नुले कथावस्तुमा केही उथलपुथल भने आएको छ । आफ्नो अभियानमा कालु कठिवद्ध भएर लागेता पनि त्यत्रो सफलता पाएको छैन । यस्तो हुनुले कुनै पनि काम एक्लै गर्न नसकिने यसको लागि ऐक्यवद्धता र साथको खाँचो पर्ने कुरा देखाउनु यसको उद्देश्य हो । आधुनिक सभ्यतासँगै मानिस स्वार्थी र भोगवादी बनेको छ । यसले मानिसलाई स्वार्थी र निर्दयी बनाएको छ । तथापी जे गरिन्छ, जति गरिन्छ, दुःख, सुख जे हुन्छ आफ्नै देशमा गर्नुपर्ने र सम्पूर्ण विदेशिएका नेपालीहरुलाई घर फर्काउन आवहान गर्नु नै यस उपन्यासको मुख्य उद्देश्य हो ।

### ४.२.४ 'घर फर्क' उपन्यासमा परिवेश

उपन्यासमा चरित्रचित्रणलाई सहज तथा जिवन्त बनाउन र कथावस्तुलाई मूर्त रूप दिने कार्यमा परिवेश चित्रणको महत्त्वपूर्ण भूमिका हुन्छ । यसलाई अर्को प्रकारले भन्दा जुनसुकै घट्नाहरू कुनै न कुनै स्थान, समय र वातावरणमा घटित हुन्छन् । त्यसका पात्रहरू कुनै न कुनै परिवेशको धरातलमा आश्रित हुन्छन् । घरफर्क उपन्यासमा इलाम पाँचथर, ताप्लेजुङ्ग, झापा, मोरङ्ग, काठमाण्डौं प्रत्यक्ष परिवेशको रूपमा प्रस्तुत छन् भने परोक्ष रूपले इजरायल, हङ्कङ्ग, मलेशिया, खाडीमुलुक ,अमेरिका ,बेलायत आदि पृष्ठभूमिमा स्थानिय परिवेशको चित्रण गरिएको छ । कालुमानले र उसको परिवारले तथा सम्पूर्ण नेपालीले भोगेको सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक जनजीवनको विविध पक्षको

चित्रण उपन्यासले गरेको छ । अशिक्षा, रुढीवादी, सोझोपन, ठालुपन, अन्धविश्वास, धोका, विश्वास, अठोट, सङ्घर्ष आदिले पाठकको माया, आँसु र हासोको झङ्कार प्रस्तुत गरेको छ । ताप्लेजुङको याम्फूदिनदेखि झापा ,मोरङ्ग हुँदै विभिन्न देशलाई परिवेश बनाएको छ । इलामको फिक्कल, झापा हुँदै काठमाण्डौं अस्पताल ,आर्यघाट, कोरिया हुँदै विभिन्न देशको सेरोफेरो नै उपन्यासको परिवेश बनेको छ । उपन्यासको सुरुवात कोरिया बाट कालुमान 'घर फर्के' पछि भएको छ । समाजको संस्कृति, पुरातनवादी परम्परा, रुढीवादी प्रथा, सहरमुखी मानसिकता, गर्भपतन जस्ता कुराको सामाजिक घटनाक्रमहरुको आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । कालु गरिबीमा थिचिएको पीडित पात्र हो भने उसको श्रीमती शिलु दलालबाट बेचेएकी, सामाजिक प्रतिष्ठा गुमाएको कारुणिक पात्र हो । वर्गीय असमानता र स्वार्थ बोकेको सड्यन्त्रकारी प्रवृतिका व्यक्तिहरूको गलत व्यवहार जालझेल, दमनकारी प्रवृत्तिलाई उपन्यासले व्यक्त गरेको छ । गरिब र बेरोजगारको चपेटामा परेर वैदेशिक रोजगारमा जानुपर्ने तर पनि अभावलाई मेट्न नसकिने घटनाले उपन्यासलाई कारुणिक अवस्थामा पुऱ्याएको छ । गरिबका झुपडी र तिनको दिनचार्य ठालुहरूको चुकली अभियान, प्रेमीहरूले गर्नुपर्ने सङ्घर्ष र बलिदान नेपालको शैक्षिक नीति, राजनैतिक अवस्था र बेरोजगारीको समस्या यसबाट उत्पन्न कठिनाई आदिको चित्रण यस उपन्यासमा गरिएको छ ।

यस उपन्यासकी शिलु र शिलु जस्ता थुप्रै पात्र समाजमा थिचिएका पीडित पात्र हुन् भने दलाली पुजन सौखिन र स्वार्थी पात्र हो । सुविधाले समाजलाई विकृती, विसङ्गतितर्फ धकेलिरहेको छ । विदेशिएका नेपाली काठको बाकसमा फर्कनु नारीहरू यौन शोषणमा पर्नु परिवार गुमाउनुले उपन्यास कारुणिक बनेको छ । जीवन विवहका लागि र सन्तानको सुन्दर भविष्य निर्माणका लागि हत्केलामा जीवन राखेर शिक्षादिक्षा दिदा समेत विदेशिनु पर्ने बाध्यत्मक परिवेश देखाउनु आजका आम निम्न वर्गीय परिवारको अवस्था जानकारी गराउनु हो । विदेशमा पसिना बगाएर अर्काको गुलामी गर्नु देशमा पढेको छ भन्दै सानुतिनु काम नगर्नु विदेमा भने ट्वाइलेट सफा गर्न समेत पछि नपर्नु जस्ता घटनाले देश र समाज कता जादै छ भन्ने परिवेशको चित्रण गर्न खोजेको पाइन्छ । सुन्दर सपना देखेर कालुसँग विवाह गरेकी शिलु, बेचिएर बम्बईको कोठीमा दिन विताइरहेकी निरिह महिलाको प्रतिनिधित्व गर्ने महिला हो । देवीक्षेत्री दुलाल सामाजिक यथार्थवादी लेखक तथा साहित्यकार हुन् । समाजमा घटेका घटनालाई सुक्ष्म रूपमा अध्ययन गरी आफ्नो सिर्जनामा प्रस्तुत गर्ने गर्दछन् । नेपाल

र विदेशका विभिन्न ठाउँहरूलाई छनौट गरी उपन्यास निर्माण गर्न सफल बनेका छन् । नेपाली समाजमा शिक्षित वर्गको तत्कालिन अवस्था महिलाको स्थान, राजनैतिक अवस्था, प्रशासनिक व्यवस्था र कानुनी व्यवस्थाले नेपाली जनतामा परेको प्रभाव, शैक्षिक व्यवस्थापन जस्ता कुरालाई उजागर गरेको छ । सहरीया र पैसावाल मानिसले गर्ने व्यवहार, उनीहरूको आचरण, स्वार्थी र अवसरवादी प्रवृतिले कालुमान जस्तो व्यक्तिलाई समस्यै समस्याले चेपेर बाँच्न मुस्किल रहेको कुरा प्रस्तुत भएको छ । कालुको बाबु सानै उमेरमा मर्नु, उसले डिग्रीसम्म अध्ययन गरेर पनि जागिर नपाउनु, विदेशिन बाध्य हुनु, फर्कदा श्रीमती नहुनु, आमा बिरामी हुँदा एक्लो हुनु र आमाको निधन हुनु जस्ता घटनाले उपन्यास मार्मिक बनेको छ । अन्त्यमा श्रीमतीसँग भेट हुनु र एड्सजन्य रोगले पीडित भएको घटनाले समाज विसङ्गति तिर धकेलिएर उपन्यास कारुणिक बनेको छ । कालुमान देश परिवर्तनको लागि ‘घर फर्क’ अभियानमा हिडेको छ । यसले तत्कालिन अवस्थालाई प्रस्तुत गरिएको छ । शिलु माइत जान हिड्दा गाडी बन्द हुनुले तत्कालिन सरकार र द्वन्द्वरत पक्ष बीच भएको असमझदारीको समयलाई सङ्केत गरेको पाइन्छ । यसरी घरफर्क उपन्यासमा समाजको थिचोमिचो, शैक्षिक नीति, सामाजिक, आर्थिक, घटनाक्रम, राजनैतिक व्यवस्थाहरूलाई विभिन्न सन्दर्भमा प्रस्तुत गर्दै विभिन्न ठाउँमा घटाएका घट्ना नै उपन्यासको परिवेश बनेर आएका छन् र ‘घर फर्क’ उपन्यास परिवेशका दृष्टिकोणले सफल मानिन्छ ।

### ४.२.५ ‘घर फर्क’ उपन्यासको भाषाशैली

‘घर फर्क’ उपन्यास सरलसहज भाषाशैलीको प्रयोग गरी लेखिएको उपन्यास हो । भाषा र शैली उपन्यासका दुई अलगअलग तत्त्व भएपनि प्राय यी दुवैलाई एकै ठाउँमा राखेर चर्चा गर्न सकिन्छ । भाषा उपन्यासकारको विचार र दृष्टिकोण प्रस्तुत गर्ने माध्यम हो भने शैली त्यसलाई प्रस्तुत गर्ने तरिका हो । घरफर्क उपन्यासको भाषाशैली अत्यन्तै सरल सहज छ । यो उपन्यासमा २४ परिच्छेद र सोच खण्ड प्रस्तुत गरिएको छ । निम्न वर्गीय नेपाली समाजको ग्रामीण जीवनको यथार्थ चित्रण भएको सरल स्वभाविक देखिन्छ । उपन्यासको आदि, मध्य र अन्त्यको पारस्परिक श्रृङ्खलामा उपन्यासको कथावस्तुका घटना क्रमहरू अगाडि बढेका छन् । यसको शैली वर्णनात्मक छ भने आवश्यकता अनुसार लेखकले व्याख्यात्मक र संवादात्मक शैलीको प्रयोग गर्दै व्याङ्ग्यात्मक शैली समेत प्रयोग गरेका छन् । आदि, मध्य र अन्त्यको क्रममा रहेका यस उपन्यासको कथावस्तुले रैखिक शैलीलाई

अङ्गीकार गर्दै तृतीय पुरुष प्रधान शैलीमा यसको रचना भएको छ । केही अंग्रेजी र तत्सम शब्दको र ठेट नेपाली शब्दको प्रयोग यसमा भएको देखिन्छ । "कहाँको जन्म कहाँको मरण- थुक्क क्यासिमा । जिम्मेको सन्तानले पनि हाम्रै हालत बेहोरेर मरोस् परमेश्वरा माई"(दुलाल ,२०७३ : ५७) । जस्ता उखानटुक्काले उपन्यासलाई रोचक बनाएको छ । उपन्यासमा घट्ने घटना र त्यसको वर्णनका लागि आवश्यक भाषागत संयोजनमा लेखकले ध्यान दिएकै छन् । शिलुको काण्ड र सपनासँगको सम्बन्धले उपन्यास नाटकीय जस्तो लागेता पनि घटना र त्यसको वर्णनमा कुनै किसिमको कृतिमता देखा पर्दैन । सामाजिक विषयवस्तुमा आधारित उपन्यासको भाषाशैली सरल, सरस, प्रभावमय र जीवन्त छ । उपन्यासमा पात्रको स्तर, विषयवस्तु अनुकूल भाषाको प्रयोग गरिएको छ । उपन्यासको कालुका माध्यमबाट उसका जीवनमा घटेका सुख दुःख, रोदन, पीडा समेटेर कथावस्तु तयार भएको छ । प्रासङ्गिक घटनामा विभिन्न व्यक्ति सङ्गको कुराकानी संवादात्मक शैली अपनाएको भएता पनि सम्पूर्ण उपन्यासले तत्कालिन राज्य व्यवस्था, आर्थिक, शैक्षिक अवस्था, सामन्ती प्रवृत्ति, विकृति, विसङ्गती र नेपाली समाजको यथार्थ परिवेश प्रस्तुत गर्दै व्यङ्ग्यात्मक शैली समेत प्रस्तुत गरेको छ । यसरी कथावस्तु सुहाउँदो भाषाशैलीको प्रयोगले 'घर फर्क' उपन्यास सफल भएको मान्न सकिन्छ ।

### ४.२.६ 'घर फर्क' उपन्यासमा दृष्टिविन्दु

यस उपन्यासको प्रमुखपात्र कालुमानको कथा व्यथा प्रस्तुत भएको छ । उपन्यासको सम्पूर्ण कथानकमा कथायिता स्वयम् लेखक हुन् । उनले उपन्यासमा बाहिर रहेर दृष्य र मानव जीवनको अध्ययन गरेका छन् । यस उपन्यासमा तृतीय पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । यहाँ पात्रमा सीमित नरहेर सर्वज्ञ भइ प्रस्तुत भएकाले बाह्य तृतीय सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.२.७ 'घर फर्क' उपन्यासको निष्कर्ष

यसरी लामो समयदेखि समाजका विभिन्न समस्यालाई नजिकबाट नियाल्दै तिनलाई साहित्य मार्फत बाहिर ल्याउन सफल दुलाललाई कथावस्तु खोज्न एकान्तमा बस्नु पर्दैन । समाजमा घटेका तत्कालिन घटना नै उपन्यासका विषयवस्तु बनाएका छन् । सामाजिक यथार्थलाई विषयवस्तु बनाएर लेखिएको दुलालको ''घर फर्क'' अर्को उत्कृष्ट उपन्यास हो प्रारम्भदेखि अन्त्यसम्म कालुको जीवनमा विभिन्न घटना घटेका छन् । यिनै ठक्कर र

हण्डरले  सम्पूर्ण नेपालीलाई स्वदेश अर्थात घर फर्काउनेमा उपन्यासको कथावस्तु केन्द्रित छ । कालुको धैर्यता, साहस र सहनशीलतालाई प्रस्तुत गरेको छ । समाजमा हुने सामन्ती वर्गको विरोध गर्दै, आर्थिक र शैक्षिक क्रान्तिमा लाग्ने सन्देश यस उपन्यासले दिएको छ । 'घर फर्क' उपन्यासमा जीवनमा आइपर्ने विभिन्न प्रकारका शैक्षिक, राजनैतिक, बेरोजगारी, नारी समस्या, कुरीति, विसङ्गति, अन्ध परम्परा, दमनको अवस्थालाई विषयवस्तु बनाएका छन् । पात्रमा देखिएका मानसिक, सामाजिक चेतना र अवस्थाको चित्रण गर्न खोजिएको छ । गरिबीको रेखामुनी बस्न बाध्य नेपालीको यथार्थ चित्रण गरिएको छ । यसरी विकृतिमूलक अवस्थाबाट हाम्रो समाजलाई मुक्त गर्नु पर्दछ । समानतामूलक जीवन जिउन पाउनु पर्दछ । आफ्नो श्रम र पसिना विदेशमा नभइ स्वदेशमा बगाउनु पर्दछ । यसको लागि 'घर फर्क'नु पर्दछ भन्ने धारणा प्रस्तुत उपन्यासमा कथाका रूपमा आएको छ । मानिसले पीडा र दुःखलाई विविध किसिमले सामधान गर्नुपर्ने रहेछ मान्छेको दास समय नभइ समयको दास मान्छे बन्नु पर्ने रहेछ । यहाँ शिक्षित भएर पनि पशु सरह बेचिनु पर्ने, देशको घिनलाग्दो राजनैतिक अवस्थाका कारण सरणार्थी बनेर अर्काको देशमा शरण लिनुपर्ने जस्ता बाध्यता र अभावमा पिल्सिएका वर्गीय पात्र र बुढेसकालमा समेत साहारा नपाएका वृद्धाहरूको साथै चाहेर पनि परिस्थितिले आफ्नो प्रेम गुमाउनु परेका प्रेमी पात्रहरूको विश्लेषण गर्दै यसको सम्पूर्ण कारण र जिम्मेवार वेराजगार र विदेशिनु साथै, फितलो राजनैतिक व्यवस्था भएको भन्दै ''घर फर्क'' अभियानमा जुटेर सभ्य समाजको निर्माणमा सबैले जुट्नु पर्ने विचार राख्नु यसको उद्देश्य हो ।

*

# पाँचौ परिच्छेद

# उपसंहार एवम् निष्कर्ष

देवी 'क्षेत्री' दुलालका उपन्यासको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदमा 'शोधप्रस्ताव' प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा देवी 'क्षेत्री' दुलालको परिचय र साहित्यिक यात्रा' तेस्रो परिच्छेदमा 'उपन्यासका सैद्धान्तिक पक्षको अध्ययन' चौथो परिच्छेदमा 'औपन्यासिक तत्वका आधारमा 'घर फर्क' उपन्यासको कृतिपरक अध्ययन' तथा पाँचौ परिच्छेदमा 'उपसंहार एवम् निष्कर्ष' यी खण्डमा प्रस्तुत छन् ।

२०२८ साल बैशाख ५ गते स्व.पिता सनमान दुलाल र माता लीलादेवी दुलालको कोखबाट तेह्रौ सन्तानका रूपमा लुङ्रुपा २ मकैबारीमा जन्मिएका देवी 'क्षेत्री' दुलालको बाल्यकाल आर्थिक अभावमा नै बितेको थियो । उनका बाह्रजना दाजुभाइ र दुई जना दिदी रहेका छन् । यिनको बाल्यकाल आफ्नै जन्मभूमिमा आफ्ना दैतरीसँग बितेको थियो । दाजुभाई तथा दिदीबहिनी धेरै भएको कारण बाल्यकाल खासै सुखद थिएन् । धेरै साथीभाइ बनाउन रुचाउने र नयाँ कुरा जान्न उत्सुक हुने स्वभावका थिए । उनको औपचारिक शिक्षा करिव सात वर्षको उमेरबाट वि.सं. २०३५ सालदेखि श्री सिंहसिद्ध देवी प्राथमिक विद्यालय लुङ्रुपा २ जरबुट्टेबाट भएको हो । सो स्कुलमा कक्षा ५ सम्म उर्तीण गरे पश्चात स्कुल अभावका कारण २ वर्षसम्म औपचारिक शिक्षा लिनबाट बञ्चित भए तत्पश्चात् २ वर्षपछि श्री सिंहदेवी प्रस्तावित मा.वि. पिपलबोटे बाट कक्षा १० सम्मको अध्ययन गरे । वि.सं. २०४८ पश्चात उनले म.र.व. क्याम्पस इलामबाट उच्च शिक्षा सुरु गरी स्नातक तहसम्मको अध्ययन पुरा गरे भने त्रि.वि.वि.बाट स्नातकोत्तर तहको अध्ययन २०५७ मा पूरा गरे । दुलालले २०६७ मा नेपालको छापामा राजनीतिक प्रभाव शीर्षकमा विद्यावारिधि समेत पुरा गरी औपचारिक शिक्षा टुङ्गिएको देखिन्छ । दुलालका श्रीमती र दुई छोराछोरी छन् । हाल उनी आफ्नो नीजि घर इलाममा बस्तै आएको छन् ।

बहुविद्यामा कलम चलाउने बहुप्रतिभाका धनि व्यक्ति दुलाल साहित्यिक र साहित्यत्तर व्यक्तित्त्व महत्त्वपूर्ण छ । अत्यन्त सरल र मिजासिलो स्वभावका दुलाल त्यतिकै इमान्दार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरन मै सन्तुष्ट हुने

यिनी साहित्य सृजना, पत्रकारिता, समाजसेवा, चिन्तनमनन् अनुसन्धान, साहित्यिक तथा वैचारिक अध्यायनमा रुचि राख्छन् । दुलाले नेपाली साहित्य जगत्मा नाटक, एकाङ्की, कथा, कविता, मुक्तक, उपन्यास आदि विभिन्न क्षेत्रमा कलम चलाएका छन् । यी विविध विधामध्ये उनको उपन्यास विद्या निकै अगाडि देखिन्छ । उनले हालसम्म साहित्यिक कृतिहरू प्रकाशित गरिसकेका छन् । उनको कार्यक्षेत्रका दृष्टिले पत्रकारिता पेशा मुख्य भएता पनि सहायक रूपमा साहित्यिक रचनाका क्षेत्रमा सम्लग्न भएका व्यक्ति हुन् । यिनले २०४४ सालदेखि साहित्यिक यात्रा सुरुवात गरेको पाइन्छ । साहित्यिक कृतिहरूमा तत्कालिन समय परिवेशको सामाजिक राजनैतिक घटनालाई विषयवस्तु बनाएर, सामाजिक विकृति, विसङ्गति प्रति तिखो व्यङ्ग्य प्रहार गर्न सफल देखिन्छन् । उनीसँग साहित्यिक जीवन, राजनैतिक जीवन, सामाजिक जीवन, पत्रकारिता जीवन, लेखक जीवन आदिको अनुभव रहेको छ ।

अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक, बैद्धिक व्यक्तित्त्वका रूपमा रहेका छन् । यिनको देशका सामाजिक, साँस्कृतिक, राजनैतिक, लेखकीय साथै अनेक संघसंस्थामा समेत ठूलो भूमिका रहेको देखिन्छ । उनले नेपालमा विभिन्न ६८ जिल्लाको भ्रमण गरेका छन् भने पत्रकारिता विषयको अध्ययनका सिलसिलामा पाकिस्तान र भारतको समेत अध्ययन गरेका छन् ।

आख्यानतत्त्व प्रवल भएको र जीवनका सत्य विम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विद्यालाई उपन्यास भनिन्छ । तेस्रो परिच्छेदमा उपन्यासको सैद्धान्तिक पक्ष र विभिन्न विद्धावानले दिएको परिभाषा उल्लेख गरिएको छ । उपन्यासको विकासक्रम, विभिन्न आधारमा उपन्यासको वर्गीकरण र अन्य विद्यासँगको तुलना प्रस्तुत गरिएको छ । उपन्यास तत्त्वका सम्बन्धमा विभिन्न विद्वानको भिन्न धारणा भएता पनि उनीहरुको तत्त्वगत धारणाका आधारबाट हेर्दा उपन्यासका तत्त्वहरू कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषाशैली र दृष्टिविन्दु हुन् । यिनै तत्त्वलाई उपन्यासकार देवी 'क्षेत्री' दुलालको ''घर फर्क'' उपन्यासको विश्लेषण गर्ने मुख्य आधार बनाइएको छ ।

उपन्यासकार देवी 'क्षेत्री' दुलालको ''घर फर्क'' २०७३ ब्रदरबुक्स प्रकाशन प्रा.लि.ले प्रकाशन गरेको प्रथम संस्करण हो । १९९ पृष्ठमा संरचित यो उपन्यास २४ खण्डमा संरचित छ । यस उपन्यासले नेपाली समाजलाई परिवेश बनाएको र वर्गीय समाजको प्रतिनिधित्व गरेको छ । वर्तमान समयमा नेपालीले भोगीरहनु पर्ने पीडा, दुःखकष्ट,

सामाजिक विकृति, अन्याय, अत्याचार आदिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । आर्थिक अवस्था कमजोर भएका कारण र बेरोजगारीको समस्याले विदेशिनु पर्ने अवस्था र यसबाट पर्ने प्रभावका बारेमा उल्लेख गरिएको छ । आर्थिक स्थिति कमजोर भएकाले आर्थिक गुजारा चलाउन जतिसुकै कठिन काम गर्न समेत तयार हुनुपर्ने अवस्था यहाँ चर्चा गरिएको छ । यदी कसैले सच्चा र आत्मिक प्रेम गर्दछ भने जस्तो सुकै कठिन र बाध्यात्मक अवस्थालाई झेलेर भए पनि एक दिन अवस्य भेट त हुन्छ तर बाध्यता र विवसताले अलगिनु पर्ने अवस्था देखाइएको छ । अशिक्षा र बेरोजगारले मानिस विकृत हुने यसरी समाजमा देखिएका विभिन्न असमानतालाई पहिल्याउँदै समानता कायम गर्नु पर्दछ । यस्ता समाजलाई विखण्डन ल्याउने तत्त्वहरूको जरो उखेलेर फाल्नु पर्ने सन्देश दिन खोजिएको छ । यसरी समाजमा देखिएका यथार्थपक्षको चित्रण गर्दै परिवर्तनशील समाजको परिकल्पना गरिएको छ । लाखौं पैसा खर्च गरेर अध्ययन गर्नु पर्ने अन्ततः बेरोजगारको समस्याले पिल्सिएर विदेशिनु पर्ने, महिलाले यौनजन्य हिंसाको सिकार हुनु पर्ने आर्थिक अभावमा पिल्सिएर परिवार नै गुमाउनु पर्ने, वृद्धबाबु आमालाई एक्लो छोड्नु पर्ने जस्ता सामाजिक घटनाक्रमहरूको प्रस्तुतिले उपन्यास सामाजिक यथार्थवादी बनेको छ । यसरी उनले समाजका विभिन्न पक्षहरूलाई नियालेर कृति रचना गरेकाले उनी समाजवादी लेखक मान्न सकिन्छ । मान्छेका चाहाना, आवश्यकता, मानवीय अस्मिता, पीडा कुण्ठालाई प्रस्तुत गरेका छन् । समाजका यस्ता विसङ्गत पक्षलाई अन्त्य गर्दै स्वस्थ्य सवल समाजको निर्माणमा लाग्नुपर्ने सन्देश प्रस्तुत गरेका छन् । सामाजिक र लेखकीय पेशालाई अगाल्दै साहित्य सेवामा तत्कालिन दुलालको 'घरफर्क' उपन्यास महत्त्वपूर्ण कृति हो । यसले समाजका विभिन्न पक्षलाई उत्घोष गरेको छ । असम्भवलाई सम्भव गराउन खोज्दा धेरै कुरा गुमाउनु पर्ने हुन्छ तर निरन्तर लागे सफल हुने अपेक्षा उनका कृतिमा पाइन्छ वर्गीय शोषण र आर्थिक क्रान्तितर्फ कृति उन्मुख रहेको पाइन्छ भन्ने निष्कर्ष निष्कन्छ ।

पाँचौ परिच्छेदमा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा उनको यो उपन्यासले नेपाली साहित्यमा सामाजिक यथार्थवादी एवम् प्रगतिशील सोचलाई उदाहरणीय रूपमा प्रस्तुत गरेको छ । दुलालले आख्यानका माध्यमबाट नेपाली राजनीतिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिलाई प्रस्ट्याउन सफल भएका छन् । नेपाली आख्यान साहित्यमा आफूलाई सामाजिक यथार्थवादी एवम् प्रगतिवादी लेखकका रूपमा स्थापित गराउँदै आफ्नो आख्यानकारितालाई वर्तमानसम्म

प्रवाहशिल, आकर्षक र प्रभावकारी बनाइ सकेका छन् । उनका उपन्यासको भाषा सरल, सहज र सुबोध रहेको छ ।

यसरी उनको परिचयदेखि निष्कर्षसम्म आइपुग्दा उनका उपन्यासमा वर्गीय पात्रको प्रयोग, समाजका विसङ्गतीको उद्घाटन, नारीपात्रको मनोदशा, विभिन्न कारणले समाजमा हुने अप्ठेरा, भय र त्रासमा बाँच्नु पर्ने, आर्थिक अभावले निम्त्याउने विभिन्न भयानक अवस्था वर्गीय थिचोमिचो, बेरोजगारी, दमन, शोषण, शैक्षिक विकृति जस्ता सामाजिक यथार्थवादी धाराका प्रवृत्ति उनका उपन्यासमा प्रशस्तै प्रस्तुत भएको कुरा माथि उल्लेख भएकाले उनी सामाजिक उपन्यासकार हुन् भन्ने कुरा प्रष्ट हुन्छ । यसरी सामाजिक समस्या र विकृतिलाई विषयवस्तु बनाएर समाज परिवर्तनको चाहाना राख्ने यस्ता सामाजिक उपन्यासहरूको अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी कृति भित्र रहेका विविध कुराहरूलाई बाहिर ल्याएर लेखकलाई हौसला र पाठकलाई प्रेरणा प्राप्त गर्न सहयोग पुऱ्याउने छ । यी विभिन्न कारणले देवी 'क्षेत्री' दुलाललाई एक सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा लिन सकिन्छ ।

*

## सम्भावित शोध शीर्षकहरू

देवी 'क्षेत्री' दुलालका विभिन्न कृतिहरूका सन्दर्भमा आगामी समयमा अध्यायन गर्न चाहने शोधार्थीहरूको लागि निम्न सम्भावित शोध शीर्षकहरू प्रस्तुत गरिन्छ ।

१. नारीवादी दृष्टीकोणबाट दुलालको "घर फर्क" उपन्यासको अध्ययन

२. देवी 'क्षेत्री' दुलालको "घर फर्क" उपन्यासमा पात्र विधान

३. परिवेश चित्रणका दृष्टिले दुलालका कृतिहरूको अध्ययन

४. समाजपरक दृष्टीकोणबाट दुलालका उपन्यासको अध्ययन

# सन्दर्भग्रन्थ सूची


अधिकारी, भिमप्रसाद (२०७०) *साहित्यकार भानुभक्त सिटौलाको 'आत्मिक प्रेम' उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम ।

घिमिरे, कमला (२०७५) *गुरुङ् रामप्रकाश समथिङ्का पाँच प्रतिनिधि उपन्यासको तत्वगत आधारमा अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* महेन्द्ररत्न बहुमुखी क्याम्पस,नेपाली विभाग इलाम ।

चापागाई, इन्दिरा देवी (२०७०) *यथार्थवादी दृष्टिकोण बाट देवी क्षेत्री दुलालका नाटक एकाङ्कीहरुको अध्ययन विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* महेन्द्ररत्न बहुमुखी क्याम्पस नेपाली विभाग इलाम ।

दुलाल, देवी क्षेत्री (२०६०) *रङधोजी,* काठमाडौं : प्रिन्ट टेक मैतिदेवी ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०५८) *नेपाली बृहद् शब्दकोश,* काठमाडौं ।

न्यौपाने, नेत्रप्रसाद, शर्मा नारायणप्रसाद (२०६१) *नेपाली कथा र उपन्यास,* काठमाण्डौंः साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१) *नेपाली उपन्यास र उपन्यासकारहरू (ते.सं.),* ललितपुरः साझा प्रकाशन ।

बराल, कृष्णहरि, एटम नेत्र (२०६६) *उपन्यासको विश्लेषण,* ललितपुर : साझा प्रकाशन ।

बस्नेत, कृष्णबहादुर (२०५९) *आधुनिक नेपाली उपन्यास,* काठमाडौं दीक्षान्त पुस्तक भन्डार ।

भट्टराई, योगनिधि (२०५६) *साहित्यकार देवी 'क्षेत्री' दुलालको जीवनी, व्याक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम ।

सुवेदी, राजेन्द्र (२०६४) *नेपाली उपन्यास परम्परा र प्रवृत्ति दोस्रो संस्करण* ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, डा. लक्ष्मण प्रसाद गौतम (२०६८) *रत्न बृहत नेपाली समालोचना,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुईटेल (२०५५) *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।